## परिच्छेद -एक

# शोधपरिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सर्वजा उपन्यासको कृतिपरक अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ विषयपरिचय

वि.सं. २००१ वैशाख १ गतेका दिन इलाम जिल्लाअन्तर्गतको देवानछाप भन्ने ठाउँमा जन्मेका तेजराज खतिवडाको साहित्यिक नाम 'तेराख' हो । नेपाली साहित्यका कविता, आख्यान, नाटक, निबन्धजस्ता विविध विधामा प्रवृत्त रहेका खतिवडा चिन्तकका रूपमा समेत देखिएका छन् । **रातको बाह्र बजे** (लघु उपन्यासः २०५६) र **सर्वजा** (२०६०) उपन्यासमार्फत् उपन्यासकारका रूपमा परिचित हुन पुगेका खतिवडाका उपन्यासमा विविध विषयवस्तुको प्रयोग भएका छन् । सिर्जन क्षमता एवम् विविध चिन्तन र दर्शनको गहिराई समेतलाई ध्यान दिँदा उनको उपन्यासगत वैशिष्ट्य सर्वजा उपन्यासले स्थापना गरेको देखिन्छ । सर्वजा नेपाली उपन्यास परम्परामा समसामयिक मूल्यलाई आत्मसात् गरेर लेखिएको प्रयोगमूलक उपन्यास हो । सृष्टिरचनाको विविधीकरण रूपान्तरणलाई व्यक्त गर्दै सर्वजा चिन्तनदर्शनका रूपमा प्रस्तुत गरिएको छ । परम्परागत लेखनलाई मोडी नयाँ बाटो खन्नु कम चुनौतिपूर्ण काम होइन जुन उपन्यासकार तेजराज खतिवडाले सहजै प्रस्तुत गरेका छन् । यसरी हेर्दा प्रस्तुत उपन्यासका बारेमा पर्याप्त अध्ययन हुनु नेपाली साहित्यका लागि फलदायी हुने देखिन्छ ।

### १.४ समस्याकथन

**सर्वजा** (२०६०) उपन्यास नवचेतनात्मक मूल्य आत्मसात् गर्दै विविध धर्म, दर्शन, चिन्तनसँग सम्बन्धित विषयवस्तु समेट्न सफल भए पनि यसका बारेमा छिटफुट रूपमा पत्रपत्रिका तथा पुस्तकमा नामोल्लेख र चर्चापरिचर्चा भए पनि यसको पूर्ण अध्ययन हुन बाँकी नै छ । त्यसैले यसको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधकार्यको मूल समस्याहरूको निराकरण गर्नु हो । प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूसँग सम्बन्धित रहेको छ -

(क) तेजराज खतिवडाको जीवनी र साहित्यिक यात्रा के कस्तो छ ?

(ख) **सर्वजा** उपन्यासको विषयवस्तु र त्यसको संयोजन कसरी गरिएको छ ?

(ग) **सर्वजा** उपन्यासको वैशिष्ट्य के हो ?

(घ) **सर्वजा** उपन्यासको मूलभूत प्राप्ति के हो ?

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य उपन्यासकार 'तेराख' र सर्वजा उपन्यासमा केन्द्रित रही समस्याकथनमा उठाइएका समस्याहरूको खोजी गर्नु हो । बुँदागत रूपमा भन्नुपर्दा प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार रहेका छन् -

(क) तेजराज खतिवडाको जीवनी र साहित्यिक यात्राको निरूपण गर्नु ।

(ख) **सर्वजा** उपन्यासको विषयवस्तु र त्यसको संयोजनबारे अध्ययन गर्नु ।

(ग) नेपाली उपन्यास परम्परामा **सर्वजा** उपन्यासको वैशिष्ट्य निर्धारण गर्नु ।

(घ) नेपाली उपन्यास परम्परामा **सर्वजा** उपन्यासको मूलभूत प्राप्ति निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको विवरण

नेपाली उपन्यास परम्परामा 'तेराख'को **सर्वजा** एक सफल नवचेतनात्मक उपन्यास हो । विभिन्न विद्वान्ले विभिन्न समयमा यस उपन्यासको सामान्य अध्ययन, मूल्याङ्कन गरेको पाइन्छ । विभिन्न पुस्तक एवम् पत्रपत्रिकाहरूमा रहेका समीक्षा र टीकाटिप्पणीहरूलाई कालक्रमअनुसार प्रस्तुत गरिएको छ -

- धनराज गिरीले **मय विधाको प्रस्तावना, सङ्क्षिप्त चर्चा** (२०६०, पृ. ३) पुस्तकमा उल्लेख गरेका छन् -"मैले सर्वजाभित्र 'तेराख' र 'तेराख'भित्र सर्वजा पाएँ । जीवनमा कतिवटा उपन्यासहरू पढिए थाहा भएन, तर सर्वजाले यौटा नौलो स्वाद चखायो। सर्वजासँगै मैले पनि विश्व भ्रमण गरे मन थामिएन र सर्वजालाई कवितामा उतार्ने दुस्साहस गरे" ।
- गोविन्दराज भट्टराईले **सर्वजा** (२०६०) उपन्यासको भूमिकामा सर्वजाले अङ्गालेको विषयवस्तुलाई नेपाली औपन्यासिक जगत्मा अद्वितीय मान्दै उपन्यासबारे भन्छन् -
- "'तेराख'को सर्वजा एउटा अत्यन्तै शक्तिशाली, अत्यन्तै मौलिक, अत्यन्तै नौलो कृति हो । यसप्रकारको उपन्यासलाई उच्चकोटी राष्ट्रिय साहित्यसँग मात्र तुलना गर्न

सकिन्छ । यसको युगान्तकारी सन्देश र त्यो सन्देश उत्पन्न गर्न बुनिएको मनोविश्लेषणात्मक, दार्शनिक, जैविक र आध्यात्मिक परिवेश अतुलनीय छ ।"

- गोविन्दराज भट्टराईले 'नेपाली उपन्यासमा उत्तरआधुनिकताको चेतना' (**पश्चिमी बलैंसीका बाछिटा**, २०६१: पृ. २४७) शीर्षक लेखमा उल्लेख गरेका छन् - 'तेराख'को हालै प्रकाशित सर्वजा पनि नयाँ परिप्रेक्ष्यको एक उत्कृष्ट उपन्यास हो । यो एउटा मौलिक प्रकृतिको पूर्वीय आध्यात्मिक चिन्तनका झिल्काले भरिएको सर्वसमन्वयवादी, मानवतावादी र नारीवादी उपन्यास हो ।"

- राजेन्द्र सुवेदीले 'सर्वजा उपन्यास नवचेतनात्मक मूल्यका सन्दर्भमा' (**कुञ्जिनी** २०६२/६३, पृ. २०) लेखमा उल्लेख गरेका छन्-"वस्तुचिन्तन र शिल्पजस्ता सबै पक्षहरूलाई खतिवडाको सर्वजाले प्रस्तुत गरेको छ । वर्तमानको विभग्न परिवेश व्यापकता र सङ्क्षिप्ततामा जीवन भोग्ने मान्छेका चिन्तनलाई र मान्छेको स्वैरकल्पनात्मक जीवन भोग्ने यात्रालाई पाठकसमक्ष लेखक स्वयम् भोक्ता बनेर उपस्थित भएको छ । पाठक स्वयम्ले लेखकको चिन्तनयात्राको सहयात्री बनेर उपन्यासको अनुभूति भोग्न सक्छ । यही नै प्रस्तुत उपन्यासको प्राप्ति बनेको छ ।"
- शैलेन्दुप्रकाश नेपालले 'दधिराज सुवेदीको समालोचना साधना: अध्ययन र मूल्याङ्कनको आलोकमा' (**उन्नयन** : २०६३) लेखमा सर्वजा निबन्धात्मक उपन्यास बन्न पुगेको ठहर गर्दै भनेका छन्- "मानवताको महिमा गाइएको पौराणिकता समाहित गरिएको, मौलिक रूपमा आएको नयाँ शैलीको नेपाली भाषाको पहिलो उपन्यास भएको छ ।"

उपयुक्त विद्वान्हरूका साथै अन्य विद्वान्हरूले पनि उपन्यासकार 'तेराख' र सर्वजा उपन्याससम्बन्धी टीकाटिप्पणी गरेका भए पनि उपन्यासको समग्र पक्षको एकत्रित रूपमा अध्ययन र विश्लेषण हुन नसकेको हुँदा यस शोधपत्रबाट सो अभाव पूरा गर्ने प्रयत्न गरिएको छ ।

## १.७ अध्ययनको औचित्य

नवचेतनात्मक धरातलमा सिर्जिएको प्रस्तुत उपन्यासका बारेमा विभिन्न विद्वान् समालोचकहरूले विविध दृष्टिकोणमा समालोचनात्मक टिप्पणीहरू गरे पनि यस विषयमा एकत्रित अध्ययनको अभाव रहेको देखिन्छ । अत: यस शोधपत्रमा प्रस्तुत कृतिको यथासम्भव सुव्यवस्थित रूपमा कृतिपरक अध्ययन गरिएको हुँदा प्रस्तुत शोधकार्य स्वत: औचित्यपूर्ण देखिन्छ । त्यसको साथै **सर्वजा** उपन्यासका बारेमा थप अध्ययन मूल्याङ्कन गर्न चाहने जिज्ञासु पाठकहरूलाई मार्गनिर्देशन गर्नमा पनि प्रस्तुत शोधकार्य उपलब्धिमूलक हुने देखिन्छ ।

## १.८ सीमाङ्कन

'तेराख'ले नेपाली साहित्यका उपन्यासबाहेक कविता, कथा, नाटक, निबन्ध आदि विधामा समेत कलम चलाएका छन् । प्रस्तुत शोधकार्यमा 'तेराख'को जीवनी र व्यक्तित्वको सङ्क्षिप्त चर्चा गर्दै **सर्वजा** उपन्यासको विविध कोणबाट अध्ययन गरिएको छ । उपन्यासकार र उपन्यासकै सेरोफेरोमा प्रस्तुत शोधपत्र केन्द्रित छ । लेखकका अन्य कृतिहरूलाई चर्चा नगरी **सर्वजा** उपन्यासमा मात्र केन्द्रित भएर अध्ययन गर्नु यसको सीमा हो ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्रको तयारीका सन्दर्भमा पुस्तकालयीय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ, साथै आवश्यकताअनुसार 'तेराख'सँग एवम् **सर्वजा** उपन्यासले सङ्केत गरेका विषयसँग सम्बन्धित विशेषज्ञहरूसँग पनि भेटघाट गरी सामग्री सङ्कलन गरिएको छ ।

### १.९.२ व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्ने क्रममा सङ्कलित सामग्रीहरूलाई विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासको अध्ययनको सन्दर्भमा सैद्धान्तिक अवधारणालाई आधार बनाई वर्णनात्मक एवम् विवरणात्मक पद्धतिअनुसार व्याख्या विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सन्तुलित एवम् व्यवस्थित ढङ्गले सङ्गठित गर्ने क्रममा निम्नानुसारको परिच्छेद विभाजन गरिएको छ ।

**परिच्छेद एक - शोधपरिचय**

**परिच्छेद दुई - तेजराज खतिवडाको जीवनी र उनको साहित्यिक यात्रा**

**परिच्छेद तीन - सर्वजा उपन्यासको कृतिपरक अध्ययन**

**परिच्छेद चार - उपसंहार**

## परिच्छेद - दुई

## तेजराज खतिवडाको जीवनी र व्यक्तित्वका आयामहरू

### २.१ व्यक्ति

#### २.१.१ जन्म र बाल्यकाल

तेजराज खतिवडाको जन्म वि.सं. २००१ वैशाख १ गतेका दिन पूर्वी नेपालको इलाम जिल्लाको देवानछाप भन्ने ठाउँमा भएको हो । पिता मधुसूदन खतिवडा र माता पवित्रादेवी खतिवडाका पुत्ररत्नका रूपमा जन्मिएका खतिवडा आफ्नो पुर्ख्यौली आगमन स्थलबारे खासै जानकारी प्राप्त नभए पनि भारतको आसामतिरबाट आफ्ना बाबुबाजे नेपाल प्रवेश गरेका हुन् भन्ने बताउँछन् ।[१]

यी खतिवडा परिवार खेती गर्ने र गाईभैँसी पाल्ने तथा उब्रिएको अन्न, घिउ बेचेर जीविकोपार्जन गर्ने गर्दथे । संस्कृतको अध्ययन गरेका पिता मधुसूदन खतिवडा संस्कृत, नेपाली बाहेक मगर र बङ्गाली भाषासमेत पढ्न, बोल्न सक्ने तथा माता पवित्रादेवी खतिवडामा पनि साधारण लेखपढ गर्न सक्ने क्षमता भएको बुझिन्छ । ११ वर्षको उमेरमा नै मातृवियोगको कठोर पीडा भोग्न बाध्य खतिवडाको बालहृदयमा सधैँ उदासीनता र बेचैनीको बास भइरहन्थ्यो । यस कारणले गर्दा जीवनका प्रारम्भिक घडीदेखि नै आमा अन्तर्मुखी स्वभावको विकास हुँदै गएको देखिन्छ ।[२]

#### २.१.२ शिक्षादीक्षा

तेजराज खतिवडाको बाल्यकालीन शिक्षादीक्षा सहज ढङ्गले अगाडि बढेको पाइँदैन । खतिवडा परिवार खेती र पशुपालन पेसाबाट जीविकोपार्जन गर्ने भएकाले बाल्यकालदेखि नै गाई, बाख्रा गोठालो र घरायसी काम गर्नुपर्ने बाध्यता थियो ।[३] बुबा मधुसूदन खतिवडा पढाइलाई त्यति मान्यता नदिने स्वभावका भएकोले ठूलो उमेर भइसकेपछि काका साइनो पर्ने व्यक्ति शिक्षासेवी पण्डित नरपतिको प्रयासबाट अक्षरारम्भ भएको देखिन्छ ।[४] तेजराज खतिवडाले कक्षा ६ सम्मको अध्ययन श्री शान्ति आदर्श माध्यमिक विद्यालय, झापाबाट सम्पन्न गरेका हुन् । त्यसपछि श्री करफोक विद्या मन्दिर, इलाममा अध्ययन गर्न सुरु गरेका खतिवडाले २०२० सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् ।[५] उच्च शिक्षा अध्ययनका लागि बनारस प्रवेश गरेका खतिवडा कहिले नियमित त कहिले स्वाध्ययनबाटै आई. एस्सी.

---

[१] तेराखबाट प्राप्त जानकारी ।

[२] ताराराज विविध, परिशिष्ट (तेराख, **टेष्टट्युब बेबी**, २०५८)।

[३] तेराखबाट प्राप्त जानकारी ।

[४] ऐजन ।

[५] ताराराज विविध, पूर्ववत् ।

सम्मको परीक्षा उत्तीर्ण गर्न पुग्दछन् । त्यसपछि बिहार युनिभर्सिटीबाट स्नातक तहसम्मको अध्ययन पूरा गर्न सफल भएका छन् ।[६] आर्थिक कठिनाई, पारिवारिक बोझ तथा सक्रिय राजनीतिमा लागेका कारण औपचारिक अध्ययन अगाडि बढ्न नसके पनि खतिवडा माध्यमिक विज्ञान तालिम प्राप्त गरेका व्यक्ति हुन् ।[७] विद्यालय र विश्वविद्यालयस्तरीय अध्ययनका अतिरिक्त स्वाध्ययनबाट पर्याप्त ज्ञान आर्जन गरेका खतिवडाले सानै उमेरदेखि फूटकर साहित्य रचना गर्ने तथा पत्रपत्रिकामा संलग्नता जनाउने गरेको पाइन्छ ।

### २.१.३ पारिवारिक जीवन र आजीविका

आफ्नो पारिवारिक जीवनलाई रामकहानी भनेर टिप्पणी गर्ने खतिवडाको पारिवारिक जीवन अप्ठ्यारो, गम्भीर र भावुक परिस्थितिबाट व्यतीत हुँदै आएको देखिन्छ । २०२७ सालमा हेमन्त भण्डारीसँग तेजराज खतिवडाको शुभविवाह सम्पन्न भए पनि दिगो सम्बन्ध कायम रहन सकेन । सक्रिय राजनीतिक कार्यकर्ता भएका कारण २०३२ सालमा कारागार बस्न बाध्य भएका अवस्थामा दुई छोरी र एक छोरासमेतलाई सहाराविहीन बनाएर उनले अन्यत्रै घरजम गरेपछि घरपरिवार तथा समाजको सल्लाह बमोजिम  २०३७ सालमा पद्मा आचार्यसँग खतिवडाको पुनः दोस्रो विवाह हिन्दू वैदिक परम्पराअनुसार सुसम्पन्न भयो ।[८] खतिवडा दम्पतीका कोखबाट पुनः एक छोरा र एक छोरीको जन्म भएको देखिन्छ । यसरी श्रीमान्, श्रीमती, दुई छोरा लेखनाथ र रवीन्द्र तथा तीन छोरी दिव्य, मनु, र मनीषा खतिवडा गरी जम्मा सातजनाको खतिवडा परिवार सङ्ख्याका दृष्टिले मझौला आकारको रहेको देखिन्छ ।

वि.सं. २०२२ देखि श्री शान्ति आदर्श माध्यमिक विद्यालय, झापाबाट शिक्षण आरम्भ गरेका तेजराज खतिवडाले आफ्नो मूल पेसा शिक्षणलाई रोजेका छन् । यसका अतिरिक्त समय खेती तथा पशुपालन कार्यमा व्यतीत गर्ने खतिवडाको परिवार आर्थिक दृष्टिले मध्यमस्तरको रहेको देखिन्छ ।

### २.१.४ राजनीतिमा संलग्नता

मार्क्सवादी विचार बोकेका तेजराज खतिवडामा क्रान्तिकारी चेतना प्रचुर मात्रामा पाइन्छ । जनताको बहुदलीय जनवाद मन पराउने खतिवडा मार्क्सवादलाई बहुदलीय प्रतिस्पर्धामा बदल्नुपर्छ भन्ने चिन्तन व्यक्त गर्दछन् ।[९] श्री शान्ति आदर्श माध्यमिक विद्यालयको शिक्षक भएदेखि नै इलामका इरौँटार, जिर्मले, कोलबुङ्ग, कन्याम र झापाका शान्तिनगर, बाहुनडाँगी, ज्यामीरगढी, धुलाबारी, शनिश्चरे लगायत विभिन्न क्षेत्रमा पुगेर

---

[६] ऐजन ।

[७] तेराखबाट प्राप्त जानकारी ।

[८] ऐजन ।

[९] ताराराज विविध, पूर्ववत् ।

निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध प्रजातन्त्रका पक्षमा जनचेतना जगाउने कार्यमा संलग्न रहेका कारणले तत्कालीन प्रशासनले कडा निगरानी राख्दथ्यो ।[१०] मानसिक तनाव दिन र दृढ व्यक्तित्वलाई परास्त गर्न पटक-पटक एउटाबाट अर्को विद्यालयमा सरुवा गरे पनि  खतिवडा पञ्चायततिर झुकेको, नुहेको देख्नु परेन ।[११] फलस्वरूप २०३२ साल र २०४२ सालमा झापा कारागारमा राजबन्दी हुन पुगेका खतिवडा पुलिस हिरासत र कुटाइको गन्ती नै नभएको बताउँछन् ।[१२] **अलपत्रेका फुलहरू** (कवितासङ्ग्रह : २०५३) मा प्रकाशित कतिपय कविता जेल जीवनमा नै रचिएका देखिन्छन् । पारिवारिक जीवनको समेत बेवास्ता गर्दै मातृभूमिको उन्नति र स्वतन्त्रताका लागि गरिएको सक्रिय राजनीतिक विद्रोह प्रजातन्त्रप्रेमी जोसुकैका लागि उदाहरणीय कार्य देखापर्दछ । समग्रमा हेर्दा खतिवडाको जीवनको महत्त्वपूर्ण समय राजनीतिमा बितेको देखिन्छ ।

## २.२ व्यक्तित्व

### २.२.१ स्वभाव

बाल्यावस्थामा नै मातृवियोगको कठोर पीडा भोग्न बाध्य तेजराज खतिवडामा अन्तरमुखी स्वभावको विकास हुँदै गएको पाइन्छ । स्वतन्त्रताप्रेमी खतिवडा कसैको बन्धन र नियन्त्रणमा बस्न रुचाउँदैनन् र बाल्यकालदेखि नै प्रायः एक्लै बस्न रुचाउने र कल्पनामा डुब्दै स्वतन्त्र विचरण गरिरहने स्वभावका देखिन्छन् । घरायसी काममा भन्दा बढी समय बाहिरै व्यतीत गर्ने खतिवडा सामाजिक, राजनैतिक र साहित्यिक सङ्घसंस्थामा आबद्ध रहने गरेको पाइन्छ । मूलतः धार्मिक स्वभाव भएका खतिवडा सर्वशक्तिमान र सर्वव्यापी एउटै ईश्वरलाई मान्ने तर मनगढन्ते कल्पनामा आधारित धर्मदर्शन, धामीझाँक्री, ढोँगी पुरेत, कर्मकाण्डीलाई नमान्ने विचार व्यक्त गर्दछन् ।[१३] हत्या, हिंसाबाट टाढै रहने र आफ्नै परिश्रममा बाँच्ने तथा सादा जीवन बिताउने उनका मौलिक पहिचान हुन् ।

### २.२.२  बाह्य व्यक्तित्व

गोरो र लाम्चिलो मुखाकृति, सलक्क परेको कपाल, मझौला आँखा, अग्ला र छरिता देखिने तेजराज खतिवडाको बाह्य व्यक्तित्व ज्यादै आकर्षक देखिन्छ । स्वभावैले अन्तर्मुखी देखिने खतिवडा स्वतन्त्र रूपमा विचरण गर्न रुचाउने प्रकृतिका देखिन्छन् । साधारण पहिरन लगाउने  तथा दाह्री पाल्ने खतिवडाको अलग्गै पहिचान देखिन्छ ।

---

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] तेराखबाट प्राप्त जानकारी ।

[१३] ऐजन ।

### २.२.३ शिक्षक व्यक्तित्व

वि.सं. २०२२ देखि श्री शान्ति आदर्श माध्यमिक विद्यालय शान्तिनगर, झापाबाट शिक्षण आरम्भ गरेका तेजराज खतिवडाले आफ्नो मूल पेसा शिक्षणलाई रोजेका छन् । बालबालिकालाई शिक्षा दिने कार्यमा समय बिताउन रमाउने खतिवडा शिक्षणका साथै निरन्तर कलम चलाइरहने प्रतिभाका रूपमा परिचित छन् ।[१४] आफ्नो जीवनको २०२२ सालदेखि २०५९ सालसम्मको जम्मा ३८ वर्ष शिक्षण पेसामा समर्पण गर्ने खतिवडा उक्त पेसालाई धार्मिक कार्य मान्दछन् ।[१५] हाल शिक्षण पेसाबाट निवृत्तिभरणपश्चात धुलाबारी झापास्थित निजी घरमा जीवन व्यतीत गरिरहेका छन् ।

### २.२.४ सम्पादक तथा पत्रकार

तेजराज खतिवडाले सर्वप्रथम २०१८ सालमा श्री करफोक विद्यामन्दिर, इलामबाट निस्कने हस्तलिखित पत्रिका **किरण**को सम्पादन तथा प्रकाशन गरे । त्यसपछि २०२० सालदेखि २०५३ सालसम्म श्री शान्ति आदर्श माध्यमिक विद्यालय, झापाबाट निस्कने **आँखो** साहित्यिक पत्रिकाको सम्पादन तथा प्रकाशन गरे ।[१६] खतिवडाले अन्य दुई पत्रिका **पाउलो** र **झटारो** क्रमशः २०२३ साल र २०२६ सालमा सम्पादन तथा प्रकाशन गरेर जनसमक्ष ल्याएका थिए । २०२३ सालमा धुलाबारी, झापाबाट निस्केको **धारो** पत्रिकाको पनि सम्पादन गरेका थिए । हालसम्म पनि खतिवडा पत्रपत्रिकासँग संलग्न रहेका देखिन्छन् । यीमध्ये **झटारो** प्रगतिशील साहित्यिक पत्रिकाको रूपमा देखिन्छ । यिनै पत्रपत्रिकाको सम्पादन तथा प्रकाशन कार्यबाट उनको सम्पादक तथा पत्रकार व्यक्तित्व प्रस्फुटित भएको पाइन्छ ।

### २.२.५ राजनीतिज्ञ

तेजराज खतिवडा मूलतः साहित्यकार हुन् तर पनि निरङ्कुश पञ्चायती शासनका विरुद्ध जनचेतना जगाउने काममा सक्रिय भएको पाइन्छ । उनले सामाजिक तथा राजनैतिक जागरण तथा जनचेतना जगाउन खेलेको भूमिकाको चर्चा राजनीतिक संलग्नतामा उल्लेख गरिसकिएको छ । पूर्णतः राजनीतिमा आफ्नो जीवन नबिताए पनि शिक्षण पेसाका साथै राजनीतिज्ञका रूपमा संलग्नता जनाएका कारण नै उनले कारवासको सजाय भोग्नुपरेको थियो । जनताको बहुदलीय जनवादका पक्षधर खतिवडाको राजनैतिक विचारधाराको प्रभाव साहित्यलेखनमा पनि परेको सहजै प्राप्त गर्न सकिन्छ ।

---

[१४] कृष्ण धरावासी, **पश्चिमी हावामा तेराख**, (रवीन्द्र खतिवडा, २०५५), पृ. १२ ।

[१५] तेराखबाट प्राप्त जानकारी ।

[१६] ताराराज विविध, पूर्ववत् ।

### २.२.६ भ्रमण

तेजराज खतिवडा विचरणशील स्वभावका भएकाले भ्रमणमा रुचि राख्दछन् तर आर्थिक अभाव र अवसरको कमीका कारणले विदेश भ्रमण गर्न वञ्चित भएको स्विकार्छन् ।[१७] नेपाल र भारतका विभिन्न ठाउँको भ्रमण गरेका खतिवडा पर्याप्त स्वाध्ययनका कारण देश विदेशबारे जानकारी हासिल गर्न पछिपरेका छैनन् ।

### २.२.७ साहित्यकार

### २.२.७.१ साहित्यिक लेखनमा प्रेरणा र प्रभाव

तेजराज खतिवडाको व्यक्तित्वमध्ये सबभन्दा महत्त्वपूर्ण साहित्यिक व्यक्तित्व देखापर्दछ । खतिवडा साहित्यलेखनका क्षेत्रमा आफ्नो सङ्क्षिप्त नाम 'तेराख' लिएर देखापरेका हुन् । विद्यालय पढ्ने सानै उमेरदेखि साहित्यलेखनमा रुचि राख्ने खतिवडाको जन्मजातको अन्तर्मुखी भावुक प्रकृति र बाल्यकालदेखि भोग्नुपरेका कष्टहरू नै साहित्यलेखनका प्रेरक तत्त्वका रूपमा देखिएका छन् । 'तेराख' वि.सं. २०१७ मा बनारसबाट प्रकाशित हुने **आमा** पत्रिकामा 'म एक वीर नेपाली हुँ' शीर्षकको कविता प्रकाशित गराएर औपचारिक रूपमा साहित्यलेखनमा प्रवेश गरेका हुन् ।[१८] बाल्यकालीन पीडाका अतिरिक्त पारिवारिक जीवनका कुण्ठाहरूले साहित्यलेखन तथा नारीहरूप्रति अत्यन्त गम्भीर भएर चिन्तन गर्ने प्रवृत्तिको विकास हुँदै गएको देखिन्छ । फलस्वरूप **टेष्टट्युब बेबी** (नाटकः २०५८), **रातको बाह्र बजे** (२०५५) र **सर्वजा** (२०६०) जस्ता औपन्यासिक कृति सिर्जना हुन पुगे । कविता, उपन्यास, नाटकका अतिरिक्त कथा, निबन्ध र वैचारिक कृतिहरू लेखन समेतमा कलम चलाएर आफ्नो बहुविध स्रष्टा व्यक्तित्वको चिनारी दिन सफल भएका छन् जसको सामान्य अध्ययन यहाँ गरिन्छ-

### २.२.७.२ कवि

लगभग चारदशक अघिदेखि विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा 'तेराख'का फूटकर रचनाहरू प्रकाशित हुँदै आएका छन् । पुस्तकाकार रूपमा **प्रिया** काव्य (२०२६) प्रथम काव्यकृति हो । यसमा जम्मा १० वटा कविताहरू सङ्कलित छन् । प्रतीक र बिम्बका माध्यमद्वारा आफ्ना विचारहरूलाई पाठकसामु निर्भिकतापूर्वक ढङ्गबाट राख्न 'तेराख' कदापि पछिपरेका छैनन् जसरी आमाको सपना कवितामा गोपालप्रसाद रिमालपछि परेका छैनन् ।[१९]

---

[१७] तेराखको आत्मस्वीकृति ।

[१८] तेराखबाट प्राप्त जानकारी ।

[१९] ताराराज विविध, पूर्ववत् ।

**प्रिया**पछि वि.सं. २०२८ सालमा 'तेराख'को **प्रिय शान्तिनगर** काव्य प्रकाशनमा आएको देखिन्छ । यसमा सङ्कलित ६ वटा कविताहरूमा जननी जन्मभूमिप्रतिको मोहभावलाई अत्यन्त सजीवतापूर्वक प्रस्तुत गरिएको छ ।[२०] यो विशुद्ध राष्ट्रवादी, प्रकृतिवादी काव्य भएको छ । लामो समयको अन्तरालपछि 'तेराख'को रचना निरन्तरताको सूचना दिने अर्को कवितासङ्ग्रह **अलपत्रेका फुलहरू** (२०५३) प्रकाशनमा आउँछ । वि.सं. २०२० देखि २०५१ सम्म रचिएका तथा कारावास जीवनमा रचिएका कविताहरू समेत समेटिएको उक्त कृतिमा एकातिर कविको राष्ट्रप्रेम, जातिप्रेम, संस्कृतिप्रेम, सभ्यताप्रेम र प्रकृतिप्रेम तिख्खर रूपमा आएको छ भने अर्कातिर जीवनको आशावादी स्वर पनि प्रकट भएको छ । अधिकांश कविताहरूमा वर्तमानका समसामयिक एवम् मार्मिक यथार्थहरूको कलात्मक चित्रण गरिएको छ ।

वि.सं. २०५५ मा उनको अर्को काव्यकृति **पश्चिमी हावा** प्रकाशनमा आएको छ । लघु आकारको उक्त कृतिमा पश्चिमी हावालाई केवल प्राकृतिक हावाको रूपमा मात्र नहेरी एउटा परिवर्तन र विकासको संवाहकका रूपमा प्रस्तुत गरिएको छ ।[२१]

यिनै काव्यकृतिहरूका आधारमा उनको कवि व्यक्तित्वको पहिचान गर्न सकिन्छ । शिष्ट, प्रतीकात्मक, कलात्मक बिम्बप्रतीक प्रयोग भएका उनका काव्यकृतिमा तत्कालीन वास्तविकता, क्रान्तिकारी विद्रोही भावना तथा जीवनको आशावादी स्वरसमेत अभिव्यक्त भएको पाइन्छ ।

### २.२.७.३ कथाकार

वि.सं. २०२३ मा लेखिएको *'एक धर्को सिन्दूर एक अभिशाप'* शीर्षक कथामार्फत् कथा क्षेत्रमा देखापरेका 'तेराख'को एकमात्र कथासङ्ग्रह **सिमीको बोट** (२०५४) प्रकाशित भएको छ । जम्मा १३ वटा कथाको सङ्कलन उक्त कृतिमा प्रस्तुत कथाहरूमा कथाकारले समसामयिक सामाजिक एवम् राष्ट्रिय समस्याहरूलाई वस्तुगत रूपमा प्रस्तुत गरेको पाइन्छ । उनका कथाहरू सामाजिक यथार्थदेखि आलोचनात्मक यथार्थ हुँदै समाजवादी यथार्थसँग पनि सम्बन्धित छन् ।[२२] कथाकार 'तेराख'ले लामो समयदेखि वामपन्थी चिन्तनमा आबद्ध र प्रतिबद्ध रहँदै आएकाले उनका धेरैजसो कथामा राजनीतिक व्यवस्था र त्यसले जनतामा पारेको प्रभावलाई आफ्ना कथाको परिवेशका रूपमा उपस्थित गरेका छन् ।[२३] उनका कथामा नारीवर्गले भोग्नुपरेको पीडाको वस्तुपरक चित्रण गरिएको पाइन्छ ।

---

[२०] ऐजन ।

[२१] कृष्ण धरावासी, भूमिका, (रवीन्द्र खतिवडा, पश्चिमी हावा, २०५५), पृ. १४ ।

[२२] नरेन्द्र चापागाईं, **सङ्क्षिप्त मन्तव्य**, (तेराख, सिमीको बोट, २०५५), पृ. १ ।

[२३] लोकमणि गौतम, **नेपाली कथाको विकासमा...** (अप्रकाशित शोधपत्र, २०६२), त्रि.वि., कीर्तिपुर ।

### २.२.७.४ उपन्यासकार

नेपाली साहित्यका विविध विधामा कलम चलाउने 'तेराख'को औपन्यासिक लेखन पनि सफल देखिन्छ । **रातको बाह्र बजे** (लघु उपन्यास, २०५५) लिएर देखापरेका खतिवडा **सर्वजा** (२०६०) उपन्यासमार्फत् नेपाली उपन्यास परम्परामा नवचेतनात्मक मूल्य आत्मसात् गर्न पुग्दछन् । **सर्वजा** उपन्यासकाबारे यस शोधपत्रमा विस्तृत अध्ययन गरिने नै छ । **रातको बाह्र बजे** उपन्यास अध्ययनका सन्दर्भमा बनारस बसेका बेला अनुभव गरेका तत्कालीन विकृत सामाजिक व्यवस्था र लापरबाहीका कारण उत्पन्न हुने सामाजिक विसङ्गतिलाई देखाउन सफल भएको छ । जे होस् नेपाली उपन्यास परम्परामा खतिवडाको आगमनले महत्त्वपूर्ण योगदान दिएकै छ ।

### २.२.७.५ नाटककार

नेपाली साहित्यका विविध विधामा कलम चलाउने 'तेराख' नवप्रयोग गर्न रूचाउँछन् । **अझै उस्तै छ** उपन्यासमय नाटक (२०५५) लिएर नाट्यक्षेत्रमा देखापरेका खतिवडा साहित्यमा 'मय विधा' भन्दै नयाँ विधा स्थापना गर्न लागिपरेका छन् । 'मय विधा'का बारेमा यथास्थानमा चर्चा गरिने नै छ । यही नाटक विधालाई निरन्तरता दिन **टेष्टट्युब बेबी** उपन्यासमय नाटक (२०५८) लिएर देखापरेका खतिवडाको नाट्यकृति **टेष्टट्युब बेबी**को मूल प्रतिपाद्य विषय नारी मातृत्व चेतनाको उद्‌बोधन नै हो ।[२४] यस नाटकमार्फत् 'तेराख' विज्ञानका उपलब्धिहरूलाई स्वीकार गर्नुपर्ने सोचमा देखिन्छन् । परम्परा, अन्धविश्वास र कुसंस्कारको विरुद्धमा यो नाटक प्रस्तुत भएको छ । परम्परावादी नाट्य मान्यताभित्र अँटाउन नसक्ने यी नाटकहरू प्रयोगात्मक नाट्यकृतिका रूपमा देखिएका छन् ।

### २.२.७.६ निबन्धकार

साहित्यको प्रायः सबै विधामा कलम चलाउने 'तेराख'को निबन्धका क्षेत्रमा पुस्तकाकार कृति **म, आगो र पानीहरू** निबन्धसङ्ग्रह (२०५९) बाट आगमन भएको देखिन्छ । यस सङ्ग्रहमा जम्मा १५ वटा निबन्धहरू सङ्कलित छन् । विभिन्न पत्रपत्रिकामा निबन्धात्मक कृति प्रकाशन गर्दै आएका 'तेराख'को दोस्रो निबन्धसङ्ग्रह **ढाडेका नाकमा घिउ** (२०५९) समेत गरी जम्मा दुईवटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । दोस्रो सङ्ग्रहमा जम्मा २० वटा निबन्धात्मक कृति सङ्कलित छन् । मनका भावना जस्ताको तस्तै प्रस्तुत गरिएका आकारमा छोटा तथा लामा निबन्ध सरल र सहज प्रवृत्तिका छन् । उनका वर्णनात्मक, विवरणात्मक र विचारात्मक निबन्धहरूमा आत्मपरकताको वर्चस्व रहेको पाइन्छ ।

---

[२४] ताराराज विविध, भूमिका, (पद्मा खतिवडा, टेष्टट्युव बेबी, २०५८) ।

आफ्ना जीवनका अनुभूतिहरूलाई संवेदनात्मक रूपमा प्रस्तुत गरिएका उनका निबन्धहरूमा देशको सामाजिक, आर्थिक, राजनैतिक आदि समस्याहरूको जीवन्त चित्रण गरिएको पाइन्छ । विषयलाई छोट्याउन नसक्नु, कसिलो भाषाको प्रयोग गर्न नसक्नु 'तेराख'का निबन्धका कमजोर पक्षहरू हुन् ।[२५] सामान्य विषयवस्तुलाई पनि निबन्धात्मक रूप दिनु, व्यङ्ग्य तथा विद्रोहात्मक शैलीको प्रयोग गर्नु, गहन विषयलाई पनि सामान्य भाषामै अभिव्यक्त गर्नु उनका निबन्धात्मक वैशिष्ट्य हुन् ।

### २.२.७.७ चिन्तन तथा दर्शन

साहित्यका क्षेत्रमा केही न केही नयाँ प्रयोग गर्न रुचाउने 'तेराख'ले आफ्ना चिन्तन तथा दर्शनलाई साहित्यमा सहज ढङ्गले अभिव्यक्त गरेका छन् । साहित्यका क्षेत्रमा 'मय विधा' भन्दै नयाँ विधाको स्थापना गर्न जुटेका खतिवडाको विचारमा 'मय विधा' व्यापक र लचिलो विधा हो । यो विधामा कलम चलाउँदा लेखकल पूर्ण स्वतन्त्र र निर्भय हुन्छ । विधागत रचना भयो भएन भनेर घोत्लिरहनु पर्दैन ... कथा लेख्न बस्दा निबन्धजस्तो भयो भने कथामय निबन्ध भयो । परम्परागत बन्धनयुक्त विधाबाट 'मय विधा'ले मुक्ति दिन्छ ।[२६] कुनै दुई विधाको मिश्रणबाट नयाँ विधा बन्छ भन्ने दृष्टिकोणलाई आधार बनाएर प्रस्ताव गरिएको उक्त विधाको पुष्टिका लागि **अझै यहाँ उस्तै छ** उपन्यास नाटक (२०५३), **टेष्टट्युब बेबी** उपन्यासमय नाटक (२०५८) **ढाडेको नाकमा घिउ** कथामय निबन्धसङ्ग्रह (२०५९) प्रकाशित गरिसकेका छन् । 'मय विधा' छुट्टै विधा हो कि होइन भन्ने सम्बन्धमा विभिन्न दृष्टिकोण पाइन्छन् । यस सम्बन्धमा गोविन्दराज भट्टराई लेख्छन्- "'तेराख'को प्रस्तावित नयाँ प्रयोग कसैबाट प्रभावित वा पैंचो लिएको होइन रहेछ भने उनको आफ्नै चिन्तन र साधनाको उपज हो भने र आफ्नै अनुभव र विश्लेषणको परिष्कार रहेछ भने उनीबाट 'मय विधा'को प्रस्ताव आउनु एक ठूलो र सुखद संयोगको कुरा हो" ।[२७]

त्यस्तै दधिराज सुवेदी 'मय विधा'का सम्बन्धमा लेख्छन् - "मेरो विचारमा यो अरू विधाका तुलनामा कालक्रमले पछि परेको मात्र हो । उप-विधा भने होइन । त्यसकारण त्यसले साहित्यको मर्यादित विधा भएर रहन पाउनु पर्दछ"।[२८]

यसरी कथा, निबन्ध, उपन्यास एक आपसमा मिसिएर नयाँ विधाको स्थापना भयो भन्दै 'तेराख'ले नयाँ विधाका रूपमा 'मय विधा' प्रस्ताव गरेका हुन् । हुन त उपन्यासभित्र

---

[२५] कृष्ण धरावासी, मन्तव्य, (तेराख, **म, आगो र पानीहरु,** २०४९) ।

[२६] तेराख, **मय विधाको प्रस्तावना** (तेराख, २०६२), पृ. ३५ ।

[२७] गोविन्दराज भट्टराई, **नौला फूलहरु,** कान्तिपुर (२०६०, पुस ५ गते) ।

[२८] दधिराज सुवेदी, **मय विधा साहित्यको ... मय विधाको प्रस्तावना** (तेराख, २०६२) पृ. ९ ।

नाटकीयता र नाटकभित्र औपन्यासिकता देखिँदैन भन्न सकिँदैन । लक्ष्मीप्रसाद देवकोटाको **सुलोचना** महाकाव्यभित्र औपन्यासिकता पाइन्छ । समका गद्य नाटकहरूमा पनि काव्यात्मकता नपाइने होइन तर नेपाली साहित्यमा छुट्टै विधाका रूपमा लिइएन । अहिले उत्तरआधुनिक दृष्टिकोणअनुसार हेर्दा पनि 'तेराख'को 'मय विधा' विधामिश्रणसँग तुलनीय देखिन्छ । जे होस् उनको यो चिन्तन साहित्यलेखनका परम्परागत कठोर शास्त्रीय नियम विपरीत व्यापक र लचिलो भने पक्कै छ भन्न सकिन्छ ।

'मय विधा'का अतिरिक्त 'तेराख'का अत्य चिन्तनहरूमा 'विविधीकरण रूपान्तरण सृष्टिरचना', 'तलबाट माथि जान्छ', 'शून्य दर्शन'जस्ता चिन्तन र दर्शनको उल्लेख गरिएको छ । विविधिकरण रूपान्तरण सृष्टिरचना चिन्तनको व्याख्या **सर्वजा** (२०६०) उपन्यासमा भएको देखिन्छ । आत्मा कहिल्यै पनि मर्दैन पुरानो शरीर फेर्छ र नयाँ शरीर धारण गर्छ भन्ने गीताको दर्शनसँग मेल खाने यो चिन्तन पूर्वीय आध्यात्मिक चिन्तनको उपज भएको देखिन्छ । उनका अन्य चिन्तन तथा दर्शनको उल्लेख गरिए तापनि यीसँग सम्बन्धित कृति र चर्चा परिचर्चा भएको पाइँदैन ।

यसका अतिरिक्त 'तेराख'का वैचारिक कृतिहरू पनि प्रकाशनमा आएका छन् । **प्रजातान्त्रिक तरिकाले शिक्षक**... पुस्तिका (२०५३), **महिला कार्यकर्ता**... पुस्तिका (२०५३) जस्ता वैचारिक कृतिहरू उनको सक्रिय अध्ययन तथा चिन्तन र निरन्तर लेखनका उपज हुन् भन्न सकिन्छ ।

### २.२.८ संलग्नता

'तेराख' साहित्य लेखनका अतिरिक्त विभिन्न सङ्घसंस्थामा निरन्तर संलग्न रहँदै आएका छन् । विभिन्न सङ्घसंस्थामा भएको उनको संलग्नतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- स्रष्टामञ्च - अध्यक्ष, झापा
- सासंक प्रतिष्ठान - झापा
- प्रगतिशील लेख सङ्घ - झापा
- महानन्द स्मृति केन्द्र - इरौँटार, इलाम
- साहित्यकला संगम, झापा -आजीवन सदस्य
- त्रिफला राष्ट्रिय पुस्तकालय, झापा - आजीवन सदस्य
- जीवन स्मृति प्रतिष्ठान, झापा - आजीवन सदस्य
- युद्धप्रसाद मिश्र प्रतिष्ठान, झापा - आजीवन सदस्य
- सुसेली साहित्यिक परिवार, झापा आदि ।

### २.२.९ सम्मान तथा पुरस्कार

'तेराख' विद्यार्थी जीवनदेखि नै साहित्यिक गतिविधिमा संलग्न रहँदै आएका र लेखनमा निरन्तर साधनारत रहेकै कारण उनको योगदानको कदर गर्दै विभिन्न सङ्घसंस्थाले सम्मान तथा पुरस्कार प्रदान गरेका छन् जसको विवरण यसप्रकार छ -

- देवकोटा स्मृतिभवनको रजत जयन्तीमा अभिनन्दन तथा प्रमाणपत्र २०५२ ।
- ने.रा.शि.सं.- झापाबाट अभिनन्दित प्रमाणपत्र २०५२ ।
- ने.रा.प्र.प्र.को आयोजना तथा सासंक प्रष्तिष्ठान झापाको संयोजनमा झापाली उत्कृष्ट कथाकार प्रमाणपत्र र नगद पुरस्कार २०५३ ।
- मदन स्मृति प्रतिष्ठान नेपालद्वारा आयोजित 'प्रगतिशील लेखनः एक्काइसौँ शताब्दीको आवश्यकता' लेखक प्रशिक्षण प्रमाणपत्र २०५७ ।
- जि.शि.स. झापाबाट उत्कृष्ट शिक्षक- सम्मान पत्र तथा पदक २०५७ ।
- सिंहदेवी पुस्तकालय पृथ्वीनगर झापाबाट अभिनन्दन तथा सम्मानपत्र २०५८ ।
- त्रिफला राष्ट्रिय पुस्तकालयबाट अभिनन्दन तथा सम्मान २०५८ ।
- साहित्यकला सङ्गम, झापाबाट अभिनन्दन तथा सम्मान २०५९ ।
- नवरङ्ग प्रतिष्ठान झापाबाट अभिनन्दन तथा सम्मान २०५९ ।
- जीवन स्मृति प्रतिष्ठानद्वारा सम्मान तथा नगद पुरस्कार २०५९ ।
- प्रतिभा पुरस्कार नगद तथा प्रमाणपत्र २०६२ ।
- युगान्तर साहित्यिक वर्ष पुरस्कार, अभिनन्दन तथा प्रमाणपत्र २०६२ आदि ।

### २.२.१० वर्तमान

पेसाले शिक्षक भएर जीविकोपार्जन गरेका 'तेराख' विभिन्न विद्यालय हुँदै धुलाबारी माध्यमिक विद्यालयमा लामो समयसम्म शिक्षण कार्यमा संलग्न रहेर निवृत्तिभरणपछि हाल धुलाबारी पुरानो बजारस्थित निजी घरमा जीवन व्यतीत गरिरहेका छन् । शारीरिक अस्वस्थताका बाबजुद पनि धार्मिक, सामाजिक, राजनैतिक सङ्घसंस्थाका अतिरिक्त साहित्यिक गोष्ठी, छलफल आदिमा संलग्न रहँदै आएका छन् । व्यवहारमा सादापन, कर्ममा निष्ठ रहने खतिवडा सच्चा कमाइमा बाँच्न चाहने उदार प्रवृत्तिका छन् । जे होस् 'तेराख'को सिर्जनशील व्यक्तित्वबाट निःसृत रचनाहरूले झापाली साहित्य र समग्र नेपाली साहित्यलाई महत्त्वपूर्ण योगदान दिएको छ । यसको कदर नेपाली साहित्यले गर्ने नै छ । यसका अतिरिक्त अझै धेरै कृतिको अपेक्षा नेपाली साहित्यले गरिरहेको छ जसको पूर्ति गर्ने जिम्मा लेखककै हातमा छ ।

## परिच्छेद - तीन

# सर्वजा उपन्यासको कृतिपरक अध्ययन

## ३.१ नेपाली उपन्यास परम्परामा सर्वजा उपन्यासको आगमन

'उपन्यास' शब्दले आधुनिक साहित्यका विविध विधामध्ये एउटा समृद्ध विधालाई जनाउँछ । उपन्यासले सरल र सहज ढङ्गले जीवन र जगत्को अध्ययन गर्दछ  त्यसैले आधुनिक जनमानसमा पनि उपन्यास लोकप्रिय विधाका रूपमा स्थापित हुन पुगेको छ । उप+नि+अस्+अ अर्थात् 'हुनु' अर्थ बोध गराउने 'अस्' धातुमा 'नि' र 'उप' दुईवटा उपसर्ग मिलेर निर्मित भएको उपन्यास शब्द नेपाली साहित्यको ललित गद्यकाव्यको आख्यानात्मक विधालाई सङ्केत गर्नमा प्रवृत्त छ । [२९] नेपाली साहित्यमा  प्रचलित उपन्यास शब्द अङ्ग्रेजी नोवलको पर्यायवाची शब्दका रूपमा रहेको छ । अङ्ग्रेजीमा भनिने नोवल शब्द इटालीको नोवेलेबाट लिइएको हो र यो ल्याटिन भाषाको नोवस् तथा नोवलस् शब्दकै रूपान्तर मानिन्छ ।[३०] फ्रान्समा उपन्यासकै अर्थमा प्रयोग हुने नोवेल्ला शब्द पनि यसैबाट विकसित भएको पाइन्छ । यही नोवल शब्दको प्राविधिक अर्थ उपन्यास बनेको छ ।[३१]

परम्परित आख्यानको सूत्रपात मानिसको उत्पत्ति र विकाससँगै सुरु भएको मान्न सकिने भए पनि पूर्वीय साहित्यको इतिहासलाई अध्ययन गर्दै जाँदा उपन्यासको आधुनिक स्वरूप आधुनिक आर्य भाषामा साहित्य सिर्जना हुन थालेपछि मात्र विकास हुन थालेको देखिन्छ ।[३२] लगभग १९ औं शताब्दीपूर्वको पूर्वीय साहित्यजगत् औपन्यासिक शिल्पका दृष्टिले शून्यप्राय छ तर आधुनिक दृष्टिकोणमा उपन्यास पूर्वीय साहित्यको उपज होइन । पाश्चात्य साहित्यमा उपन्यास अठारौं शताब्दीमा देखापरेको हो यसैका सापेक्षतामा आधुनिक उपन्यासको लेखाजोखा गर्नु उपयुक्त हुन्छ ।

नेपाली साहित्यका सन्दर्भमा शक्तिवल्लभ अर्यालको **महाभारत विराट्पर्व** (१८२७) लाई प्रथम आख्यानात्मक कृति मानेर नेपाली उपन्यासको प्राथमिक काल निर्धारण गर्ने प्रचलन छ । औपन्यासिक शिल्पविधानका दृष्टिले खासै महत्त्व नराख्ने भए पनि नेपाली आख्यान साहित्यको पृष्ठभूमिका रूपमा उक्त कृतिले महत्त्वपूर्ण स्थान राख्दछ ।

---

[२९] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, (वाराणसी, भूमिका प्रकाशन, २०५३), पृ.१ ।

[३०] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** ते.सं. (काठमाडौं : साझा प्रकाशन, २०५२), पृ. १४ ।

[३१] सुवेदी, पूर्ववत् ।

[३२] ऐजन, पृ. ३ ।

नेपाली उपन्यासको माध्यमिक काल **वीरसिका** (१९४६) बाट आरम्भ भएको मानिन्छ । विभिन्न आख्यानका पृष्ठभूमिमा तयार पारिएको वीरसिका परम्परागत स्वर र शैलीभन्दा भिन्न रूपमा प्रस्तुत भएको छ । अलौकिकता, अतिरञ्जना र कुतूहलपूर्ण विषयवस्तुलाई अपेक्षाकृत सफल रूपमा समेट्न सकेकोले वीरसिकालाई प्रस्तुतिका आधारमा औपन्यासिक कृति मान्न सकिन्छ । वीरसिकाको मूलभूत उपलब्धि के देखिन्छ भने नेपाली आख्यान परम्परामा अद्भूत कथाका प्रस्तुति जादुगरी चरित्रको विन्यास र रोमान्सेली प्रवृत्तिमा उपन्यासको आरम्भ भएको छ ।[३३] यस अवधिका अन्य प्रमुख आख्यानात्मक कृतिहरूमा सदाशिव शर्माको **महेन्द्रप्रभा** (१९५९), गिरीशवल्लभ जोशीको **वीरचरित्र** (१९६०), विज्ञान विलासको **डा.सूर्यप्रसाद** (१९६२) आदि देखिन्छन् ।

माध्यमिककालीन आख्यानात्मक कृतिहरूमा अनुवादको प्रधानता असम्भव एवम् अतिमानवीय अलौकिक चरित्रको प्रस्तुति, काल्पनिकता आदि प्रवृत्ति देखापर्दछन् । यसकालका औपन्यासिक कृतिहरूमा यथार्थभन्दा पृथक वा नीतिवादी, सुधारवादी स्वर देखिनुका साथै साहित्यिक एवम् आलङ्कारिक भाषाको प्रयोग गर्ने प्रवृत्ति पाइन्छ । तसर्थ पाठकवर्गलाई मनोरञ्जन प्रदान गर्नु, नैतिक शिक्षा दिनु र समाज सुधारको उद्देश्य राख्नु यसकालका औपन्यासिक कृतिहरूको प्रमुख उपलब्धि रहेको देखिन्छ । यिनमा औपन्यासिक विधागत आयाम र सैद्धान्तिक दृष्टिकोणमा शिथिलता देखिए पनि समसामयिक परिवेशको चित्रणका साथै सामाजिक यथार्थप्रतिको सङ्क्रमणजस्ता वैशिष्ट्य रहेको छ ।

यसरी माध्यमिककालीन औपन्यासिक कृतिहरूले उपर्युक्त विशेषताहरूलाई अङ्गीकार गर्दै आधुनिक युगको प्रवर्तनका लागि महत्त्वपूर्ण पृष्ठभूमि निर्माण गरेका छन् जसको जगमा आधुनिक नेपाली उपन्यासले स्पष्ट स्वरूप खडा गर्न सक्षम भएको छ ।

वि.सं. १९९१ मा उपन्यासकार रुद्रराज पाण्डेद्वारा लिखित **रूपमती** को प्रकाशनसँगै नेपाली उपन्यास परम्परा आधुनिक युगमा प्रवेश गरेको मानिन्छ । रूपमतीले नेपाली सामाजिक, आर्थिक अवस्था, अशिक्षा, गरिबी संस्कार तथा संस्कृतिलाई प्रस्तुत गरेको छ । मध्यमवर्गीय परिवारमा पाइने यथार्थको उद्घाटन गरी समाज सुधारको आदर्श सन्देश दिएको हुँदा रूपमती आदर्शोन्मुख यथार्थवादी धाराको प्रथम कृति भएको छ । नेपाली सामाजिक परिवेशको प्रस्तुति गर्नु, स्वभाविकताको खोजी गर्नु एवम् कुतूहलतापूर्ण विषयवस्तुको प्रयोग गर्नु पाण्डेको मौलिक वैशिष्ट्य हुन् ।

---

[३३] सुवेदी, पूर्ववत्, पृ. ३५ ।

वि.सं. १९९३ सालमा रूपनारायण सिंहको **भ्रमर** उपन्यासको प्रकाशनसँगै स्वच्छन्दतावादी भावधारामा प्रवेश गरेको नेपाली उपन्यास परम्परा २००४ सालमा लैनसिंह बाङ्देलको **मुलुकबाहिर** उपन्याससँगै सामाजिक यथार्थवादी भावधारा ग्रहण गर्न पुग्दछ । त्यसपछि नेपाली उपन्यास परम्पराले क्रमशः प्रगतिवाद, मनोविश्लेषणवाद र विसङ्गतिवादी अस्तित्ववादी भावधारा ग्रहण गर्दै वि.सं. २०३० को दशकपछि नवचेतनावादी मूल्यलाई आत्मसात् गर्न पुगेको देखिन्छ ।

साहित्यका पुराना विधाहरूले जीवनलाई हेर्ने पुरानै शिल्प स्वीकार गरेका थिए । एउटा रूढ परम्परा चलिरहकोमा विस्तारै नवचेतनाले प्रवेश गर्दै जाँदा साहित्यमा पनि ती प्रकोपहरू देखापर्न थाले । खासगरी युरोपमा चलेको पुनर्जागरणको अभियानले उत्तरआधुनिकताका अनेकौँ ढोकाहरू खोल्न थाल्यो । पुराना मान्यताहरू, समाज परिचालनका पद्दतिहरू, सामाजिक, राजनैतिक, धार्मिक पद्दतिहरूका ठूलाठूला परिवर्तनका सङ्केतहरू देखापर्न थाले ।[३४] पश्चिमी युरोपेली देशहरूबाट विस्तारै भारत हुँदै नेपाली साहित्यमा देखापरेको नवमूल्य मान्यताले नेपाली उपन्यास परम्परामा पनि नयाँ विचार र दृष्टिकोण स्थापित गर्दै लगेको हो । नेपाली उपन्यास परम्परामा प्रचलित पुरातन मूल्य रूपान्तरणका आधारमा नवचेतनाको प्रवर्तन भएको देखिन्छ । साहित्यिक नवचिन्तनको केन्द्रमा सिर्जना भएका प्रस्तुत उपन्यासहरू कलाका दृष्टिले विसङ्गति र चेतनप्रवाहात्मक लेखनपद्धतिमा केन्द्रित रहेको देखिएका छन् ।[३५] यस्ता उपन्यासमा मानव समुदायका समग्र धर्म, बहुसंस्कृति, मिथकीय प्रयोग, विधामिश्रण, विधाभञ्जन, भाषिक विचलन, मानव र मानवेतर चरित्रको प्रस्तुति तथा प्रकृतिका अनेकौँ पक्षहरू संयोजन भएका हुन्छन् । जसरी जीवन पालैपालो सिलसिलाबद्ध रूपमा चलेको छैन, एकमुष्ट रूपमा जीवन चलेको छ त्यसैगरी उपन्यास पनि खज्मजिएको छ । कुनै पनि कृतिको स्वतन्त्र अस्तित्व नभएर विधागत विविधता समेटिनु नवचेतनात्मक प्रयोगको प्रवृत्ति बनेको छ ।

नवचेतनात्मक परम्पराको अर्को प्रवृत्ति उपन्यासको अवसानको धारणा हो । विधासिद्धान्तसम्बन्धी पुरातन मूल्यमान्यता ध्वस्त हुँदै जाँदा वस्तु र पात्रका मूल्यहरू पनि विघटित हुँदै गए । अब साहित्यका पुराना प्रविधिले स्थापना गरेका विधागत सिद्धान्त नछुटिने भयो । कथा, उपन्यास, निबन्ध आदि विधाको छुट्टै अस्तित्व नभेटिने स्थिति सिर्जना हुँदै गयो । समग्रतामा अर्थिनु नै कुनै पनि कृतिको पहिचान बन्न गयो । उपन्यासको कथावस्तु पनि घटनाक्रमका रूपमा अगाडि नबढेर यसै सित कथावस्तुले बोकेका जीवनदर्शन, चिन्तनका विभिन्न धारणा संयोजित हुँदै जान थाल्यो ।

---

[३४] कृष्ण धराबासी, **समसामयिक नेपाली उपन्यास र प्रवृत्ति**, (वर्ष २३, अङ्क-९, *गरिमा*, २०६२), पृ.५३ ।

[३५] राजेन्द्र सुवेदी, **सर्वजा उपन्यास : नवचेतनात्मक मूल्यका सन्दर्भमा**, (वर्ष -१३, अङ्क -१०, कुञ्जिनी, २०६२/०६३), पृ. १० ।

त्यसैगरी मार्क्सवादी सौन्दर्यशास्त्रले उपन्यासलाई आधुनिक र नितान्त नयाँ विधा मान्दछ । राल्फ फक्सका विचारमा उपन्यास आधुनिक पुँजीवादी समाजको महाकाव्य हो । यो मान्छेद्वारा गरिएको खोजको महान् प्राप्ति हो । यो नवीन विधारूप हो ।[३६] यसो भन्नुका पछाडि उपन्यासको गद्यात्मक संरचना, जीवन समाजको भव्यतर चित्रण गर्न सक्ने सामर्थ्य नै हो । अब परम्परागत विधा सिद्धान्तको कठोर बन्धनमा बाँधिएर महाकाव्य सिर्जना हुनका सट्टा त्यसको ठाउँमा उपन्यास विधा स्थापित हुँदै गएको छ ।

नेपाली उपन्यास परम्परामा इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) उपन्यासमार्फत् सर्वप्रथम विसङ्गतिवादी अस्तित्ववादी मान्यता नव प्रयोगका रूपमा देखिएको छ । यसैगरी २०३३ सालमा ध्रुवचन्द्र गौतमको **डापी** उपन्यास प्रकाशनमा आएपछि नवचेतनात्मक नेपाली उपन्यास परम्परामा नयाँ मोड आएको देखिन्छ । **डापी** उपन्यासमा सामाजिक, राजनैतिक संरचनाभित्रका विकृति, विसङ्गति, विकृत शासन व्यवस्था र पतनोन्मुख मानवीय मूल्यमान्यता आदिलाई स्वैरकल्पनात्मक प्रस्तुतिमा संयोजन गरिएको छ ।

कुनै एउटा कृति बहुकृतिमा, बहुआकारमा मुक्त भएर फैलने संभावनाको थालनी ध्रुवचन्द्र गौतमबाट भएको छ त्यो एउटा महत्त्वपूर्ण उत्तरआधुनिक मोड हो ।[३७] यसैगरी विसङ्गतिवादी जीवनदृष्टिको बोध हुने र प्रस्तुतिमा स्वैरकल्पनात्मक प्रवृत्ति आत्मसात् गरिएको अर्को उपन्यास **अलिखित** (२०४०) देखापर्दछ । अलिखितले पात्रको विभग्न परिवेशको चित्रण गरेको छ । यसै परम्परामा **अग्निदत्त+अग्निदत्त** (२०५३) उपन्यासले स्वैरकल्पना र मिथकीय प्रयोगका क्षेत्रमा नयाँ आधार प्रदान गर्दै अस्तित्ववादी विसङ्गतिवादी चिन्तनलाई अभिवृद्धि गरेको छ । **वीरचरित्र**को समग्र कथा र अग्निदत्तको मिथकीय सन्दर्भलाई पुनर्स्थापना गर्नु महत्त्वपूर्ण नवप्रयोग हो । सरुभक्तको **समय त्रासदी** उपन्यास पनि यस्तै प्रयोगको नमूना कृतिका रूपमा देखिएको छ । वर्तमानको विभग्न परिवेश र जीवनभोगका त्रासद अवस्थाको चित्रण गर्न उपन्यास सफल भएको छ । कृष्ण धरावासीको **शरणार्थी** (२०५७) उपन्यास नवचेतनात्मक प्रयोगको अर्को उदाहरणका रूपमा देखिएको छ । यी उपन्यासहरूमा विधागत बारहरू भत्किएका छन् । वास्तविक पात्र, परिवेश र काल्पनिक पात्रको समान भूमिका देखिएको छ ।

यसै परम्परालाई आत्मसात् गर्दै नेपाली उपन्यासको आधुनिक कालको नवचेतनात्मक उपन्यासका सन्दर्भमा 'तेराख'को आगमन भएको छ । पूर्वी नेपालको झापा जिल्लामा स्थायी बसोबास गरिरहेका 'तेराख' साहित्यलेखनका अतिरिक्त शिक्षक, राजनैतिक समाजसेवी र

---

[३६] ऋषिराज बराल, उपन्यासको सौन्दर्यशास्त्र, (काठमाडौँ : साझा प्रकाशन, २०५६), पृ.११३ ।

[३७] गोविन्दराज भट्टराई, **पश्चिमी बलेँसीका बाछिटा,** (काठमाडौँ : ने.रा.प्र.प्र., २०६०), पृ. २४७) ।

साहित्यिक पत्रकारका रूपमा पनि उत्तिकै सक्रिय देखिन्छन् । बाल्यावस्थामा नै मातृ वियोगको कठोर पीडा भोग्न बाध्य 'तेराख'को बालहृदयमा सधैँ उदासीनता र बेचैनीको बास भइरहन्थ्यो । यसका कारणले गर्दा उनमा जीवनको प्रारम्भिक घडीदेखि नै अन्तर्मुखी स्वभावको विकास हुँदै गयो र त्यहीँ अन्तर्मुखी स्वभावको क्षतिपूर्तिस्वरूप गम्भीर रूपमा साहित्य अध्ययन, चिन्तन, मननमात्र नभई, लेखनमा अहोरात्र प्रवृत्त हुन गयो ।[३८]

पुस्तकाकार रूपमा **प्रिया** (२०२६) काव्य लिएर नेपाली साहित्य क्षेत्रमा देखापरेका 'तेराख'का दर्जनौँ कृति प्रकाशित भइसकेका छन् । उनको लेखनले परम्परागत मूल्यबाट नयाँ दिशामा प्रस्तुत हुन निकै ठूलो सहायता प्रदान गरेको छ ।[३९] **पश्चिमी हावा** (२०५६) लामो कविता मार्फत् परिवर्तनकारी शक्तिको प्रतीक र विकासको संवाहकका रूपमा पश्चिमी हावालाई प्रस्तुत गर्ने 'तेराख' प्रगतिवादी राजनैतिक विचारअनुरूप लेखनमा क्रान्तिकारी विचार व्यक्त गर्दछन् । साहित्यका क्षेत्रमा केही न केही नयाँ प्रयोग र अग्रगति दिन नसके हाम्रो पहिचान रहन सक्दैन भन्ने 'तेराख' **टेष्टट्युब बेबी** (२०५७) उपन्यासमय नाटक र **ढाडेको नाकमा घिउ** (२०५९) कथामय निबन्ध जस्ता विधामिश्रणसँग सम्बन्धित मौलिक कृतिहरू प्रकाशित गरिसकेपछि **सर्वजा** उपन्यास (२०६०) लिएर देखापरेका हुन् । चिन्तन र बौद्धिक लेखनका कारण उनका कृतिहरू दर्शनभैँ लाग्दछन् । **सर्वजा** (२०६०) जस्तो गम्भीर चिन्तन भएको उपन्यास सिर्जना हुनमा उपन्यासकारको निरन्तर अध्ययन, अध्यापन र कल्पनाशील मस्तिष्कको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । पूर्वीय साहित्यका वेद, उपनिषद्, पुराण तथा नीतिशास्त्र आदि चिन्तनको सङ्गमस्थल सर्वजा उपन्यासको आधारभूमि भएको छ । आधुनिक विज्ञानका सन्दर्भमा विश्वरचना तथा जीव विकासको वैज्ञानिक चिन्तन र डार्विनको विकासवादी दृष्टिकोणको प्रभाव परेको देखिन्छ । यो उपन्यास हिन्दू दर्शनको विशालतामा आधारित छ तर केवल हिन्दूमा मात्र सीमित नभई बौद्ध, मुस्लिम, क्रिश्चियन सबै दर्शनलाई यहाँ समन्वय गर्न खोजिएको छ ।[४०] यसका साथै उपन्यासकारका प्रत्यक्ष अनुभव, भ्रमण आदिबाट नेपाली संस्कृतिका विविध पक्ष, जातजाति, रहनसहन आदिलाई टिपिएको छ । नारीप्रतिको सकारात्मक चेतप्रवाह भएको प्रस्तुत उपन्यासलाई स्वैरकल्पना र चेतनप्रवाहात्मक लेखनपद्धतिले गति प्रदान गरेको छ । फलस्वरूप दर्शनजस्तो गहन विषयलाई उपन्यासजस्तो सरल विधामा प्रस्तुत गरिएको मानवतावादी, समन्वयवादी, नारीवादी प्रयोगमूलक उपन्यास निर्मित भएको छ । यस उपन्यासका बारेमा विस्तृत अध्ययन यस शोधपत्रमा गरिने नै छ ।

---

[३८] ताराराज विविध, **जीवनयात्रामा तेराख**, (टेष्टट्युब बेबी उपन्यासमय नाटक, २०५८), परिशिष्ट भाग ।

[३९] राजेन्द्र सुवेदी, पूर्ववत् ।

[४०] गोविन्दराज भट्टराई, भूमिका, सर्वजा, (तेजराज खतिवडा, २०६०) ।

## ३.२ संरचना

आधुनिक नेपाली उपन्यास परम्परामा 'तेराख'को **सर्वजा** उपन्यास आकृतिका दृष्टिले मध्यम स्वरूपको कृति हो । यो कृति जम्मा २६ वटा अध्याय र २८७ पृष्ठमा विभाजित छ । प्रत्येक अध्यायको शीर्षक दिइएको प्रस्तुत उपन्यासमा आवश्यकताअनुसार अध्यायलाई दुईदेखि चारवटासम्म उपअध्यायमा विभाजन गरिएको छ । केही उपअध्यायलाई क, ख, ग, शीर्षक दिइएको छ । मूल अध्यायको समाप्तिपछि  सङ्केत चिह्न दिइएको छ र प्रत्येक नयाँ पृष्ठबाट अर्को अध्याय सुरु गरिएको छ । सबभन्दा लामो पन्ध्रौं अध्याय २२ पृष्ठमा र सबभन्दा छोटा उन्नाइसौं र बाइसौं अध्याय क्रमशः ३, ३ पृष्ठमा विभाजित छन् ।

प्रस्तुत उपन्यासको एउटा अध्यायदेखि अर्को अध्यायमा सङ्क्रमण गर्दा र एकै अध्यायभित्रका एकदेखि अर्को उपअध्यायमा सङ्क्रमण गर्दा वस्तु, पात्र, परिवेश र विचारले पनि एकबिन्दुबाट अर्को बिन्दुमा सङ्क्रमण गरेको छ । कतिपय सन्दर्भमा पात्रको स्वरूप, मनस्थिति र कालखण्ड नै पनि परिवर्तन भएको छ । आन्तरिक संरचनामा नेपालदेखि विश्व मानव जगत्सम्म, सामुद्रिक गहिराइदेखि सगरमाथाको चुचुरोसम्म, अन्तरिक्षदेखि दक्षिण अफ्रिका, रुस, ग्रीस आदि स्थानसम्मका विविध विषयवस्तु समेटिएका छन् । लौकिक र स्वभाविक वस्तुस्थितिबाट सुरु भएको उपन्यास अलौकिक र अभौतिक स्थितितिर उन्मुख हुँदै गएको छ । 'म' पात्रको आत्मालाप र मनोवादका क्रममा जीवनदर्शन र विश्वज्ञान समेटिएका संवादहीन लामा लामा अनुच्छेदहरू प्रस्तुत गरिएको छ । छरिएको विविध ज्ञान विज्ञानका प्रसङ्गलाई टिपेर उपन्यासको संरचना तयार पार्ने उपन्यासकारको अनौठो खुबी देखिन्छ ।

**सर्वजा** उपन्यासलाई निम्नलिखित शीर्षकका अध्याय तथा उपअध्यायमा विभाजन गर्ने काम भएको छ र तिनको शीर्षकबाट विषयलाई पनि सङ्केत गर्ने प्रयत्न गरिएको छ-

तालिका नं.१

**सर्वजा** उपन्यासको सङ्गठन तालिका

| अध्याय | उपअध्याय | पृष्ठदेखि सम्म | लेखकले दिएका शीर्षक |
|---|---|---|---|
| पहिलो | | १ देखि १४ सम्म | सर्वजासँग 'म' को भेट |
| दोस्रो | क, ख, ग | १५ देखि २८ | आदर्शवादी 'म' सर्वजा शब्दको मोहले रनफनिँदै जानु |
| तेस्रो | | २९ देखि ४३ | यौनले धतुलाएको 'म' को पहाडी यात्रा र सर्वजाका दुई रूप |
| चौथो | | ४४ देखि ५४ | कामवासनाको उखरमाउलोबाट 'म' अन्तु डाँडामा बक्बकाउनु |
| पाँचौं | | ५५ देखि ५८ | वृक्ष-श्राद्ध र सम्पूर्णताको आकर्षण : सम्पूर्णताको पराकाष्ठाबाट 'म' पलायन |
| छैटौं | | ५९ देखि ७५ | सर्वजाको अलौकिक शक्ति प्राप्त 'म' |

| | | | |
|---|---|---|---|
| | | | को सोच चिन्तनमा परिवर्तन, नारी रूपको खोजी |
| सातौँ | | ७६ देखि ८२ | हिमाली कन्दरामा रहेको अनौठो फूलबारीमा 'म' को विचरण |
| आठौँ | | ८३ देखि ८७ | नेपालका हिमाल, पहाड, प्राकृतिक दृश्य र सानातिना मसिना जीवहरूसँग 'म' को सहभागिता |
| नवौँ | | ८८ देखि ९४ | मको नेपालका विभिन्न जातिमा रूपान्तरण |
| दसौँ | | ९५ देखि १०२ | नवरङ्गे र अभूतपूर्ण सुनाखरी फूलको रमणीय संसारमा 'म' लट्ठ भएर विचरण गर्नु |
| एघारौँ | | १०३ देखि ११५ | राजकुमारी डायना, कार्नेशन फूल र अमेरिकाको अभूतपूर्व प्राकृतिक दृश्यमा 'म' चुर्लुम्म डुब्नु |
| बाह्रौं | | ११६ देखि १३२ | महान् अन्तर्राष्ट्रिय नाटक सम्राट जर्ज बर्नाड शामा रूपान्तरण |
| तेह्रौं | | १३३ देखि १५० | विश्वविख्यात कथाकार अन्तोन चेखवमा 'म' रूपान्तरण |
| चौधौँ | क र ख | १५१ देखि १६९ | सर्वजा चिन्तन दर्शन अझै बुझ्न विभिन्न शास्त्रमा डुबल्की मार्दै 'म' अखण्डकार त्रिकोणात्मक वेदी चिन्तनमा होमिनु |
| पन्ध्रौँ | चारवटा | १७० देखि १९१ | महान् धर्म, दर्शन-चिन्तनको उद्‌गमस्थल : एसिया |
| सोह्रौँ | | १९२ देखि २०१ | 'म' फेरि वनस्पति संसारमा रूपान्तरण |
| सत्रौँ | दुईवटा | २०२ देखि २२२ | समुन्द्र, जङ्गल, मानिस, जीवजन्तु, अन्तरिक्ष र अन्य केही यात्राहरूको सुरु सङ्केत |
| अठारौँ | दुईवटा | २२३ देखि २२८ | दक्षिण अफ्रिकाको जङ्गलतिर |
| उन्नाइसौँ | | २२९ देखि २३२ | गङ्गटाको संसार |
| बिसौँ | | २३३ देखि २३८ | भालुको सानो संसारभित्र |
| एक्काइसौँ | दुईवटा | २३९ देखि २४४ | ज्वलामुखी, चक्रवातः आँधीसँग रुमलिन पुग्नु |
| बाइसौँ | | २४५ देखि २४७ | डायनादेवीको मन्दिर |
| तेइसौँ | दुईवटा | २४८ देखि २६१ | अवर्णनीय सृष्टिरचनाको सानो झलक |
| चौबिसौँ | | २६२ देखि २७६ | अचानक-जहीँःतहीँ यत्रतत्रः सर्वत्र |
| पच्चिसौँ | दुईवटा | २७७ देखि २८२ | अन्तरिक्षबाट पृथ्वीतिर |
| छब्बिसौँ | | २८३ देखि २८७ | उपसंहार |

## ३.३ कथासार

प्रस्तुत उपन्यासमा एउटा अलौकिक शक्तिलाई उपन्यासकारले 'सर्वजा शक्ति' भनेका छन् । उपन्यासको कथावस्तु सर्वजाकै केन्द्रीयतामा घटित भएको छ । 'सर्वजा' शब्दको अर्थ सबै ठाउँ जन्मन सक्ने सबैलाई जन्माउन सक्ने र सबैतिर जन्मन सक्ने हुन्छ । उपन्यासको कथावस्तुलाई शीर्षकले नै प्रष्ट्याउँछ । प्रस्तुत उपन्यासमा एउटी अधवैँसे युवती सर्वजालाई उपन्यासकारले समस्त सौन्दर्य, प्रेम, कोमलता, ज्ञान र विवेकको प्रतिमूर्तिका रूपमा उभ्याएका छन् । सर्वजा एक जातको सानो कमलो बोट भएको फूल हो ।[४१] सर्वजा फूललाई प्रतीकात्मक रूपमा सर्वजा नारीका रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यास 'म' पात्रको आत्म विचलन र गम्भीर सोचाइका आधारमा प्रारम्भ भएको छ । **सर्वजासँग म को भेट** शीर्षकको प्रथम अध्यायको प्रारम्भमा झापास्थित आफ्नै घरमा सुत्केरी श्रीमती समानता र आफूलाई समेत सघाउन मित्र नरेन्द्रले 'म' पात्र सामु एउटी नौली आइमाई पठाएको छ । सर्वजा नामकी ती नारी देख्दा साधारण भए पनि असाधारण प्रतिभा भएकी छ । साधारण कुराकानीकै क्रममा क्रमश उक्त नारी अचानक असाधारण र यौनेत्तेजक ढङ्गमा प्रस्तुत हुन थालेपछि 'म' पात्रलाई असह्य हुन्छ । ऊ हरतरहले सर्वजालाई त्यहाँबाट हटाउने प्रयत्नमा लाग्छ । सर्वजाकाबारे अनभिज्ञता जाहेर गर्दै परिवार र जन्मका बारे सोध्दा उक्त नारी आफू पानी झैँ भएको, जहाँको भए पनि तिर्खा मेटाउने तत्त्व एउटै भएको यो पृथ्वी नै मेरो  घर हो, जहाँ हुन्छु त्यहीको पुरुष मेरो हुन्छ म केही होइन नारी हुँ भन्ने अनौठो उत्तर दिन्छे (सर्वजा, पृ. ६) उक्त नारीको अनौठो स्वभाव देखेर 'म' पात्र सोचमग्न हुन पुग्दछ । आदर्शवादी शिक्षक पेसामा समर्पित आफ्नो स्वभिमानमा आँच आउने र श्रीमती तथा छोरीले के सोच्लान भन्ने भयले उसलाई पिरोल्छ । 'म' पात्र पहिलेदेखि नै उपन्यासको खाका तयार पार्न लागेको हुन्छ तर सकिरहेको हुँदैन । आफ्नो आगमन स्वीकृत नभएपछि 'म' पात्रले उपन्यासको खाका तयार पार्न राखेको सादा कागजमा तीन अक्षर स र्व जा लेखेर विद्रोही भावले त्यहाँबाट बाहिरिन्छे । त्यसपछि 'म' पात्रलाई सर्वजाको अज्ञात आकर्षणले तान्न थाल्छ ।

दोस्रो अध्याय **आदर्शवादी 'म' सर्वजा शब्दको मोहले रनफनिँदै जानु** शीर्षकमा संरचित छ । आदर्शवादी 'म' पात्र विस्तारै सर्वजाप्रति मोहित हुँदै जान्छ । मनमा तर्कवितर्क खेलाउँदै यिनको चरित्र खराब छ भन्ने ठान्दाठान्दै पनि आफू किन मोहित हुँदैछु भन्ने छुट्याउन नसकी सर्वजा लेखिएको कागज रहस्यमय बन्दै गएको महसुस गर्न पुग्दछ । श्रीमतीलेसमेत थाहा नपाउने गरी सर्वजा लेखिएको कागज बाकसमा बन्द गरेर चाबी सुरक्षित राख्छ र निश्चिन्त

---

[४१] बालकृष्ण पोखरेल र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश** दो.स., (काठमाडौँ : ने.रा.प्र.प्र., २०५२), पृ. १३१८ ।

हुने प्रयास गर्छ । आफ्नो आदर्शता र नैतिकताले रक्सीया, जुवाडे तथा चरित्रहीन स्त्रीको सङ्गत त के सोच्दासमेत अपराध ठान्ने उक्त पुरुष नारी चिन्तनमा लागेर विश्वका जीवनदर्शन र सृष्टिरचना विषयक उपन्यास लेख्ने प्रण गर्दछ । सर्वजाको अभाव निरन्तर खड्किरहेको अनुभव गर्ने 'म' पात्र नारी चिन्तनमा डुब्दै साथी दामोदर निरौलासहित पहाडी इलामको यात्रामा निस्कने निश्चय गर्दछ ।

तेस्रो अध्याय **यौनले धतुलाएको 'म' को पहाडी यात्रा र सर्वजाका दुई रूप** शीर्षकमा संरचित छ । पहाडी इलामको मनोरम सौन्दर्यमा रम्दै साथी दामोदरसहित चौरालीमा पुगेको 'म' पात्रको पूजा गर्दै गरेकी अर्की नारी सम्पूर्णतासँग भेट हुन्छ । सर्वजा नामक फूलको स्याहार गर्ने उक्त नारीबाट नारी र पुरुषबारे धेरै ज्ञान पाउँछ । अत्यन्तै सरल साधुको जस्तो जीवनयापन गर्ने परिवेश, भित्तामा लेखिएका धार्मिक श्लोकहरू र प्रकृति निकटको जीवन देखेर साधारण नारीको उदाहरणीय कार्यबाट प्रभावित भएको 'म' पात्र नारीका दुई रूपबारे चिन्तन गर्न थाल्छ । सर्वजा कहाँ सम्पूर्णता कहाँ तर दुवै नारी हुन् एउटी यौनकी उपासक अर्की आध्यात्मदेवकी उपासक (सर्वजा, पृ.३९) 'म' पात्र सर्वजा शब्द अझ निकट र प्रिय बन्दै गएको महसुस गर्न थाल्छ ।

**कामवासनाको उखरमाउलोबाट 'म' अन्तु डाँडामा बकबकाउनु** शीर्षकमा संरचित चौथो अध्यायमा 'म' पात्र, साथी दामोदर र मार्गदर्शक खगन्द्र अर्याल तीनजना पात्रहरू अन्तुडाँडातर्फ लाग्छन् । सूर्योदयको अनुपम दृश्यावलोकन गर्दछन् । आधुनिक युवायुवती भोगविलासमा मस्त देखिन्छन् । भर्तृहरिको श्रृङ्गारशतक र एन्ड्र्यू मार्बलको अङ्ग्रेजी कविताका यौन विषयक श्लोकहरू प्रस्तुत गरिएको उक्त अध्यायमा 'म' पात्र सम्पूर्ण पृथ्वी, पानी, नारीजाति, बोटविरुवा यौनमय भएको महसुस गर्दै कामवासनाग्रस्त भएर अन्तुडाँडामा बक्बकाउन थाल्छ ।

पाँचौ अध्याय **बृक्ष-श्राद्ध र सम्पूर्णताको आकर्षणः सम्पूर्णताको पराकाष्ठाबाट 'म' पलायन** शीर्षकमा संरचित छ । 'म' पात्र नारी श्रद्धा र ज्ञानशक्तिबाट प्रेरित हुँदै जान्छ । सम्पूर्ण बोटविरुवा र पर्यावरणको रक्षाका लागि गरिएको बृक्षश्राद्धप्रति आकर्षित हुन्छ । सम्पूर्णताको विविध विषयक अध्ययन र अध्यापनबाट प्रभावित भएर नारी पनि पुरुषभन्दा कम रहेनछन् भन्ने चिन्तन गर्न थाल्छ । आफू पुरुष भएर पनि केही उदाहरणीय कार्य गर्न नसकेको ठानी आफू आत्मग्लानीले छट्पटाउँदै त्यहाँबाट पलायन हुन्छ ।

छैटौं अध्याय **सर्वजाको अलौकिक शक्ति प्राप्त 'म' को सोच चिन्तनमा परिवर्तन, नारी रूपको खोजी** शीर्षकमा संरचित छ । पुरातन कोरा आदर्शले आफूलाई बाँध्न नसक्ने निष्कर्षमा पुगेको 'म' पात्रलाई कल्पनामा डुब्दै जाँदा पञ्चकन्या देवीको दर्शन गर्ने इच्छा

जाग्छ । मार्गदर्शकका रूपमा लक्ष्मीनाथ शर्माको उपस्थितिसँगै मन्दिर पुग्दा अचानक त्यही सर्वजासँग भेट हुन्छ । उनी देवीको रूपमा अवतरित हुन्छिन् । त्यहाँ सर्वजा, समानता र सम्पूर्णता तीनवटै नारी देखापर्छन् । ऊ समानतालाई दयाकी साक्षात् र प्रत्येक वस्तुकी जन्मदाता करुणामयी आमाको रूपमा देख्छ । श्रीमतीको सानो रूप त उनीमा गौण भइसकेको अनुभव गर्छ । सर्वजाले नारीको उच्चता र पुरुषको निकृष्टता विषयक लामो व्याख्यान दिएपछि 'म' पात्रलाई  अलौकिक ज्ञान प्राप्त भई नारीलाई उच्च स्थान प्रदान गर्न पुग्छ । 'म' पात्र को सोचमा नारीप्रति सकारात्मक चेतप्रवाह हुँदै जान्छ । नारी रूपको खोजी र सर्वव्यापकताबारे अझै जान्ने जिज्ञासा बढ्दै जान्छ ।

सातौँ अध्याय **हिमाली कन्दरामा रहेको अनौठो फूलबारीमा 'म' को विचरण** शीर्षकमा संरचित छ । तूफानी यात्रामा अगाडि बढेको 'म' पात्र नेपालको समग्र हिमाली, पहाडी भागमा रहेका प्राकृतिक पर्यावरणका अनेकौँ वनस्पति, जीवजन्तु, समुद्री विशाल जलचरदेखि सूक्ष्म जीवाणु, विषालु सर्पदेखि विभिन्न चराचुरुङ्गी र मांशाहारी वनस्पति तथा सुन्दर फूलहरूजस्ता विविधतामय प्रकृतिको भोग गर्दै विचरण गर्छ । पुनः अनुसन्धानमूलक यात्रा र जीवनको रहस्यमय कथा व्यथाको ज्ञान आर्जन गर्न यात्रा सुरु गर्छ ।

आठौँ अध्याय **नेपालका हिमाल, पहाड, प्राकृतिक दृश्य र सानातिना मसिना जीवहरूहसँग 'म' को सहभागिता** शीर्षकमा संरचित छ । 'म' पात्र अज्ञात शक्तिको आकर्षणबाट तानिँदै तानिँदै तूफानी यात्रामा अगाडि बढ्दै जान्छ । आफूलाई कहिल्यै नथाक्ने र कहिल्यै बूढो भएर नास नहुने पुरुष यात्री अनुभव गर्छ । विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोबाट हिमाल राजाकी छोरी पार्वती र नङ्गा नागधारी शिवलाई मानव रूपमा हिमालयमा देख्छ । स्वैरकल्पनात्मक प्रस्तुतिमा संयोजन भएको प्रस्तुत अध्यायमा 'म' पात्र अनेक प्रकारका ताल, समुद्र, मरुभूमि, रङ्गीविरङ्गी फूलहरू आदि समग्र तत्त्वमा अवतरण गर्छ । विभिन्न निकुञ्ज घुम्दै दुर्लभ जनावर पशुपंक्षीबारे अनुभव सँगाल्दै 'म' निरन्तर रूपान्तरण प्रक्रियाबाट गुज्रन्छ । उसलाई नेपाली प्रकृतिमा हजारौँ वर्ष बिताएको अनुभव हुन्छ । अन्त्यमा अन्यत्र जाने सङ्केत स्वरूप प्रस्थान गर्छ ।

**'म' को नेपालका विभिन्न जातिमा रूपान्तरण** शीर्षकको नवौँ अध्यायमा 'म' पात्र नेपालका विभिन्न जातिमा रूपान्तरण भएको छ । हायू जातिमा रूपान्तरण भएर जीवन भोग गर्छ । त्यसपछि सर्वजा शक्तिकै प्रभावमा परेर दोलखा जिल्लाको सुरेल जातिमा रूपान्तरण हुन पुग्छ । सुरेल जातिको संस्कृति परम्परा अनुसरण गरिसकेपछि पुनः शेर्पा जातिमा रूपान्तरण हुन्छ । त्यसपछि क्रमशः थकाली, गुरुङ, ब्राह्मण दनुवारजस्ता जातिमा रूपान्तरण भएर जीवनभोग गर्छ । त्यहाँ पनि अचानक सर्वजा शक्तिकै आगमन भएपछि अर्कैतिर मोडिन्छ ।

दसौँ अध्याय **नवरङ्गे र अभूतपूर्व सुनाखरी फूलको रमणीय संसारमा 'म' लट्ठ भएर विचरण गर्नु** शीर्षकमा संरचित छ । स्वतन्त्र पर्यटक भई विचरण गर्न निस्किएको 'म' पात्र नवरङ्गे सुनाखरी फूलको सौन्दर्यमा हराउँछ । माछापुच्छ्रे र फेवाताल विचरण गर्दै हिँडको 'म' फुलिरहेको सुनाखरीमा पनि सर्वजाकै उपस्थिति पाउँछ । सुनाखरी फूल झैँ हाम्रो समाज पनि विभिन्न रङ्ग र साना ठूला वर्गमा विभाजन भएको तथ्य बुझ्दै जान्छ र अन्त्यमा सुन्दर फूलहरूले भरिपूर्ण नेपाली प्राकृतिक वातावरणबाट अन्यत्रै मोडिन्छ ।

**राजकुमारी डायना, कार्नेशनको फूल र अमेरिकाको अभूतपूर्व प्राकृतिक दृश्यमा 'म' चुर्लुम्म डुब्नु** शीर्षकको एघारौँ अध्यायमा ग्रिसेली गोठालो युवक कार्नेशन फूलको रूप प्राप्त गर्न पुगेको कथा प्रस्तुत गरिएको छ । पाश्चात्य सभ्यता र संस्कृतिका अनन्त पक्ष प्रस्तुत गरिएको उक्त अध्यायमा डायनाको मार्गनिर्देशनमा 'म' पात्रले अनुभव गरेका विविध घटना आएका छन् । 'म' पात्र कार्नेशन फूल र डायनालाई समान देख्छ । डायनाकै निर्देशनमा कहिले चर्चमा पुग्छ, कहिले गाउँ र सहरमा पुग्छ । जहाँ पनि नारी र पुरुषकै दुई रूपहरू मात्र देख्छ । डायनामा पनि सर्वजाकै प्रतिबिम्ब देख्छ । 'म' पुनः मोर्मन जातिमा रूपान्तरण भएर संस्कृति र परम्परा अनुसरण गर्छ । राजकुमारी डायनाबाट सृष्टिरचनाका सबै हावा पानी, माटो, ढुङ्गा, वनस्पति, पशुप्राणी र मानिस एउटै स्रोतको उपज हुन् भन्ने तथ्य थाहा पाउँछ ।

बाह्रौँ अध्याय **महान् अन्तर्राष्ट्रिय नाटकसम्राट जर्ज बर्नाड शामा रूपान्तरण** शीर्षकमा संरचित छ । नारी शक्तिको सर्वव्यापकता प्रस्तुत गरिएको उक्त अध्यायमा नारी शक्तिकै प्रभावले 'म' पात्रको रूपान्तरण जर्ज बर्नाड शामा भएको छ । लुसिण्डा र केयर आमा बाबुका सन्तानका रूपमा अवतरित जर्ज बर्नाड शाको जीवन र पारिवारिक पक्षहरू प्रस्तुत गरिएको छ । सडकमा जीवनयापन गर्न पुगेका जर्ज बर्नाड शाले विस्तारै लेखनमा प्रगति गर्दै गएको, विभिन्न नाटकहरूको रचना र प्रदर्शन गरेको, चर्चित बन्दै गएपछि विभिन्न नारी प्रेममा बाँधिदै गएको प्रसङ्ग जोडिएको छ । नोबेल पुरस्कार प्राप्त गर्न सफल भएको घटनासँगै अघि बढेको कथावस्तु शार्लोटसँग विवाह भएपछि फेरि अफ्रिकाको भ्रमणमा निस्किएको प्रसङ्गसँग सम्बन्धित छ । सामुद्रिक भ्रमणका क्रममा गहिराइमा डुबेका बेला त्यहाँ पनि सर्वजा शक्तिले नै बाहिर ल्याइदिएको र पुनः रूपान्तरणकै प्रक्रिया अगाडि बढेको छ । हरेक रूपान्तरणमा प्रेरक तत्व सर्वजारूपी नारी शक्ति रहेको देखाइएको छ ।

तेह्रौँ अध्याय **विश्वविख्यात कथाकार अन्तोन चेखवमा 'म' रूपान्तरण** शीर्षकमा संरचित छ । अन्तोन चेखवको जीवनसँग सम्बन्धित उक्त अध्यायमा सर्वजा शक्तिकै आदेशमा 'म' पात्र पुनः पावेल येगोरी र इब्जीनिया याकोब्लेनाको सन्तान भएर अन्तोन पाब्लो चेखवका

रूपमा रूपान्तरण भएको छ । जार शासकको शासन व्यवस्थामा हुर्किएका पिताको स्वभाव पनि क्रुद्ध भएको र चेखवले त्यसको कडा सजाय भोग्नुपर्ने पारिवारिक वातावरणमा हुर्किएर पनि विश्वविख्यात कथाकार बनेका चेखवको जीवन अनुभूत गर्न पुगेको छ । पूर्ण स्वतन्त्रता र बन्धनमुक्त जीवन उपभोग गर्न चाहने 'म' पात्र नारी प्रेमको प्रेरणाबाटै साहित्य सिर्जना गर्ने कार्यमा संलग्न रहन्छ ।

चौधौँ अध्याय **सर्वजा चिन्तन दर्शन अझै बुझ्न विभिन्न शास्त्रमा डुबुल्की मार्दै 'म' अखण्डकार त्रिकोणात्मक वेदी चिन्तनमा होमिनु** शीर्षकमा संरचित छ । सृष्टिरचनाको आदिकालदेखि वनस्पति पशुपंक्षी र मानिसको जीवनलाई परस्पर बाँधिएको र जीवनजगत् वनस्पतिको अस्तित्वमा जोडिएको देखाइएको छ । ऋषिमुनिहरूले पनि बोटवृक्षको पूजा गर्ने गरेको र वनस्पतिलाई मानव सन्तानको रूपमा हेर्ने गरेको तथ्य पुष्टि गर्न विष्णु भगवान्को तुलसीसँग विवाह भएको प्रसङ्ग प्रस्तुत गरिएको छ । सम्पूर्ण सृष्टिरचना त्रिकोणात्मक वेदी चिन्तनको उपज भएको र कुनै हालतमा पनि नारी वृत्तबाट पुरुष अलग्गिन नसक्ने रहेछन् भन्ने कुरामा 'म' पात्र सहमत हुँदै जान्छ ।

प्रस्तुत उपन्यासको पन्ध्रौँ अध्याय **महान् धर्म, दर्शन-चिन्तनको उद्गमस्थल एसिया** शीर्षकमा संरचित छ । निरन्तरको रूपान्तरण प्रक्रियाबारे सोचिरहेको 'म' पात्र सामु सर्वजाको उपस्थिति हुन्छ र विविधतापूर्ण रूपान्तरण प्रक्रियाबारे अझैँ बुझ्दै जान्छ । विश्वका प्रमुख धार्मिक चिन्तन दर्शन एसियाबाट जन्मिएको र त्यसको अगुवाई गर्ने नारी रूप नै भएको देखाइएको छ । सर्वजाकै प्रेरणाले कृष्ण, बुद्ध, यिसु र मोहम्मदजस्ता धर्मप्रवर्तकका रूपमा रूपान्तरित भए पनि एउटै सृष्टिका अलगअलग रूप मात्र हुन् भन्ने चिन्तन प्रस्तुत गरिएको छ । सम्पूर्ण समाज र सृष्टिरचना नै रूपान्तरणको प्रतिफल भएको चिन्तनको बोध 'म' पात्रलाई हुँदै जान्छ ।

**'म' फेरि वनस्पति संसारमा रूपान्तरण** शीर्षकमा संरचित सोह्रौँ अध्यायमा 'म' पात्र पुनः वनस्पति संसारमा रूपान्तरण हुन्छ । सम्पूर्ण वस्तु, पदार्थ अवतरित गराउने रहस्यमय शक्ति सर्वजारूपी नारी शक्ति वा प्रकृति भएको देखाइएको उक्त अध्यायमा वनस्पति अर्थात् जगत् जीवित प्राणी हो भन्ने प्रमाण प्रस्तुत गरिएको छ । 'म' पात्र क्रमशः विभिन्न जडिबुटी, बोटविरुवा, लहरा र अन्नहरूमा रूपान्तरण हुँदै अनुभव बटुल्दै पुनः मानव बालकमा रूपान्तरण हुन पुग्छ । सम्पूर्ण वनस्पति, प्राणी र प्रकृति जगत्प्रति समभाव राख्ने सोच 'म' पात्रमा जागृत हुँदै गएको छ ।

सत्रौँ अध्याय **समुद्र, जङ्गल, मानिस, जीवजन्तु, अन्तरिक्ष र अन्य केही यात्रहरूको सुरु सङ्केत** शीर्षकमा संरचित छ । सर्वजा, राजकुमारी डायना र सेल्मालागरलोफ तीनवटी नारीको उपस्थिति देखाइएको प्रस्तुत अध्यायमा साहित्यतर्फ नोबेल पुरस्कार बिजेता प्रथम नारी सेल्मालागरलोफको साहित्यिक प्रतिभाको कदर गरिएको छ । मातृशक्तिको आदरबाट राष्ट्रले गरिमा प्राप्त गर्छ जुन देशमा आमाको अपमान हुन्छ त्यो समाज असभ्य ठहरिन्छ

भन्दै नारीप्रति सकारात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । सेल्मालागरलोफको निर्देशनमा समग्र सामुद्रिक पर्यावरणको चित्रण गरिएको छ । सामुद्रिक जीवजन्तुको जीवनप्रक्रिया र स्वभावबारे विस्तृत विवरण प्रस्तुत गरिएको छ । सृष्टिरचनाका यावत् प्राणी, वनस्पति जगत्को विचरण गर्ने क्रममा 'म' पात्र जम्बेजी नदीतर्फ प्रस्थान गर्छ । कहिले बोथमियाको खाडी त कहिले हिमशैल र जम्बेजी नदीमा पुग्छ र जम्बेजी नदीसँग जीवनको तुलना गर्छ ।

**दक्षिण अफ्रिकाको जङ्गलतिर** शीर्षकमा संरचित अठारौं अध्यायमा दक्षिण अफ्रिकाको विशाल घाँसे मैदान र जङ्गली जनावरको विस्तृत विवरण प्रस्तुत गरिएको छ । सिंह, बाघ, जङ्गली घोडा, स्याल, भैंसी, सुतुरमुर्ग, हात्ती, कमिलाखोर, भालु, बाँदर, सर्प, माकुरा कमिलाजस्ता विशाल हिंस्रक वन्यजन्तुदेखि स-साना प्राणीसम्मको जीवनचर्या र विशेषता उल्लेख गर्दै प्रकृतिले दिएको ज्ञान र कलाको मर्म प्रस्तुत गरिएको छ । कुकर वन जङ्गलको प्रसङ्गमा त्यहाँको परिवेश चित्रण गर्दै सामूहिक सङ्गठनको महत्त्व देखाइएको छ ।

**गङ्गटाको संसार** शीर्षकमा संरचित उन्नाइसौँ अध्यायमा सेल्मालागरलोफकै निर्देशनमा 'म' पात्र अष्ट्रेलिया तर्फको यात्रामा निस्कन्छ । समुद्रीतटमा पुगेर गङ्गटाको जीवनचक्रको अनुभव गर्छ । प्रकृतिको भयावह अवस्थालाई कसरी जीवजन्तुले आत्मसात् गर्छन् भन्ने बुझ्दै जान्छ ।

**भालुको सानो संसारभित्र** शीर्षकमा संरचित बीसौँ अध्यायमा सेल्मालागरलोफकै इशारामा 'म' पुनः भालुको अवलोकन गर्न पुग्छ । उसलाई जङ्गली जनावर पनि पृथ्वीकै सन्तान भएको बोध हुँदै जान्छ । प्रेम तथा श्रद्धाभावबाट हिंस्रक जङ्गली भालुलाई समेत साथमा लिन सफल हुन्छ ।

**ज्वालामुखी चक्रवात आँधीसँग रुमलिन पुग्नु** शीर्षकमा संरचित एक्काइसौँ अध्यायमा 'म' पात्र सेल्मालागरलोफकै निर्देशनमा भयानक ज्वालामुखी क्षेत्रमा पुग्छ । पूर्णिमाको समयमा ज्वालामुखीको विष्फोटनमा वृद्धि भएको पाउँछ । हाम्रो जीवनमा पनि बाहिरी शक्तिको प्रभाव भइरहेको कुरा थाहा पाउँछ । प्रकृतिको भयावह अवस्थाबाट प्राणी र वनस्पतिले सक्षम बन्ने प्रेरणा प्राप्त गर्ने भएकाले चक्रवात आँधी र तूफान पनि आवश्यक भएको रहस्य थाहा पाउँछ ।

**डायना देवीको मन्दिर** शीर्षकमा संरचित बाइसौँ अध्यायमा रोमहरूका स्वर्गका राजा जुपिटर र उनकी अत्यन्तै सुन्दरी छोरी डायनाकाबारे जानकारी प्राप्त गर्छ । एफिसियन सहरको सजावट र डायनादेवीको मन्दिरको रहस्यबारे बुझ्दै जान्छ । एसियाका महिलाहरू धर्म संस्कृतिमा अगुवा भएका र यहीबाट सबै प्रमुख धर्म, संस्कृति फैलिँदै गएको कुरामा विश्वस्त हुन्छ ।

**अवर्णनीय सृष्टिरचनाको सानो झलक** शीर्षकमा संरचित तेइसौँ अध्यायमा सेल्मालागरलोफकै निर्देशनमा 'म' पात्र पृथ्वीबाट आकाश र अन्तरिक्षतर्फको यात्रा तय

गर्दछ । पृथ्वीको ऋतु चक्र, कूल क्षेत्रफल र पानीको क्षेत्रफलबारे जानकारी प्राप्त गर्छ । सौर्यमण्डलको पर्यावरणीय प्रभाव र सृष्टिरचनाको जटिल बनोटबारे जानकारी पाउँछ । महान् दार्शनिक सुकरातलाई मृत्युदण्ड दिएको दृश्यावलोकन गर्छ । सृष्टिरचनाको असामान्य बनोटबारे जानकारी प्राप्त गर्दै जान्छ । प्रथम र द्वितीय विश्वयुद्धका भयानक संहार, हिटलर, मुसोलिनीजस्ता तानाशाहहरूको चरित्र अनुभव गर्दछ ।

**अचानक जही तही यत्रतत्रः सर्वत्र** शीर्षकमा संरचित चौबिसौँ अध्यायमा सृष्टिरचनामा पाइने अनेक पशुपंक्षी, जलचर थलचरबारे जानकारी प्राप्त गर्दछ । कहिले हिमालयमा कहिले जङ्गल र विभिन्न ठाउँमा पुग्दै नयाँ नयाँ पशुप्राणी र तिनीहरूको क्रियाकलापको दृश्यावलोकन गर्दछ । पुतली, झिँगा, चरा, भ्यागुतो, छेपारो, मौरी, उडुस, भँगेरो, कङ्गारु आदि प्राणीका साथै विभिन्न वनस्पतिहरूका स्वभाव र विशेषताबारे अनुभव सँगाल्दै जान्छ । विश्वका विभिन्न ठाउँको विचरण गर्दै रूपान्तरणका विविध प्रकाहरूबारे ज्ञान प्राप्त गर्दछ ।

**अन्तरिक्षबाट पृथ्वीतिर** शीर्षकमा संरचित पच्चिसौँ अध्यायमा 'म' पात्र पुनः सेल्मालागरलोफकै इशारामा पृथ्वीतिरको यात्रा तय गर्दछ । रुसका सर्कसका महान् कलाकार पपोपको कला प्रदर्शन अवलोकन गर्छ । त्यसपछि रुसको भाग्यविधाता मानिएको बोल्गा नदीमा हेलिएर लामो यात्रा सम्पन्न गर्दै भारतको पवित्र धर्म र संस्कृतिको केन्द्र गङ्गा नदीमा अवतरण गर्न पुग्छ । विभिन्न नारी तथा पुरुषहरू पटकपटक रूपान्तरण हुँदै गएका र अन्त्यमा सम्पूर्ण सृष्टिरचना रूपान्तरण नै रूपान्तरणको प्रक्रियाबाट सञ्चालन भएको अनुभव गर्दछ ।

**उपसंहार** शीर्षकमा संरचित छब्बिसौँ अध्यायमा 'म' पात्रका जीवनभोगका सन्दर्भमा सर्वजारूपी नारी शक्तिबाट प्रेरित भएर अनुभव गरेका यावत् घटनाहरूको पुनः स्मरण गरिएको छ । सृष्टिरचनाका हरेक पक्षमा मातृशक्तिरूपी सर्वजाको समायोजन भएको अनुभव गरिएको छ । समग्र पक्षको रूपान्तरणको कारक तत्त्व प्रकृतिलाई स्विकारिएको छ । जन्म, मृत्यु पनि रूपान्तरणको एक माध्यम भएको र यो सृष्टिमा नारीहरूले नारी धर्म समान रूपमा ग्रहण गरी यो धर्ती बचाइरहेछन् भन्ने निष्कर्षमा 'म' पात्र पुगेको छ । पुरुष पनि नारीको त्याग र समर्पणमा आजको अवस्थामा आइपुगेको छ भन्ने चिन्तन प्रस्तुत गर्दै उपन्यासकारले सर्वजाहरूप्रति र सर्वजारूपी शक्तिप्रति श्रद्धाभाव व्यक्त गरेर उपन्यासको कथावस्तु टुङ्ग्याएका छन् ।

## ३.४ सर्वजा उपन्यासको वस्तुसंयोजन

कथावस्तु उपन्यासको प्रमुख निर्माण सामग्री हो । कथावस्तुको उचित संयोजनबाट मात्र उपन्यासले वास्तविक स्वरूप प्राप्त गर्दछ । कथावस्तु उपन्यासको कथ्यवस्तु हो अर्थात् उपन्यासको कथ्यवस्तुको रूपमा आउने विषय नै कथावस्तु हो । यसको निर्माण जीवनले

आत्मसात् गरिरहेका वस्तु र घटनालाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ ।[४२] उपन्यासमा सामाजिक, ऐतिहासिक, मनोवैज्ञानिक आदि विषयवस्तु हुन सक्छन् । मान्छेका अन्तः संरचना र बाह्य प्रवृत्तिका पक्षहरूलाई उद्देश्यअनुसार उपन्यासकारले समेट्न सक्छ । कुनै उपन्यासमा कथावस्तु अत्यन्त क्षीण हुन्छ भने कुनैमा सुगठित कथावस्तु हुन्छ तर कथावस्तुहीन उपन्यास चाहिँ हुन सक्दैन ।

प्रस्तुत उपन्यास 'म' पात्रको आत्मविचलन र गम्भीर चिन्तनका आधारमा प्रारम्भ भएको छ । सामाजिक, लौकिक र स्वाभाविक वस्तुस्थितिबाट सुरु भएको उपन्यास अलौकिक, अस्वाभाविक र स्वैरकल्पनात्मक प्रस्तुतिमा संयोजन भएको छ । उपन्यासको भोक्ता 'म' पुरुष पात्र र सर्वजा नारी पात्रका मनोलोकका तर्कवितर्कको सन्दर्भमा जीवनजगत्का अनेक रहस्य, सर्वस्वीकार्य मूल्यमान्यताका अतिरिक्त विश्वज्ञान समेटिएको छ । लैङ्गिक द्वन्द्वसम्बन्धी चिन्तन आध्यात्मिक चिन्तन, यौन चिन्तन, कला साहित्य र धर्म संस्कृति आदिको विविध विषयवस्तु आएका छन् । वैज्ञानिक चिन्तन र प्रयोगका विविध सन्दर्भहरू प्रस्तुत भएका छन् । हिन्दू जीवनदर्शनमा आधारित प्रकृति र पुरुषको सहसम्बन्ध प्रष्ट्याउँदै सृष्टिसञ्चालनका कारक तत्त्वका रूपमा नारी र पुरुष प्रेमको महत्त्वबोध गरिएको छ । प्रस्तुत उपन्यासको वस्तुसंयोजनलाई निम्नलिखित तालिकाका आधारमा बुँदागत रूपमा अध्ययन गर्न सकिन्छ-

तालिका नं. २ सर्वजा उपन्यासको वस्तुसंयोजन

| अध्याय | उपअध्याय | पृष्ठदेखि सम्म | वस्तुसङ्केत | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | १ देखि १४ | पुरुष र नारी बिम्बका बीचको विपरित यौन बोध | एउटै कथा |
| दोस्रो | तीनवटा | १५ देखि २८ | नारी र नारी बिम्बका बीचको समलिङ्गी इर्ष्याबोध | पहिलो अध्यायको निरन्तरता |
| तेस्रो | | २९ देखि ४३ | स्थिर मातृशक्ति र अस्थिर पुरुष स्वभावको वर्णन | परिवर्तित कथा |
| चौथो | | ४४ देखि ५४ | 'म' पात्रको अन्तर्वेदनाको कुण्ठा र यौनदृष्टिको सहज प्रतिपादन | दोस्रो अध्यायको निरन्तरता |
| पाँचौं | | ५५ देखि ५८ | मानव र बोटबिरुवा एउटै प्रकृतिका सन्तान हुन्, प्राकृतिक भण्डारलाई जोगाइ राख्न सके सबैको रक्षा हुन्छ । | परिवर्तित कथा |
| छैटौं | | ५९ देखि ७५ | नारी शक्ति र अस्मितामा पाइने सर्वस्वीकार्य मूल्यहरू प्रतिपादन | परिवर्तित कथा |
| सातौं | | ७६ देखि ८२ | विविधतामय नेपाली स्वभाव र | परिवर्तित कथा |

[४२] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, (वाराणसीः भूमिका प्रकाशन, २०५३), पृ. १३ ।

| | | | | |
|---|---|---|---|---|
| | | | स्रोतलाई उपर्युक्त र शास्वत सत्यका आधारमा प्रतिपादन | |
| आठौँ | | ८३ देखि ८७ | विविधतामय प्राकृतिक स्वरूप र परम्परागत मूल्यका आधारमा स्थापित नवीनताहरू आत्मसात् | सातौँ अध्यायको निरन्तरता |
| नवौँ | | ८८ देखि ९४ | बहुसंस्कृतिको चित्रण र रूपान्तरणमय सृष्टिरचनाको प्रस्तुति | परिवर्तित कथा |
| दसौँ | | ९५ देखि १०२ | विविधतामय प्राकृतिक सौन्दर्यको वर्णन र 'म' पात्र नारी शक्तिबाट प्रेरित बन्दै गएको अवस्था | परिवर्तित कथा |
| एघारौँ | | १०३ देखि ११५ | नारी र पुरुषबीचको समन्वयबाट मात्र उन्नति सम्भव छ र सृष्टि रचनाको वास्तविक मर्म रूपान्तरण हो । | परिवर्तित कथा |
| बाह्रौ | | ११६ देखि १३२ | पुरुष बिम्बको रूपान्तरण जर्ज बर्नाड शाले भोगेका जीवनका विविध आयामहरू | परिवर्तित कथा |
| तेह्रौँ | | १३३ देखि १५० | पुरुष बिम्बको रूपान्तरण अन्तोन चेखवले भोगेका जीवनका विविध आयामहरू | परिवर्तित कथा |
| चौधौँ | क र ख | १५१ देखि १६९ | यौन बिम्बका रूपमा त्रिकोणात्मक वेदी चिन्तको तथ्य उद्घाटन | परिवर्तित कथा |
| पन्ध्रौँ | चारवटा | १७० देखि १९१ | सम्पूर्ण धर्म, दर्शन, चिन्तनको उद्गम स्थल एसिया भएको र मातृशक्तिबाट सभ्यताले निरन्तरता पाएको तथ्य उद्घाटन | परिवर्तित कथा |
| सोह्रौँ | | १९२ देखि २०१ | वैज्ञानिक चिन्तन र प्रयोगद्वारा वनस्पति जगत् पनि जीवित प्राणी भएको तथ्य प्रस्तुत भएको धारणा | परिवर्तित कथा |
| सत्रौँ | दुईवटा | २०२ देखि २२२ | सामुद्रिक पर्यावरणको चित्रण, त्यसको उपादेयता र जीवनको निरन्तरता प्रस्तुत भएको | परिवर्तित कथा |
| अठारौँ | दुईवटा | २२३ देखि २२८ | सर्वजारूपी सेल्मा लागरलोफका निर्देशनमा 'म' पात्रका जीवनभोगको प्रसङ्ग | परिवर्तित कथा |
| उन्नाइसौँ | | २२९ देखि २३२ | प्रकृतिका सबै जीवहरूले | परिवर्तित कथा |

| | | | | |
|---|---|---|---|---|
| | | | वातावरण अनुकूल भएर बाँच्ने गुण प्राप्त गरेका हुन्छन् । | |
| बिसौँ | | २३३ देखि २३८ | जीवनजगत्का द्वन्द्वात्मक ज्ञान र प्रेमको सर्वोपरिताको वोध | परिवर्तित कथा |
| एक्काइसौँ | दुईवटा | २३९ देखि २४४ | प्राकृतिक प्रकोपबाट पनि जीवजन्तुले सक्षम बन्ने प्रेरणा प्राप्त गर्दछन् । | परिवर्तित कथा |
| बाइसौँ | | २४५ देखि २४७ | नारीको अलौकिक शक्ति र रहस्यको उद्घाटन | परिवर्तित कथा |
| तेइसौँ | दुईवटा | २४८ देखि २६१ | रूपान्तरणमय ऋतुचक्र पृथ्वीको गतिशील प्रक्रियाको उपज भएको चिन्तन र पर्यावरणीय प्रभावको वर्णन | परिवर्तित कथा |
| चौबिसौँ | | २६२ देखि २७६ | विविधीकरण रूपान्तरण प्रक्रिया र मातृसत्ताको प्रेरणाद्वारा सृष्टि सञ्चालन भएको तथ्य उद्घाटन | परिवर्तित कथा |
| पच्चिसौँ | दुईवटा | २७७ देखि २८२ | जीवनजगत् नै परिवर्तनको अर्को नाम हो । | परिवर्तित कथा |
| छब्बिसौँ | | २८३ देखि २८७ | रूपान्तरणमय सृष्टिरचना र नारीशक्तिको महिमागान | सारांश कथा |
| जम्मा छब्बीस अध्याय | उन्नाइस उपअध्याय | २८७ पृष्ठ | समग्रमा समन्वयवादी, मानवतावादी, नारीवादी चिन्तनको प्रस्तुति | |

## ३.४.१ लैङ्गिक द्वन्द्व

प्रस्तुत उपन्यासमा नारी र पुरुषबीचको लैङ्गिक द्वन्द्व चिन्तन तथा विभेदलाई स्पष्ट रूपमा उतार्ने प्रयत्न भएको छ । सम्पूर्ण पुरुषप्रधान समाजको बिम्ब बनेको 'म' मात्र र सम्पूर्ण नारी जातिकी बिम्ब बनेकी सर्वजका बीचको तर्कवितर्कका सन्दर्भमा मानवका साथै मानवेत्तर पक्षका लैङ्गिक विभेदलाई समेत सङ्केत गरिएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त लैङ्गिक द्वन्द्व तथा विभेदका सन्दर्भहरूलाई निम्नलिखित आधारमा स्पष्ट गर्न सकिन्छ -

### ३.४.१.१ पुरुष प्रबल नारी दुर्बल वस्तुको प्रयोग

प्रस्तुत उपन्यासको प्रारम्भमा पुरुषको प्रभुत्ववादी सोचको वकालत गर्ने 'म' पात्र भाले जातिको अहम्को अगाडि नारी वा पोथी जाति नगन्य रूपमा उपस्थित भएको महसुस गर्दछ । (सर्वजा, पृ. १) पुरुषप्रधान मानसिकताले ग्रस्त उक्त पुरुष नारी जातिलाई केवल भोग्या वस्तुका रूपमा मात्र सम्झन्छ । उपन्यासको विषयवस्तु खोजिरहेको उक्त पुरुषसामु सर्वजा नामकी नारीको आगमन भएपछि नारी र पुरुषबीचको द्वन्द्वचेतको आरम्भ भएको छ ।

(सर्वजा, पृ.३) नारीको सर्वव्यापकता विषयक सर्वजाको चिन्तनका अगाडि उक्त पुरुषको विपरित नारी चिन्तनको प्रस्तुतिबाट लैङ्गिक द्वन्द्वले गति प्राप्त गरेको अवस्था देखिएको छ । सर्वजा, पृ. ६) नारी र पुरुषबीच किलकिलेको भेद देखाएको अवस्थामा लैङ्गिक विभेद स्पष्ट रूपमा देखिएको छ । (सर्वजा, पृ. १७) मित्र नरेश, उनकी श्रीमती, म पात्र र सर्वजा सबैका नारी र पुरुष अस्तित्व तथा मूल्यलाई हेर्ने आ-आफ्नै दृष्टिकोण प्रस्तुत भएका छन् । लैङ्गिक दृष्टिले भिन्दाभिन्दै स्वभाव बोकेका गतिशील पुरुष बिम्ब 'म' र स्थिर नारी बिम्ब सर्वजा शक्तिलाई प्रस्तुत गरिएको छ । परस्त्री सम्बन्धका कुरामा आफू जति नै निर्दोष भए पनि श्रीमतीका नजरमा दोषी देखिने शङ्काले त्रसित भएको सन्दर्भमा पुरुष शक्ति दुर्बल देखिएको स्थिति सिर्जना भएको छ । (सर्वजा, पृ. १०) सुरुमा प्रभुत्वशाली देखिए पनि विस्तारै नारी शक्तिका सामु नतमस्तक भएर पछि लागेको उक्त पुरुष नारी शक्तिकै प्रभावले जर्ज बर्नाड शा (सर्वजा, पृ. ११६), अन्तोन चेखव (सर्वजा, पृ. १३३), बुद्ध (सर्वजा, पृ. १७७), यिसु (सर्वजा, पृ.१८०), मोहम्मद (सर्वजा, पृ. १८७) आदि शक्तिशाली पुरुष बिम्बका रूपमा रूपान्तरित भएको छ ।

लौकिक तथा अलौकिक नारी पनि भोग्यावस्तु नै हुन् भन्ने मानसिकताले ग्रस्त उक्त पुरुषमा सर्वजा शक्तिका प्रभावले नारी र पुरुषबीच समतामूलक दृष्टिकोण राख्ने सोचको विकास भएको छ ।

### ३.४.१.२ नारी प्रबल पुरुष दुर्बल वस्तुको प्रयोग

नारीलाई केवल भोग्यावस्तुका रूपमा मात्र ठान्ने म पात्र पहाडी यात्राका क्रममा भेटिएकी नारी सम्पूर्णताको उदाहरणीय कार्यबाट प्रभावित भएर आफू पुरुष भएर पनि केही गर्न नसकेकोमा आत्मग्लानीले छट्पटाएको अवस्थामा पुरुषको अहम् तिरोहित भई नारीलाई उच्च स्थान प्रदान गर्दै नारी रूपको खोज र चिन्तन गर्न प्रेरित भएको अवस्था सिर्जना भएको छ । (सर्वजा, पृ. ५८) अन्तु डाँडाको यौनमय वातावरण अनुभव गर्न पुगेको उक्त पुरुष एक्लो गीतारवादकको उदासीनता देखेर यौन रहस्यको महत्त्वबोध गर्दै सर्वजा शक्तिकै जित भयो भन्ने निष्कर्षमा पुगेको अवस्था आएको छ । (सर्वजा, पृ. ४६) साधारण ठानिएकी श्रीमती समानतासमेत पञ्चकन्या मन्दिर परिसरमा देवीको रूपमा विराजमान भएबाट नारी शक्ति प्रबल भएको देखिएको छ । (सर्वजा, पृ. ६५) शङ्कराचार्यले उदय भारतीसँग शास्त्रार्थमा हारेको प्रसङ्गमा नारी शक्ति प्रबल बनेको अवस्था छ । (सर्वजा, पृ. ६९) पुरुषप्रधान समाजमा नारीका हरेक दोष देखाइने प्रवृत्ति भए पनि हरेक दोषमा पुरुष जिम्मेवार रहेको ठानिएको छ । (सर्वजा, पृ. ७०) उक्त पुरुष एउटा सानो बालक आमाका पछिपछि हिँडेझैँ सर्वजा शक्तिका निर्देशनमा हिँडेको सन्दर्भमा पुरुष शक्ति दुर्बल देखिएको छ । (सर्वजा, पृ.

७९) उक्त पुरुष रूपान्तरित जीवनभोगका सन्दर्भमा डोल्मा शेर्पाको कान्छो लोग्ने भएर उनकै अरनखटनमा हाटबजार गएको प्रसङ्ग आएको छ । (सर्वजा, पृ. ९१) पशुपतिनाथमा पुरुष शक्ति भगवान शिव नारी शक्तिका अगाडि सानो बालकका रूपमा उपस्थित भएको महसुस गरिएको छ । (सर्वजा, पृ. ९६) डायनारूपी नारी शक्तिको निर्देशनलाई स्विकार्दै हिँडेको उक्त पुरुष नारी शक्तिका अगाडि आफू भुसुनाझैँ भएको महसुस गर्न पुगेको छ । (सर्वजा पृ. १०८) जर्ज बर्नाड शामा रूपान्तरित पुरुष नारी शक्तिकै कारण शक्तिशाली बनेको छ । (सर्वजा, पृ. ११६) अन्तोन चेखवमा रूपान्तरित पुरुष नारी शक्तिकै कारण लेखनमा प्रगति गर्दै गएको छ । (सर्वजा, पृ. १४४) आफ्नो परिवार तथा सुखसयल बाधक ठानेर तपस्या गर्न हिँडेका सिद्धार्थले नारी शक्तिकै प्रेरणाले बुद्धत्व प्राप्त गरेको प्रसङ्ग आएको छ । (सर्वजा, पृ. १६९) खादिजाको पुनर्विवाह र मोहम्मद उनको प्रभावमा परेको प्रसङ्ग आएको छ । (सर्वजा, पृ. १८७) उपन्यासको अन्त्यमा सर्वजारूपी नारी शक्ति सेल्मालागरलोफ शक्तिशाली बनेकी र 'म' पात्र उनकै निर्देशनमा सञ्चालित भएको सम्पूर्ण अवस्थामा नारी शक्ति नै प्रबल भएको अवस्था सिर्जना भएको छ । प्राकृतिक भयावहको प्रतीकका रूपमा प्रस्तुत गरिएको तूफानसँग पुरुष डराएको तर सेल्मालागरलोफ कति पनि विचलित नभएको अवस्थामा पुरुषशक्ति कमजोर सावित भएको छ । (सर्वजा पृ. २४२) डायनादेवीको रहस्यात्मक शक्तिको प्रसङ्गमा नारी शक्तिको प्रबलताको उच्च मूल्याङ्कन गरिएको छ । (सर्वजा, पृ.२४५)

प्रस्तुत उपन्यासमा मानवेतर प्राणी र वनस्पति जगत्मा पनि नारी शक्तिको महत्त्वबोध गरिएको छ । पोथी चितुवाले भाले चितुवा र सिंहिनीले सिंहलाई आकर्षित गरेको प्रसङ्गमा नारी शक्ति प्रबल देखिएको छ । (सर्वजा, पृ. २२५) पोथी माकुरीले आफ्ना सन्तान बचाउँनका लागि आफ्नो ज्यान समर्पण गरेको प्रसङ्गमा आमाको महानता प्रस्तुत भएको छ । नारी बिम्बको प्रतीक फूलले भ्रमरा आकर्षित गरेर वनस्पति जगत्को जीवनचक्र सञ्चालन गरेको प्रसङ्गमा नारी शक्तिकै प्रबलता देखिएको छ । (सर्वजा, पृ. १५६)

### ३.४.२ यौन चिन्तन

प्रस्तुत उपन्यासमा यौन चिन्तनका विषयवस्तुलाई सहज ढङ्गमा प्रतिपादन गरिएको छ । उपन्यासको प्रारम्भमा 'म' पात्र नारीलाई बन्धन र यौनलाई घृणाका दृष्टिले हेर्दछ । (सर्वजा, पृ. ८) आफू आदर्शवादी शिक्षक पेसामा समर्पित भएकोले यसबारे सोच्न समेत अपराध ठान्दछ तर सृष्टिरचना, सञ्चालन र नारी चिन्तन विषयक उपन्यास लेख्न प्रयत्नरत छ । (सर्वजा, पृ. २५) । उक्त पुरुषका सामु सर्वजा नारी उपस्थित भएर यौन चिन्तनप्रतिको सकारात्मक दृष्टिकोण प्रस्तुत गरेका अवस्थामा अवधुत गीताको यौन चिन्तन विषयक

श्लोकको प्रसङ्ग आएको छ । (सर्वजा, पृ. ११) यौन आकाङ्क्षाले जन्माएको बुबुक्षाले पीडित बनेको अधैर्य पुरुष मानसिकताको उदाहरण 'म' को यौन चिन्तन र निराशाले प्रस्तुत गरेको छ ।[४३] सर्वजाले छोडेका यौनकुण्ठाबाट मोहित बन्दै गएको उक्त पुरुषको चिन्तनका सन्दर्भमा चार्वाक दर्शन र फ्रायडवादका यौन चिन्तन विषयक प्रसङ्ग प्रस्तुत भएको छ । (सर्वजा पृ. २०) अन्तुडाँडाको परिवेशको अनुभव गर्न पुगेको उक्त पुरुष सम्पूर्ण पृथ्वी, प्राणी, वनस्पति यौनमय भएको देखेर कामवासनाग्रस्त भएको अवस्थामा श्रृङ्गारशतकका यौन विषयक चिन्तनको सहज प्रतिपादन भएको छ । (सर्वजा पृ.४७) कवि एन्ड्रयू मार्बलको अङ्ग्रेजी कवितामा पाइने यौनचिन्तनका माध्यमबाट पुरुषको भोगवादी दृष्टिकोणको वकालत गरिएको छ । (सर्वजा, पृ.५१)

सम्पूर्ण नारी जातिलाई केवल भोगवादी दृष्टिकोणले हेर्ने 'म' पात्र पहाडी यात्रामा भेटिएकी सम्पूर्णताको उदाहरणीय कार्यबाट प्रभावित भएर नारीप्रति सकारात्मक बन्दै गएको अवस्था सिर्जना भएको छ । (सर्वजा, पृ.३९) यौन बिम्बका रूपमा पहाडी थुम्काथुम्की र ओसिला भू-भागहरूलाई सङ्केत गरिएको छ । (सर्वजा, पृ. ४१) यौन चिन्तनको तर्क वितर्कका सन्दर्भमा नीतिशतक र वैराग्यशतकले प्रस्तुत गरेको यौनविकर्षणको दृष्टिकोण प्रस्तुत भएको छ । (सर्वजा, पृ. ६७) सम्पूर्ण सृष्टिरचनाको द्वार र नारी यौन बिम्बका रूपमा त्रिकोणात्मक वेदी चिन्तनको रहस्योद्घाटन गरिएको छ । साना ठूला जीवजन्तु, प्राणी वनस्पति सबै त्रिकोणात्मक वेदी चिन्तनकै उपज भएको तथ्य प्रस्तुत भएको छ । (सर्वजा, पृ. १५९)

समग्र सृष्टिरचना यौन समागमले निर्मित भएको रहस्यबोध गर्दै सृष्टिसञ्चालन र जैविक आवश्यकता परिपूर्तिका लागि यौनलाई स्वभाविक वस्तुका रूपमा स्विकारिएको छ ।

### ३.४.३ वनस्पति विज्ञान

वनस्पति विज्ञानका विविध सन्दर्भहरू पनि उपन्यासको विषयवस्तुका रूपमा समेटिन सक्छन् । प्रस्तुत उपन्यासको प्रारम्भमा सृष्टिरचनामा प्राणीको सहयोगी तत्त्वका रूपमा वनस्पति जगत्लाई स्वीकार गरिएको छ । (सर्वजा, पृ.२) सम्पूर्ण पर्यावरणकी बिम्ब बनेकी सम्पूर्णताबाट वनस्पति जगत्को रक्षार्थ वृक्षश्राद्ध गराएको र हरियो पहिरनमा वनभ्रमण गरेको सन्दर्भमा मानिस र बोटविरुवा एउटै प्रकृतिका सन्तान भएकोले पर्यावरण जोगिए मात्र हाम्रो अस्तित्व रहने तथ्य प्रस्तुत भएको छ । (सर्वजा, पृ.५७) सृष्टिरचनाका विविध आकारप्रकार र स्वभाव भएका वनस्पति जगत्को आत्मसात् गर्न पुगको 'म' पात्रका अनुभवका सन्दर्भबाट विविधतामय प्राकृतिक स्वभाव र स्वरूपलाई शास्वत सत्यका

[४३] सुवेदी, पूर्ववत् पृ. ११ ।

आधारमा प्रतिपादन गरिएको छ । (सर्वजा, पृ.८०) मानिस र वनस्पति एक अर्काका पूरक र रक्षक भएको तथ्य ऋषिमुनिहरूको परम्परादेखि नै वरपीपल, तुलसी र श्रीखण्डको पूजा गर्दै आएको प्रसङ्गबाट पुष्टि गरिएको छ । (सर्वजा, पृ. १५१) यिसुले जैतुनको वृक्षलाई महत्त्व दिएको र आधुनिक विज्ञानले पनि औषधिको रूपमा प्रयोग गर्ने गरेको सन्दर्भ आएको छ । (सर्वजा, पृ. १८४) विभिन्न वैज्ञानिक प्रयोगका माध्यमबाट वनस्पति जगत् पनि जीवित प्राणी सरह भएको तथ्य प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. १९५) कश्यप ऋषिका सन्तानका रूपमा सम्पूर्ण प्राणी, वनस्पति उत्पन्न भएको श्रीमद्भागवतको प्रसङ्गबाट वनस्पति जगत् र प्राणीको सहसम्बन्ध प्रष्ट्याउने प्रयत्न गरिएको छ । (सर्वजा, पृ. १७६) रङ्गीविरङ्गी सर्वजा फूलको प्रसङ्ग (पृ.३२), विभिन्न प्रजातिका सुनाखरी फूलको प्रसङ्ग (पृ.१००), कार्नेशन फूलको प्रसङ्ग (पृ.१०३), विष फूलको प्रसङ्ग (पृ.८०) मोपाने वनस्पतिको प्रसङ्ग (पृ. २२७), मांशाहारी वनस्पतिको प्रसङ्ग (पृ. ८२), कुमुद फूलको प्रसङ्ग, (पृ.१४६) आदि आ-आफ्नो स्वभाव र विशेषता भएका वनस्पति जगत्को प्रसङ्गबाट प्रकृतिको अद्भूत कलाको रहस्यबोध गरिएको छ ।

समग्रमा हेर्दा प्रस्तुत उपन्यासको वस्तुसंयोजनमा वनस्पति जगत्का अनेक सन्दर्भ समेटिएको देखिन्छ ।

### ३.४.४ प्राणीविज्ञान

विविधतामय सृष्टिरचनाको अनुभव सँगाल्दै हिँडेको म पात्रले आत्मसात् गरेको सन्दर्भमा विभिन्न जीवजन्तु, पशुपंक्षी आदिका स्वभाव र प्रवृत्ति वर्णन गरिएको छ । नेपाली प्रकृतिमा पाइने बाघ, भालु, हात्ती, चितुवा, कस्तुरी मृग, मिथुन, अर्ना, दुम्सी आदि वन्यजन्तुका विचित्रविचित्रको जीवनपद्धतिको प्रसङ्ग आएको छ । कोइली, काँडेभ्याकुर, कर्मी चरा, पेन्टिया शेर्पा, पुतली, वनमौरी, अरिङ्गल, खागो आदिका प्रसङ्गबाट विविधतायुक्त प्राणी जगत्को चित्र उतारिएको छ । (सर्वजा, पृ. ८७)

परस्पर विरोधी जङ्गली जनावरहरूको जीवनप्रक्रियाको प्रस्तुतिबाट सृष्टि सञ्चालनको अज्ञात रहस्य र मर्म देखाइएको छ । (सर्वजा, पृ. ७८) भाले सिल र पोथी सिलका स्वभावलाई मानव स्वभावका रूपमा वर्णन गरिएको छ । (सर्वजा पृ. २१४) दक्षिण अफ्रिकाको सरन घाँटीको जङ्गली परिवेश र विल्ड विष्ट, जेब्रा, चितुवा, सुतुरमुर्ग, कमिलाखोर, बाँदर आदिका प्रसङ्गबाट प्रकृतिले प्राणीलाई दिएको ज्ञान र कलाको रहस्योद्घाटन गरिएको छ । (सर्वजा, पृ. २२३) क्रुकर वनजङ्गलको परिवेश र वन्यजन्तुका सङ्घर्षका माध्यमबाट सामूहिक सङ्गठनको महत्त्वबोध गरिएको छ । (सर्वजा, पृ. २२८) गङ्टाको संसारको प्रसङ्गबाट प्रकृतिका सबै जीवहरूले वातावरणअनुकूल भएर जीवन

सञ्चालन गर्ने गुण प्राप्त गरेका हुन्छन् भन्ने तथ्य उद्घाटन गरिएको छ । (सर्वजा, पृ.२२९) हिंस्रक भालुलाई पनि साथमा लिएको प्रसङ्गबाट प्रेमको सर्वोपरिता बोध गर्दै बिनाप्रेम संसार चल्न सक्दैन भन्ने चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २६३) सामुद्रिक यात्राका क्रममा सबैभन्दा ठूलो प्राणी ह्वेल माछा, शार्क, सिल, पेन्गुन, पर्फस माछा आदिका जीवनचर्या प्रस्तुत गर्दै प्राणीले प्राप्त गरेका रहस्ययुक्त  प्राकृतिक शक्ति र स्वभावको वर्णन गरिएको छ । (सर्वजा, पृ. २१६)

समग्रमा हेर्दा विभिन्न जलचर, थलचर प्राणी, पशुपंक्षी आदिको विभिधतामय समागमका रूपमा सृष्टिरचनाको चित्रण गरिएको छ ।

### ३.४.५ भौतिकविज्ञान

प्रस्तुत उपन्यासमा प्रयुक्त भौतिकविज्ञानका विविध सन्दर्भहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

#### ३.४.५.१ भूगोल

सेल्मालागरलोफको निर्देशनमा 'म' पात्रले जानकारी प्राप्त गरेका सन्दर्भमा भूगोलका वास्तविक रहस्य प्रस्तुत भएका छन् । यसै सन्दर्भमा पृथ्वीको कुल भूभाग ५९७४०००, ०००,०००,०००,०००,००० वर्गकिलोमिटर भएको उल्लेख गरिएको छ । यसमध्ये समग्र भूमिको क्षेत्रफल ५,१०, २१००, ५०० वर्गकिलोमिटर र पानीको क्षेत्रफल ३६,११,४९, ७००० वर्गकिलोमिटर  भएको तथ्य प्रस्तुत गरिएको छ । (सर्वजा, पृ.२४९) पृथ्वीको बनावट भकुण्डो आकारको भएको र यो विशाल पिण्ड आफ्नो कक्षमा नियमित रूपले घुमेर दिन र रातको निर्माण गर्दै सृष्टिरचनाको लागि क्रियाशील रहेको हुन्छ भन्ने चिन्तन प्रस्तुत गरिएको छ । पृथ्वीको वरिपरि वायुमण्डलले ढाकिएको र नाइट्रोजन, अक्सिजन, कार्वनडाइअक्साइडलगायत अनेक ग्यासहरूको संयोजन भएको भन्ने प्रसङ्गमा वैज्ञानिक योजनाबाट सृष्टिरचना भएको चिन्तन प्रस्तुत भएको छ । (सर्वजा, पृ. २५४) सृष्टिरचनाका लागि सबै तत्त्वहरूको भूमिका र अनिवार्यतालाई स्विकारिएको छ । भूसंरचनाअन्तर्गतको विभिन्न तत्त्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ३.४.५.२ समुद्र

प्रस्तुत उपन्यासमा सर्वजा शक्तिबाट प्रेरित हुँदै गएको 'म' पात्रले अनुभव गरेका प्रकृतिका आन्तरिक र बाह्य रहस्यहरू प्रस्तुत गर्ने क्रममा सामुद्रिक यात्राको प्रसङ्ग आएको छ । पृथ्वीको एक तिहाइ भू-भाग पानीले ढाकेको तथ्य प्रस्तुत भएको छ । (सर्वजा, पृ. २०८) सम्पूर्ण जलराशिलाई पृथ्वीको रक्षा गर्ने रक्षाकवचको रूपमा प्रस्तुत गर्दै सृष्टिरचना र

सञ्चालनका लागि जलराशिको अनिवार्य उपस्थितिलाई स्विकारिएको छ । मेक्सिको खाडी, क्यारेवियन, प्यासिफिक, अट्लान्टिक, अन्टार्टिका र हिन्द महासागरको क्षेत्रफल तथा गहिराईको विवरण प्रस्तुत गर्दै समग्र सामुद्रिक पर्यावरणको उपादेयता वर्णन गरिएको छ । (सर्वजा, पृ.१०)

### ३.४.५.३ नदी

सम्पूर्ण प्राणी र वनस्पतिका लागि पानीको महत्त्वबोध गर्दै जहाँको भए पनि एउटै पानी पिएर जीवनचक्र सञ्चालन हुँदै आएको तथ्य प्रस्तुत गरिएको छ । संसारकै सबैभन्दा लामो नदी नाइलको प्रसङ्ग आएको छ । (सर्वजा, पृ. २११) जम्बेजी नदीलाई सम्पूर्ण सृष्टिरचना र जीवनयात्राको अनुकरणीय नमूनाका रूपमा प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २२२) बोल्गा नदीलाई रुसको भाग्य विधाताका रूपमा प्रस्तुत गरिएको छ र गङ्गा नदीलाई भारतको धर्म, संस्कृतिको मेरुदण्डको रूपमा स्विकारिएको छ । (सर्वजा, पृ. २८०)

### ३.४.५.४ झर्ना, ताल

प्रस्तुत उपन्यासमा प्रकृतिका अनेकौं ताल, तलैया, झरना, कुण्ड आदिको प्रसङ्ग प्रस्तुत गरिएको छ । नेपाली प्रकृतिका रूप्से गम्छाथत, चेलछोडा, ह्यातुङ, फुङ्फुङी, डेविडफल्स आदि झरनाको प्रसङ्ग आएको छ । गोसाइकुण्ड, , भैरवकुण्ड, सरस्वती, गणेश, से-फोक्सुण्डोजस्ता कुण्ड र रारा, फेवा, वेगनास ताल आदिको प्रसङ्गबाट नेपाली प्राकृतिक सौन्दर्यको अनुपम उदाहरण प्रस्तुत गरिएको छ । (सर्वजा, पृ.८५)

भिक्टोरिया फल्सलाई संसारकै रमणीय प्राकृतिक दृश्यका रूपमा चित्रण गरिएको छ । ( सर्वजा, पृ. ३२०)

### ३.४.५.५ हिमाल, पहाड

प्रकृतिका अद्‌भूत रहस्य र स्वभावबारे जानकारी प्राप्त गर्दै हिँडेको 'म' पात्रले अनुभव गरेका सन्दर्भमा विश्वको सर्वोच्च शिखर सगरमाथा, सिंहलीला, मनासलु, चोओयु, धवलागिरी, गणेश, गौरीशङ्कर, मकालु ल्होत्से आदि हिमालहरूको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ । (सर्वजा, पृ. ८५) अन्नपूर्ण, माछापुच्छ्रे हिमाललाई नेपाली प्रकृतिको अनुपम सौन्दर्यका रूपमा चित्रण गरिएको छ । (सर्वजा, पृ.९९) संसारका प्रायः सबै नदीहरूको उद्‌गमस्थल पहाड नै भएको तथ्य प्रस्तुत भएको छ । (सर्वजा, पृ.२२०) नेपालको पहाडी भू-भागहरूलाई वनौषधिको भण्डारका रूपमा लिइएको छ ।

### ३.४.६ कालिक परिवर्तन

भूगोलमा पाइने प्राकृतिक र कालिकताका परिवर्तनलाई पनि यसरी प्रस्तुत गरिएको छ।

#### ३.४.६.१ ऋतुचक्र

पृथ्वीको अनेकौं चमत्कारपूर्ण गतिविधिहरूको अनुभव गर्न पुगेको 'म' पात्रका जीवनभोगका सन्दर्भमा पृथ्वीको ऋतुचक्र र पर्यावरणीय प्रभावको वर्णन गरिएको छ । विशाल पिण्ड पृथ्वी नियमित रूपले घुमेर दिन र रातको निर्माण गर्दै सृष्टिरचनाका लागि क्रियाशील भएको तथ्य प्रस्तुत भएको छ। (सर्वजा, पृ. २४९) सूर्यबाट पृथ्वी, सारा ग्रहको सन्तुलन र पर्यावरणीय प्रभाव वर्णन गरिएको छ । रूपान्तरणमय ऋतुचक्र पृथ्वीको गतिशील प्रक्रियाको उपज भएको विचार व्यक्त गरिएको छ। (सर्वजा, पृ. २४९)

#### ३.४.६.२ ज्वालामुखी

ज्वलामुखी क्षेत्रको अनुसन्धानात्मक यात्रा वर्णनका क्रममा पृथ्वीका आन्तरिक रहस्यका घटनाहरू प्रस्तुत भएका छन् । प्रत्येक पूर्णिमाको समयमा ज्वालामुखी विस्फोटन हुनमा चन्द्रमाको प्रभाव भएजस्तै मानव जीवनमा पनि अदृश्य शक्तिको हात रहेको तथ्य प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २४०) ज्वालामुखीलाई पृथ्वीको भयावह शक्तिको रूपमा लिइएको छ।

#### ३.४.६.३ चक्रवात : आँधी

प्रस्तुत उपन्यासमा पृथ्वीको सुन्दरता र विद्रुपताको चित्रण गर्ने सन्दर्भमा चक्रवात : आँधीलाई पृथ्वीको विद्रुप वा भयानक अवस्थाको बिम्बका रूपमा प्रस्तुत गरिएको छ। हेर्दा विनाशकारी देखिने प्राकृतिक प्रकोप पनि सृष्टिसञ्चालनका लागि आवश्यक रहेको र यस्ता प्रकोपबाट प्राणी तथा वनस्पतिले सक्षम बन्ने प्रेरणा प्राप्त गर्दछन् भन्ने चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २४२) तूफानलाई प्रगतिको सूचक तथा रूपान्तरणको कारक तत्त्वका रूपमा स्विकारिएको छ। जीवनलाई पनि तूफानसँग तुलना गरिएको छ।

### ३.४.७ अन्तरिक्ष विज्ञान

प्रस्तुत उपन्यासमा सेल्मालागरलोफको निर्देशनमा 'म' पात्रले भोग गरेका सन्दर्भमा अन्तरिक्षका विविध घटनाहरू आएका छन्। पृथ्वीका सम्पूर्ण गतिविधिहरूमा सूर्य, चन्द्र, मङ्गल, शुक्र, शनि, वृहस्पतिलगायतका ग्रह उपग्रह र तारापुञ्जसमेतको प्रत्यक्ष प्रभाव परिरहेको तथ्य प्रस्तुत भएको छ। (सर्वजा, पृ. २५१) अन्तरिक्षबाट पृथ्वीमा झरिरहेका सूक्ष्म प्रोटोन, इलेक्ट्रोन, न्यूट्रोन आदि कणहरूको प्रसङ्ग उल्लेख गर्दै सृष्टिसञ्चालनका लागि

यिनीहरूको उपादेयता वर्णन गरिएको छ । (सर्वजा, पृ. २५२) पृथ्वी विश्वब्रह्माण्डको एक सदस्य भएको र मानिस त्यही पृथ्वीको रूपान्तरित एक रूप भएकाले सृष्टिरचनाको नियममा सबै बाँधिएका हुन्छन् भन्ने चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २७७) चन्द्र धरातलमा टेकेर पनि सन्तुष्ट नभई अन्य ग्रह उपग्रहका बारे जानकारी लिन प्रयत्नरत वैज्ञानिकहरूको प्रसङ्गबाट मानिसको सिर्जनशील मस्तिष्क र गतिशील स्वभावको वर्णन गरिएको छ । (सर्वजा, पृ. २७१)

समग्रमा हेर्दा सृष्टिरचना र सञ्चालनका लागि सौर्यमण्डलको भूमिकाको महत्त्वबोध गरिएको छ ।

## ३.४.८ समाजविज्ञान

प्रस्तुत उपन्यासमा समाजविज्ञानका विविध प्रसङ्गहरू विषयवस्तुका रूपमा समेटिएका छन् । सृष्टिरचनाको प्रारम्भमा समाज कुनै वर्ग, जात, जातिमा विभक्त नभई भेदभावमुक्त रहेको र पछि मानव विकासको गतिसँगै विभक्त हुँदै गएको भन्ने प्रसङ्गमा डार्विनको विकासवादी दृष्टिकोणका साथै कार्लमार्क्सको समाज विकासको सिद्धान्तको सङ्केत गरिएको छ । (सर्वजा, पृ.. १७१) नेपालका विभिन्न जातजाति, संस्कृति, जीवनशैली, रहनसहन र पाश्चात्य जीवनशैलीसमेतको कलात्मक संयोजन भएको छ । समाजविज्ञानसँग सम्बन्धित विविध प्रसङ्गहरूको उल्लेख निम्नानुसार गर्न सकिन्छ -

### ३.४.८.१ नेपाली समाज र संस्कृति

### ३.४.८.१ (अ) हायू

सर्वजा शक्तिको निर्देशनमा 'म' पात्र नेपालका विभिन्न जातजातिमा रूपान्तरण भएर जीवनभोग गरेको सन्दर्भमा हायू संस्कृति र परम्पराको चित्रण गरिएको छ । वनदेवीको पूजा, नाचगान आदि सांस्कृतिक परम्परा प्रस्तुत गरिएको छ । आफ्नै बाबु मर्दा बहिनीलाई सुँगुर काटेर भोज खुवाई जुठो चोख्याएको प्रसङ्गबाट जाँडपानी पिएर मुक्तिको अभिलाषा राख्ने जातीय संस्कृतिको चित्रण गरिएको छ । (सर्वजा, पृ. ८८)

### ३.४.८.१ (आ) सुरेल

दोलखा जिल्लाको खहरे गाउँको सुरेल परिवारको सदस्यका रूपमा रूपान्तरण भएर म पात्रले जीवनभोग गरेका सन्दर्भमा सुरेल संस्कृति र परम्पराको चित्रण गरिएको छ । (सर्वजा, पृ. ८९) सुरेल जातिको पुरोहित नाक्सोद्वारा सम्पन्न गरिएका धार्मिक संस्कार, बहुविवाह प्रथा आदिका प्रसङ्ग आएका छन् ।

### ३.४.८.१ (इ) शेर्पा

सर्वजा शक्तिका प्रभावले 'म' पात्र पुनः शेर्पा जातिको पुरुषमा रूपान्तरण भएर शेर्पा संस्कृति परम्परा, वेषभूषा अनुसरण गरेको प्रसङ्ग आएको छ । डोल्मा शेर्पाकी कान्छो पति भएर उनकै अरनखटनमा हाटबजार घुम्न गएको प्रसङ्गबाट बहुपति प्रथा र नारीशक्तिको प्रभुत्वलाई स्विकारिएको छ । (सर्वजा, पृ. ९१)

### ३.४.८.१ (ई) गुरुङ

काली गण्डकीको गुरुङ युवकका रूपमा रूपान्तरण हुन पुगेको 'म' पात्र गुरुङ संस्कृति, परम्परासँग पनि परिचित बन्दै गएको छ । उक्त प्रसङ्गमा गुरुङहरूको रोधी नाच, स्वतन्त्र विवाह पद्धतिजस्ता मौलिक जातीय संस्कारको चित्रण गरिएको छ । (सर्वजा, पृ. ९२)

### ३.४.८.१ (उ) ब्राह्मण

तनहुँको एक पण्डित ब्राह्मण परिवारको संस्कृति अनुसरण गर्न पुगेको म पात्र ब्राह्मण संस्कृतिबाट पनि परिचित बनेको छ । ब्राह्मण वेशभूषा, धार्मिक संस्कार, बुहारीहरूप्रति नन्द र सासूहरूको अन्याय, अत्याचार आदिका प्रसङ्ग आएका छन् । पुरुषहरूलाई बहुपत्नी विवाह गर्न छुट भएको तर महिलाहरूलाई परपुरुषहरूसँग बोल्न समेत नहुने प्रसङ्गबाट लैङ्गिक विभेद र जातीय संस्कृतिलाई स्पष्ट पारिएको छ । (सर्वजा, पृ. ९३)

### ३.४.८.१ (ऊ) दनुवार

दनुवार परिवारको सन्तानको रूपमा रूपान्तरण भएको 'म' पात्रका जीवनभोगका सन्दर्भमा दनुवार संस्कृति र परम्परा प्रस्तुत भएको छ । (सर्वजा, पृ. ९३) मृत व्यक्तिको कान्छो छोराले मात्र काजक्रिया गर्ने दनुवार संस्कृति प्रस्तुत भएको छ । तान्त्रिक शक्तिको प्रभाव र रहस्यप्रति विश्वास गर्ने परम्पराको चित्रण गरिएको छ । त्यसैगरी 'म' पात्र अन्य विभिन्न जातजाति थकाली, मेचे, कोचे, दमाई, कामी, राजवंशी, राई, लिम्बू आदिमा रूपान्तरण भएर जीवनभोग गरेको प्रसङ्ग आएको छ । जुनसुकै जातका पुरुष र नारी भए पनि आखिर एउटै नारी र पुरुष रूप हुन् भन्ने चिन्तन प्रस्तुत गरिएको छ । हरेक रूपान्तरणको कारक तत्त्व सर्वजारूपी नारीशक्तिनै भएको देखाइएको छ । पूर्वी पहाडी यात्राका क्रममा भेटिएकी सम्पूर्णताको बासस्थानको परिवेश, विविध विषयक अध्ययन, अध्यापन आदिको प्रसङ्गबाट नारी शैक्षिकजागरणको बोध गर्दै प्राचीन गुरुकुल समाज र संस्कृतिको सङ्केत गरिएको छ ।

### ३.४.८.२ विश्वजनीन समाज र संस्कृति

प्रस्तुत उपन्यासमा 'म' पात्रले भोग गरेका सन्दर्भमा विश्वजनीन समाज र संस्कृतिका अनेक प्रसङ्गहरू वर्णन गरिएका छन् । ग्रिसेली राजकुमारी डायनाका प्रभावले सुन्दर गोठालो युवक कार्नेशन फूलमा परिणत भएको काल्पनिक कथा प्रस्तुत गरिएको छ । ( सर्वजा, पृ. १०३) मोर्मन जातिको संस्कृति र नेपाली संस्कृति तुलनात्मक रूपमा बाहिरबाट हेर्दा फरक देखिए पनि भित्री लक्ष्य समान भएको तथ्य प्रस्तुत भएको छ । (सर्वजा, पृ. ११२)

न्यूजिल्याण्डका मौरी जातिको नाक जोडाएर अभिवादन गर्ने पुरानो मौलिक सभ्यता र संस्कृतिको वर्णन गरिएको छ । (सर्वजा, पृ. २०६) उक्त सभ्यता र संस्कृतिलाई प्राकृतिक दृष्टिकोणले हेरिएको छ ।

चिनियाँ सभ्यता र संस्कृतिको वर्णन गर्दै प्राचीन चिनियाँ सम्राटको भोगविलास र सतीप्रथाको चित्र उतारिएको छ । (सर्वजा, पृ. २७२) रुसको भाग्यविधाता मानिएको बोल्गा नदी र भारतीय संस्कृतिको केन्द्र मानिएको गङ्गा नदीको समन्वय गराएर समन्वयवादी सांस्कृतिक चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २८०)

पुरुष बिम्बको रूपान्तरण जर्ज बर्नाड शा भएको प्रसङ्गमा ग्रेटब्रिटेन र लण्डनका समाज तथा संस्कृतिका विविध सन्दर्भ समेटिएका छन् । (सर्वजा, पृ. १७)

त्यस्तै पुरुष बिम्बको रूपान्तरण अन्तोन चेखवमा भएको सन्दर्भमा रुसी सामाजिक, सांस्कृतिक चिन्तनका अनेक पक्ष विषयवस्तु बनेर आएका छन् । (सर्वजा, पृ. १३३) ।

### ३.४.८.३ सांस्कृतिक विचलन

प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्र रूपान्तरित जीवनभोगका सन्दर्भमा विभिन्न जातजातिमा रूपान्तरित हुन पुगेको छ । (सर्वजा, पृ. ८५) हिन्दू संस्कार र संस्कृतिमा हुर्किएको उक्त पुरुष हायू, सुरेल, शेर्पा, गुरुङ, दनुवार आदि विभिन्न जातजातिको सांस्कृतिक चालचलन रीतिरिवाज अनुसरण गर्न पुग्छ । उक्त अवस्थामा निरन्तरता पाइरहेको पूर्व संस्कृति र अर्को भिन्न संस्कृतिबीच सङ्क्रमणकालीन अवस्था सिर्जना भएको छ । एउटा संस्कृति र परम्परा पूरै विचलित भएर पुनः अर्को नयाँ संस्कृति स्थापित हुन पुगेको छ ।

## ३.४.९ धार्मिक चिन्तन

### ३.४.९.१ हिन्दूधर्म

प्रस्तुत उपन्यासमा हिन्दूधर्म दर्शनका विविध प्रसङ्ग प्रस्तुत भएका छन् । उपन्यासको प्रारम्भमा कागले शुभ र अशुभ छुट्याउँछ भन्ने प्रसङ्ग (पृ.१) र नदीलाई नराम्रो सपना सुनाउँदा दोष लाग्दैन भन्ने प्रसङ्ग (पृ.१९) बाट पुरातन धार्मिक रुढिवादी दृष्टिकोण व्यक्त भएको छ । धार्मिक दृष्टिकोणले सूर्योदयको दर्शन गरेको प्रसङ्गबाट प्राकृतिक शक्तिप्रतिको धार्मिक आस्था प्रतिबिम्बन भएको छ । (सर्वजा, पृ. ४५) पञ्चकन्या देवीप्रति भक्तजनहरूको अगाध आस्था र विश्वास प्रकट भएको प्रसङ्गबाट धार्मिक शक्तिको महत्त्वबोध गरिएको छ । (सर्वजा, पृ.६३)

हायू जातिमा रूपान्तरित 'म' पात्रको जीवनभोगका अवस्थामा वनदेवीको पूजाको धार्मिक प्रसङ्ग आएको छ । (सर्वजा, पृ. ८८) पशुपतिनाथको दर्शनको धार्मिक आस्था प्रस्तुत गर्दै हरेक व्यक्तिको ईश्वरलाई हेर्ने आ-आफ्नो दृष्टिकोण हुने चिन्तन व्यक्त गरिएको छ । (सर्वजा, पृ.९७) सम्पूर्णता नामकी एउटी नारीको साहसिलो कार्यको वर्णन गर्दै हिन्दू आध्यात्मिक आस्था र संस्कृत भाषाको पठनपाठनको आवश्यकता महसुस गरिएको छ । ( सर्वजा, पृ. ५७) हिन्दू धर्म, संस्कृति र मोर्मन धर्म संस्कृतिबीच तुलनात्मक रूपमा भित्री लक्ष्य, उद्देश्य फरक नरहेको तथ्य प्रस्तुत गर्दै समन्वयवादी धार्मिक चिन्तनको उद्घोष गरिएको छ । (सर्वजा, पृ. ११२), रूपान्तरणमय सृष्टिरचनाको चर्चा गर्दै हिन्दू परम्पराअनुरूप प्राणीको चौरासी लाख जुनी हुन्छ भन्ने पुरातन मूल्य मान्यताको पुनर्अभिव्यक्ति गरिएको छ जसलाई पुष्टि गर्न स्वस्थानी र श्रीमद्भागवत गीताको दार्शनिक चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. १७५) ऋषिमुनिहरूले वनस्पति जगत्को पूजा गरेको धार्मिक प्रसङ्ग र पीपल, तुलसी आदि वनस्पतिको विवाह भएको सन्दर्भमा प्राणी र वनस्पति सहअस्तित्वको बोध गरिएको छ । (सर्वजा, पृ. १५१) राहुल सांक्रित्यायन, श्रीराम, श्रीकृष्ण, विष्णु भगवान् आदि सम्पूर्णलाई एउटै आदर्शको रूपमा प्रस्तुत गरिएको छ । (सर्वजा, पृ.२८१)

### ३.४.९.२ बौद्ध धर्म

रूपान्तरित जीवनभोगका क्रममा सर्वजा शक्तिका प्रभावले 'म' पात्र मायादेवी र सुद्धोदनका पुत्र सिद्धार्थ गौतमका रूपमा अवतरण भएको छ । (सर्वजा, पृ. १७८) कठोर तपस्याद्वारा बुद्धत्व प्राप्त गरेका बुद्धको अहिंसावाद दर्शन चिन्तनको सन्दर्भ उल्लेख गर्दै हिन्दू दर्शनमा उब्जिएको बलीप्रथा, छुवाछुत, जातीय भेद, साम्प्रदायिकताजस्ता असमानता हटाउने लक्ष्य भएको बुद्ध धर्मको मुख्य ग्रन्थ त्रिपिटकको धार्मिक चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ.१७९)

### ३.४.९.३ क्रिश्चियन धर्म

पुरुष बिम्ब रूपान्तरित क्रममा यूसुफ र मरियमका सन्तान यिसुख्रिस्ट भएर अवतरण भएको छ । (सर्वजा, पृ.१८०) यिसुको महिमा र क्रिश्चियन धर्मको प्रभावलाई वर्णन गरिएको उक्त सन्दर्भमा कृष्ण तथा यिसु एउटै सृष्टिका अलगअलग रूप भएको विचार व्यक्त गरिएको छ । (सर्वजा, पृ. १८१) क्रिश्चियन धर्मको महान्  ग्रन्थ बाइबलको चिन्तन र प्रभावको वर्णन गरिएको छ ।

### ३.४.९.४ इस्लाम धर्म

खादिजा नारीको प्रेममा डुबेको साधारण पुरुष मोहम्मद सर्वजा शक्तिका प्रभावले शक्तिशाली बनेर देखिएको छ । (सर्वजा, पृ. १८८) उक्त प्रसङ्गमा अरब राष्ट्रलाई सङ्गठित गर्दै विश्वलाई प्रभावकारी धर्मदर्शनको प्रचार गर्ने लक्ष्य लिएको इस्लाम धर्मग्रन्थ कुरानको धार्मिक चिन्तन प्रस्तुत गरिएको छ ।

### ३.४.९.५ रोमेली डायनादेवी

रोमहरूका स्वर्गका राजा जुपिटर र उनकी सुन्दरी छोरी डायनादेवीको मन्दिरको रहस्यमय सन्दर्भ प्रस्तुत गर्दै शक्तिशाली नारी रूपको महिमागान गरिएको छ । (सर्वजा, पृ. २४५) सम्पूर्ण महान् धर्म, दर्शन एसियाको उपज भएको तथ्य प्रस्तुत गर्दै नारी शक्तिको दैवी रहस्यको उद्घाटन गरिएको छ ।

### ३.४.९.६ बोल्गा-गङ्गा

रुसको जीवनस्रोत मानिएको बोल्गा नदी र भारतको पवित्र धर्म संस्कृतिको केन्द्र मानिएको गङ्गा नदीको एकाकार गराएर समन्वयवादी धार्मिक चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २८०)

समग्रमा धार्मिक रूपान्तरणका विविध प्रसङ्गहरूबाट सृष्टिरचना भनेको वस्तुको रूपान्तरण मात्र भएको र सम्पूर्ण सृष्टिको सञ्चालक एउटै ईश्वरीय शक्ति भएको सर्वसमन्वयवादी धार्मिक चिन्तन प्रस्तुत गरिएको देखिन्छ ।

### ३.४.१० कला, सौन्दर्य तथा साहित्य

प्रस्तुत उपन्यासमा प्रयुक्त कला सौन्दर्य, साहित्य र साहित्यकार सम्बन्धी विषयवस्तुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ-

### ३.४.१०.१ ऋग्वेद

सर्वजा उपन्यासमा पात्रको चारित्रिक क्रियाकलाप र जीवनभोगका सन्दर्भमा भविष्यका लागि नसोच्नु वर्तमानमा आनन्द लिनु भन्ने ऋग्वेदमा उल्लेखित चार्वाक दर्शनले प्रतिपादन गरेको चिन्तनको प्रस्तुति भएको छ । (सर्वजा, पृ. २०)

### ३.४.१०.२ यजुर्वेद

प्रस्तुत उपन्यासको वस्तुसंयोजनका क्रममा सृष्टिरचनाको प्रारम्भदेखि वर्तमानसम्म प्राणी र वनस्पति एक अर्काका पूरक र रक्षक रहेको सन्दर्भ प्रस्तुत गरिएको छ । उक्त सन्दर्भमा प्राणी र वनस्पति बीचको सहअस्तित्वको बोध गर्दै यजुर्वेदका वनस्पति चिन्तन विषयक श्लोकहरूको सहज प्रतिपादन गरिएको छ । (सर्वजा, पृ. १५२)

### ३.४.१०.३ श्रीमद्भागवत महापुराण

नारी चिन्तन र रहस्यका अनेक प्रसङ्ग प्रस्तुत गर्ने क्रममा सर्वजाले व्यक्त गरेका विचारहरूको माध्यमबाट श्रीमद्भागवत महापुराणका श्लोकहरूको चिन्तन विषयवस्तुको रूपमा ग्रहण गरिएको छ । (सर्वजा, पृ. १३)

### ३.४.१०.४ श्रीमद्भागवत गीता

रूपान्तरित सृष्टिरचनामा र आत्माको अमरत्वको पुष्टि गर्ने सन्दर्भमा श्रीमद्भागवत गीताका श्लोकहरूको चिन्तन विषयवस्तुको रूपमा ग्रहण गरिएको छ । (सर्वजा, पृ. १६२)

### ३.४.१०.५ भर्तृहरिशतक

यौन आकर्षण र विकर्षणको चिन्तनका सन्दर्भमा भर्तृहरिरचित श्रृङ्गार र वैराग्यशतकका श्लोकहरूको सहज प्रस्तुति भएको छ । (सर्वजा, पृ.३७, ४७, ६६ र ६७)

### ३.४.१०.६ अवधूत गीता

नारी चिन्तनको खोज र रहस्य विषयक उपन्यास लेख्न जुटेको 'म' पात्रको नारी चिन्तनका सन्दर्भमा हजारौँ वर्ष पहिले रचिएका अवधूत गीताका श्लोकहरूको सहज प्रस्तुति भएको छ । (सर्वजा, पृ. ११)

### ३.४.१०.७ पतञ्जलि

सृष्टिरचना र सञ्चालनका क्रममा ईश्वरको अस्तित्व प्रष्ट्याउने सन्दर्भमा पतञ्जलि योग दर्शनका श्लोकहरूको चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. १६१)

### ३.४.१०.८ कार्तिक महात्म्य

प्रस्तुत उपन्यासमा प्रकृतिका सम्पूर्ण प्राणीको जीवन सञ्चालनका लागि अत्यावश्यक वनस्पति जगत्का सारा घटनाहरू विषयवस्तुका रूपमा ग्रहण गरिएका छन् । प्राचीनकालदेखि वनस्पति जगत्को संरक्षण गर्दै वर्तमानसम्म आइपुगेको प्रमाण पुष्टि गर्न कार्तिक महिनामा ऋषिमुनिहरूले वनस्पति जगत्को पूजा गरेको सन्दर्भ प्रस्तुत गर्दै कार्तिक महात्म्यका श्लोकहरूको प्रस्तुति गरिएको छ । (सर्वजा, पृ. १५२)

### ३.४.१०.९ चिन्तकहरू

### ३.४.१०.९ (अ) राहुल साङ्कृत्यायन

विश्वविख्यात साहित्यकार राहुल साङ्कृत्यायनले बोल्गाबाट गङ्गा शीर्षकको अमूल्य कृति लेखेर हृदयस्पर्शी उद्‌गार व्यक्त गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २८०)

### ३.४.१०.९ (आ) एन्ड्रयू मार्बल र जोन डन

विभिन्न चिन्तकहरूको विचार प्रस्तुत गर्ने सन्दर्भमा अङ्ग्रेजी कवि एन्ड्रयू मार्बल र जोन डनका कविताका श्लोकहरूको प्रस्तुतिबाट पुरुषको भोगवादी दृष्टिकोण अभिव्यञ्जित भएको छ । (सर्वजा, पृ. ५१-५३)

### ३.४.१०.९ (इ) जर्ज बर्नाड शा

सर्वजा शक्तिको प्रभावले शक्तिशाली तथा गतिशील बनेको पुरुष बिम्ब सन् १८५६ मा लुसिण्डा र केयर दम्पतीका सन्तान जर्ज बर्नाड शाका रूपमा बेलायतमा अवतरण भएको छ । (सर्वजा, पृ. ११७) पारिवारिक तनावका बीचमा हुर्किंदै गएर सडकमा भोकभोकै जीवन बिताउन पुगेको उक्त पुरुष नारी शक्तिकै प्रभावले विस्तारै नाटकलेखनमा प्रगति गर्दै विश्व चर्चित नाटककार भएर नोबल पुरस्कार प्राप्त गरेको साहित्यिक प्रसङ्ग प्रस्तुत भएको छ । (सर्वजा, पृ. १३२)

### ३.४.१०.९ (ई) कथाकार अन्तोन चेखव

सर्वजा शक्तिको प्रभावले उक्त पुरुष सन् १८६० मा इब्जीनिया र पावेल येगोरीका सन्तान अन्तोन चेखवका रूपमा रुसमा अवतरण भएको छ । (सर्वजा, पृ. १३३) जार शासनमा हुर्किएका पिताको कठोर पारिवारिक वातावरणमा हुर्किएर पनि नारी प्रेमको प्रभावले साहित्य सिर्जनामा प्रगति गर्दै गएर विश्वप्रख्यात कथाकार बन्न पुगेको प्रसङ्ग प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. १४१)

### ३.४.१०.१० कलाकारिता

रुसका सर्कसका महान् कलाकार पपोपको अद्भूत कलाप्रदर्शनबाट हिंस्रक जङ्गली जनावरलाई पनि अधीनमा राख्न सकेको प्रसङ्गबाट प्रेमको सर्वोपरिताको बोध गरिएको छ। (सर्वजा, पृ.२७९)

विश्वविख्यात जादुगर होडोनीले कलात्मक शारीरिक अभिव्यक्तिबाट विश्वका मानिसहरूलाई चकित पारेको प्रसङ्ग प्रस्तुत गरिएको छ। (सर्वजा,पृ. २७२)

### ३.४.१०.११ विभिन्न साहित्यिक उक्तिहरू

नारी चिन्तन र रहस्यका बारे विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका भनाई जस्ताको तस्तै टिपिएको छ। (सर्वजा, पृ. ७२-७३)

यसरी प्रस्तुत उपन्यासको वस्तुसंयोजनमा कलासौन्दर्य र साहित्य सिर्जनाका अनेक पक्षहरू समेटिएको देखिन्छ।

### ३.४.११ मनोविज्ञान

प्रस्तुत उपन्यासको विषयवस्तुको थालनी नै पुरुष पात्रको अवचेतनका मनोवैज्ञानिक तनाव र विचलनशील मानसिकताका आधारमा भएको छ। कतैबाट कुनै अदृश्य ज्ञान शक्ति सोच वा चिन्तन उदाउने मानसिक सङ्केत अनुभव गरिहेको उक्त पुरुष सामु सर्वजा नामकी नारीको उपस्थिति भएपछि उक्त अवस्थाले उर्जा प्राप्त गर्दछ। (सर्वजा, पृ. ३) उक्त पुरुष अनायासै सर्वजाप्रति आकर्षण र विकर्षणको अवस्था सिर्जना भएर आन्दोलित हुन पुग्छ । श्रीमती समानताका नजरमा निन्दित हुने भयले मानसिक तनावको अवस्थामा देखिन्छ । (सर्वजा, पृ.१०) सर्वजा वस्तुप्रति मोहित भएको र उनले छोडेको मनोवैज्ञानिक कुण्ठाले ग्रसित भएर भौतारिएको उक्त पुरुष पहाडी यात्राका क्रममा भेटिएकी नारी सम्पूर्णताप्रति आकर्षित भएको अवस्थामा पुरुषको अधैर्य मानसिक स्वभावको बिम्ब बनेर उपस्थित भएको छ। (सर्वजा, पृ. ३४)

'म' पात्रको मनोवैज्ञानिक तनावलाई सर्वजा लेखिएको कागज बन्द गरेको बाकसको चाबीको बिम्बमा प्रस्तुत गरिएको छ । एउटा पुरुषको स्वच्छन्द विचरण गर्ने स्वभावका सामु श्रीमती समानता बाधक भएर उपस्थित भएको अवस्था सिर्जना गरिएको छ। (सर्वजा, पृ. २२) सम्पूर्णताको छोराको मानसिकताले हरेक पुरुषमा आफ्नै बाबुको प्रतिबिम्ब देखेको अवस्थामा पितृप्रेमबाट विमुख बालकको मनोवैज्ञानिक कुण्ठाको उद्घाटन भएको छ । (सर्वजा, पृ. ३५)

दामोदर निरौलालाई पत्नीले धोका दिएका कारण उनको मानसिक चिन्तनमा नारीप्रतिको प्रायः नकारात्मक दृष्टिकोण उत्पन्न भएको अवस्था देखिएको छ । (सर्वजा, पृ. ६८) 'म' पात्रको मनोवैज्ञानिक कुण्ठाको बिम्ब बनेर एक्लो गीतारवादक उपस्थित भएको छ । (सर्वजा, पृ. ४६) सर्वजारूपी नारी शक्तिको प्रेरणा र प्रभावले उक्त पुरुषको सङ्कुचित मानसिक दायरा फराकिलो बन्दै गएको अवस्था देखिएको छ ।

## ३.४.१२ राजनीति

प्रस्तुत उपन्यासका कतिपय सन्दर्भहरूमा राजनीतिक घटनाक्रमको सङ्केत गरिएको छ । सृष्टिरचनाको प्रारम्भमा पृथ्वीमा कुनै राजनीतिक सीमाना नभई अविभाज्य समाज भएको तर समय बित्दै जाँदा विविधताको आवश्यकता बोध भए पनि आन्तरिक रूपमा सबै मानव जाति समान भएको चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. १७२) रूपान्तरित जीवनयापनका क्रममा जर्ज बर्नाड शामा रूपान्तरित पुरुष धनी देशको सर्वहारा युवक भएर गल्लीगल्ली भोकभोकै भड्किँदै हिँडेको अवस्थामा शक्ति सम्पन्न राष्ट्रका गरिब निमुखा जनताको जीवनस्तरको यथार्थ बिम्ब उतारिएको छ । (सर्वजा,पृ. ११९) उक्त पुरुष लण्डन सहरमा लामालामा भाषण गर्दै हिँडेको अवस्थामा कार्लमाक्सको समाजवादी चिन्तनको प्रसङ्ग आएको छ । (सर्वजा, पृ. १२६) शार्लोटसँग विवाहको प्रसङ्गमा गरिब र धनीबीचको वर्गीय विभेद अन्त्य हुनुपर्ने चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. १२८) अन्तोन चेखवका पिता पावेलको क्रुरतामा रुसका जार शासकको बिम्ब उतारिएको छ । (सर्वजा, पृ.१३३) राजनीति गरेवापत सानो टुक्रा जमीन प्राप्त गरेको सन्दर्भमा राजनीतिक चाकरी र चाप्लुसीको सङ्केत गरिएको देखिन्छ । (सर्वजा, पृ.१३९) सुकरातलाई मृत्युदण्ड दिएको प्रसङ्ग (सर्वजा, पृ. २५३) र राजा हेरोतले आफ्ना अपराधलाई जबर्जस्ती ढाकाछोप गरी यिसुलाई मृत्यदण्ड दिन षड्यन्त्र गरेका सन्दर्भमा निरङ्कुश शासन व्यवस्थाबाट एउटा जनप्रिय व्यक्तिमाथिको नाङ्गो प्रहारलाई सङ्केत गरिएको छ । (सर्वजा, पृ. १८४) द्वितीय विश्वयुद्धका सन्दर्भमा जर्मनीका तानाशाह हिटलर साथै इटालीका तानाशाह मुसोलिनीको खोक्रो समाजवाद र राष्ट्रियताको नारा घन्काई बन्दुकको भरमा विश्व विजय गर्न चालेका कदमहरूलाई निरङ्कुश राजनीतिक व्यवस्थाका नमुनाका रूपमा प्रस्तुत गरिएको छ । उक्त सन्दर्भमा बन्दुकको शासनभन्दा असल विचारको जित हुने र सत्यको सधैँ स्थायित्व रहन्छ भन्ने अहिंसावादी चिन्तन प्रस्तुत भएको छ । (सर्वजा, पृ. २५७) जनहित र राष्ट्रिय उन्नतिका लागि गरिएको युद्ध रूपान्तरणको जगका रूपमा रहन्छ भन्ने तथ्य पुष्टि गर्न महाभारतको युद्धको बाध्यात्मक परिस्थितिको प्रसङ्ग उल्लेख गरिएको छ । (सर्वजा, पृ. २५६)

### ३.४.१३ साहित्यको सन्दर्भमा उपयोग गरिएका मिथकीय स्रोतहरू

कुनै पनि पौराणिक कथा, प्राचीन जीवनपद्धति तथा संस्कृतिहरूलाई आधार स्रोत मानेर पुनः ग्रहण गरिएको विषय पक्ष मिथकअन्तर्गत पर्दछ । नेपाली साहित्यमा वेद, उपनिषद्, रामायण, महाभारत, पुराण आदिबाट सङ्कलित विभिन्न मिथकहरू ग्रहण गरिएको छ ।

मिथक अङ्ग्रेजी शब्द मिथ (Myth) को पर्यायका रूपमा नेपालीमा प्रयोग गरिएको शब्द हो । अङ्ग्रेजीको 'मिथ' शब्द ग्रिसेली भाषाको 'मिथस्' (Mythos) बाट लिइएको हो, जसको अर्थ सत्य वा असत्य जे सुकै भए पनि भनिएको कुनै कुरा भन्ने हुन्छ ।[४४] सुदूरप्रागऐतिहासिक, पूर्वतार्किक तथा पूर्ववैज्ञानिक समाजका चेतनामा आएका विश्व ब्रह्माण्डको उत्त्पति, ईश्वर, जीवन-मृत्यु, पूर्वजन्म, अतिप्राकृत तथा अतिमानवीय पुर्ख्यौली अनि बहादुरीसम्बन्धी विषयवस्तु भएका वंशानुगत कथालाई मिथक भनिन्छ ।[४५] यी घटना अतिप्राकृतिक र अतिमानवीय भएर पनि मावन जीवनका लागि आवश्यक एवम् प्रासङ्गिक भइदिन्छन् ।[४६]सर्वजा उपन्यासमा उपन्यासकारले पूर्वीय र पाश्चात्य सन्दर्भका मिथकीय स्रोतहरूलाई स्वभाविक रूपमा प्रस्तुत गरेका छन् जसलाई निम्नलिखित आधारमा स्पष्ट गर्न सकिन्छ ।

#### ३.४.१३.१ पूर्वीय पौराणिक सन्दर्भका मिथकीय स्रोतहरू

उपन्यासको समग्र वस्तुसंयोजनमा उपन्यासकार सृष्टिरचना र सञ्चालनको आदि सत्ताका रूपमा नारी शक्तिको महत्त्व पुष्टि गर्न प्रयत्नरत छन् । यसै सन्दर्भमा नारी चरित्र र स्वभावको पुष्टि गर्न हजारौं वर्ष पहिले रचिएको अवधूत गीताको मिथकीय सन्दर्भ प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. ११) जीवनभोगका सन्दर्भमा ऋग्वेदमा उल्लेखित चार्वाक दर्शनको प्रसङ्ग (सर्वजा, पृ.२०) नारी रहस्य विषयक श्रीमद्भागवतमा उल्लेखित प्रसङ्ग (सर्वजा, पृ. १३, ६५) भर्तृहरिचित श्रृङ्गार वैराग्य र नीतिशतकका नारी आकर्षण र विकर्षण विषयक प्रसङ्ग (सर्वजा, पृ.३७,४७, ६५-६७), सूर्य महिमाको प्रातकालीन प्रसङ्ग (सर्वजा, पृ. ४५ )आदि पूर्वीय सांस्कृतिक सन्दर्भका मिथकीय स्रोतहरू उपयोग गरिएका छन् । प्राचीन ऋषिमुनिहरूले कार्तिक महात्म्य र यजुर्वेदका ऋचाहरूको उच्चारण गरी वनस्पति जगत्को पूजा गरेको प्रसङ्ग (सर्वजा, पृ. १५२), भगवान विष्णु र तुलसाको विवाह भएको प्रसङ्ग (सर्वजा, पृ.१५३) आदि वैदिक मिथकीय सन्दर्भहरूको प्रस्तुतिबाट प्राणी जगत्

---

[४४] कृष्णहरि बराल, **वस्तुपरक समालोचना**, (काठमाडौं : स्टुडेन्ट्स् बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०६१), पृ. १६७ ।

[४५] ऐजन ।

[४६] डा.हरिराज भट्टराई, **नरसिंह अवतार : एक समीक्षा**, (असीम सौरभः २०४५), पृ. ४ ।

र वनस्पति जगत्बीचको सहसम्बन्ध स्पष्ट्याइएको छ । ऋग्वेद तथा श्रीमद्भागवत गीताका मिथकीय सन्दर्भहरूको माध्यमबाट आत्माको अमरत्वसम्बन्धी दृष्टिकोणलाई पुष्टि गरिएको छ । (सर्वजा, पृ. १६२) त्रिकोणात्मक वेदी चिन्तनको मिथकीय बिम्बका रूपमा स्त्री जनेन्द्रियलाई सङ्केत गरिएको छ र सृष्टिरचना यसैको उपज भएको देखाइएको छ । (सर्वजा, पृ. २५३), सृष्टिरचना र सञ्चालनमा प्रकृति र पुरुषको भूमिका विषयक स्वस्थानीको प्रसङ्ग (सर्वजा, पृ.१७५), कश्यप ऋषिका सन्तानका रूपमा समग्र प्राणी र वनस्पतिको उत्पत्ति भएको पौराणिक प्रसङ्ग (सर्वजा, पृ. १७६), आदि मिथकीय सन्दर्भहरूबाट जीवन जगत्बारे गहन चिन्तन प्रस्तुत गरिएको छ । सम्पूर्णताको कुटीको आध्यात्मिक परिवेश प्राचीन गुरुकुल आश्रमको मिथकीय बिम्ब बनेको छ । (सर्वजा, पृ. ५७) पतञ्जलि योगकाअनुसार प्राणी पूर्वजन्मको नीचकर्म भोग गर्न रुख लहरा आदिमा प्रवेश हुन्छन् भन्ने मिथकीय सन्दर्भको पुनर्व्याख्या गरिएको छ । (सर्वजा, पृ. १६१) त्यसैगरी भारतीय दर्शन, मनुस्मृति, तैत्तीरीय ग्रन्थ, शतपथ ब्राह्मण आदिका मिथकीय सन्दर्भहरूका माध्यमबाट नारी चिन्तन र रहस्यबारे स्पष्ट पारिएको छ । (सर्वजा, पृ. ७२) उदय भारतीले शङ्कराचार्यलाई शास्त्रार्थमा जितेको मिथकीय सन्दर्भ प्रस्तुत गर्दै नारीलाई उच्च स्थान प्रदान गरिएको छ । (सर्वजा, पृ. ६९)

### ३.४.१३.२ पाश्चात्य पौराणिक सन्दर्भका मिथकीय स्रोतहरू

प्रस्तुत उपन्यासको वस्तुसंयोजनका क्रममा पाश्चात्य पौराणिक सन्दर्भका मिथकीय स्रोतहरूलाई पनि उपयोग गरिएको छ । नारी रहस्य र यौनचिन्तन विषयक पाश्चात्य कवि एन्ड्र्यू मार्बलको अङ्ग्रेजी कविताको प्रसङ्ग (सर्वजा, पृ.५१), अलकट , डेस्टाचेज आदि चिन्तकका कथनहरू र अङ्ग्रजी उखानहरू मिथकीय बिम्बका रूपमा प्रस्तुत भएका छन् । एसियामा जन्मिएकै धर्म, दर्शन पाश्चात्य मुलुकसम्म पुऱ्याउन यिसुको जन्म भएको प्रसङ्ग (सर्वजा, पृ. १८२) र अरब राष्ट्रलाई सङ्गठित गर्न मोहम्मदको उपस्थिति भएको धार्मिक प्रसङ्ग (सर्वजा, पृ. १७८) आदि धार्मिक मिथकीय सन्दर्भहरूलाई युगानुकूल प्रस्तुत गरिएको छ । रोमेली डायनादेवीको मन्दिरको ध्वस्तता र पुननिर्माण जस्ता धार्मिक ,सांस्कृतिक मिथकीय सन्दर्भहरूबाट नारी शक्ति र रहस्यको उच्च मूल्याङ्कन गरिएको छ ।

### ३.४.१३.३ पाश्चात्य ऐतिहासिक सन्दर्भका मिथकीय स्रोतहरू

प्रस्तुत उपन्यासको वस्तुसंयोजनमा ऐतिहासिक घटना र चरित्रहरूलाई पनि मिथकीय स्रोतका रूपमा उपयोग गरिएको छ । प्रेमवासना युक्त ग्रिसेली राजकुमारी डायनाको प्रभावले सुन्दर गोठालो युवक कार्नेशन फूलको रूप प्राप्त गर्न पुगेको मिथकीय सन्दर्भ प्रस्तुत गर्दै आत्मिक प्रेमको अमरत्वको पुष्टि गरिएको छ । (सर्वजा, पृ. १०३) ऐतिहासिक

घटनालाई मिथकीकृत गर्ने क्रममा सुकरातलाई मृत्युदण्ड दिइएको प्रसङ्ग र अन्तिम इच्छा पूरा गर्न पूजाका निम्ति लिएको कुखुराबापतको ऋण तिरीदिनु (सर्वजा, पृ. २५३) भन्ने जस्ता कथनलाई स्वभाविक रूपमा प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत उपन्यासको वस्तुसंयोजनमा विभिन्न पूर्वीय र पाश्चात्य पौराणिक तथा ऐतिहासिक घटना र चरित्रहरूका मिथकीय सन्दर्भलाई स्वभाविक र युगसन्दर्भको व्याख्यामा ढालेर प्रस्तुत गरेका सन्दर्भमा उपन्यासकार युग सचेतसर्जक व्यक्तित्वका रूपमा देखापर्दछन् ।

### ३.४.१४ जीवनदर्शन

प्रस्तुत उपन्यासको प्रारम्भमा जीवनजगत्को परिभाषाको खोजी गरिएको छ । जीवन के हो ? कस्तो हुनुपर्दछ ? भन्ने प्रश्नको उत्तरमा जीवन जस्तो पनि हुन सक्छ । जसरी पनि बिताउन सकिन्छ । लाखौ पेसा, चिन्तन, दर्शनहरू छन् । जीवनका आ-आफ्नै परिभाषा हुँदारहेछन् भन्ने चिन्तन व्यक्त गरिएको छ । (सर्वजा, पृ.२६) जीवनजगत्को रहस्यमय घटना र प्रकृतिका अनेकौँ स्वभावको चित्रण गर्दै जीवनलाई अनुभवको प्रचुरताबाट निर्माण गरिने कर्मक्षेत्रका रूपमा परिभाषित गरिएको छ । (सर्वजा, पृ. ७९) प्रकृतिमा रहेका विभिन्न प्रकारका फूलहरूको समान दर्जा भएजस्तै जीवन पनि अनेक रङबाट देखिने फूलजस्तै भएको चिन्तन प्रस्तुत गरिएको छ । पुरातन मूल्य र मान्यताले मात्र जीवनलाई बुझ्न नसकिने र जीवन भोगाइका सन्दर्भमा प्रतिदिन नयाँ नयाँ इच्छा चाहनाहरूको खोजी मानिसको स्वभाव भएको तथ्य प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. ८६) जीवनको गतिशीलतालाई तूफानसँग तुलना गरिएको छ । (सर्वजा, पृ. २४३) जम्बेजी नदीलाई जीवनदर्शनको मूल सिद्धान्त र जीवन वृत्तान्तको एक अनुपम उदाहरणका रूपमा प्रस्तुत गर्दै जसरी जम्बेजी नदी सूक्ष्म जलकणबाट प्रारम्भ भएर विशाल सागरमा समाहित हुन्छ त्यसैगरी हरेक जीवन सूक्ष्म रजकणबाट प्रारम्भ भएर विशालतामा समाहित हुन्छ भन्ने जीवनको दार्शनिक चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. २२२) सुनाखरी फूलजस्तै हाम्रो जीवन र समाज पनि विभिन्न जाति, धर्म, रङ, स्वभाव आदिमा विभाजित भएको सन्दर्भ आएको छ । (सर्वजा, पृ. १०२) जीवनजगत् विविधातामय रूपान्तरणको माध्यम भएको र हरेक कणकणमा नारीरूपी सर्वजा शक्तिको समागम भएको निष्कर्षमा पुगेको अवस्था सिर्जना भएको छ । (सर्वजा, पृ. २८५) ।

प्रस्तुत उपन्यासको समग्र वस्तु विश्लेषणका आधारमा नारी शक्तिको रहस्य र सृष्टिको आदि सत्ताका रूपमा नारी सत्ताको स्वीकृति भएको निष्कर्ष प्रस्तुत भएको छ ।

## ३.५ चरित्रचित्रण

पात्र वा चरित्र घटित घटनाको भोक्ता हो । चरित्रकै माध्यमबाट उपन्यासले गति निर्धारण गर्दछ । उपन्यासमा पात्रहरू मानवका साथै मानवेतर प्राणी र वनस्पति पनि हुन सक्छन् तर तिनमा मानवीय प्रवृत्ति आरोपित गरिएको हुन्छ । उपन्यासकारको जीवनजगत्सम्बन्धी के कस्तो धारणा रहेको छ भन्ने कुरा चरित्रको प्रस्तुति र कार्यव्यापारबाट थाहा पाइन्छ । चरित्रका सहायताले जातीय विशेषता, मानवीय सास्वत सत्यहरू र व्यक्तिका प्रवृत्तिगत वैचित्र्यहरू उद्घाटित हुन्छ ।[४७] उपन्यासको आयतनभित्र सिङ्गो मानव सभ्यता चरित्र चित्रणकै आधारमा परिभाषित भएको हुन्छ ।[४८]

सर्वजा उपन्यासमा प्रमुख रूपमा 'म' पुरुष र सर्वजा स्त्रीपात्रलाई प्रयोग गरिएको छ । लौकिक र स्वभाविक चरित्रदेखि लिएर अलौकिक र अभौतिक चरित्रहरूको पनि संयोजन गरिएको छ । पृथ्वीका विविध प्राणी र वनस्पति पनि पात्रका रूपमा प्रस्तुत भएका छन् ।

प्रस्तुत उपन्यासमा प्रयुक्त प्रमुख पात्रहरूको विवरण निम्नलिखित तालिकामा उल्लेख गरिएको छ । तालिकामा पात्रको उपस्थितिलाई अङ्कन गर्न '+' चिह्न दिइएको छ भने पात्रको अनुपस्थितिलाई अङ्कन गर्न खाली ठाउँ छोडिएको छ । मानवेतर पात्रहरूको अङ्कन गर्दा पुरुष रूपमा  उपस्थित भएका पात्रलाई 'पु.रू.' सङ्केत दिइएको छ । त्यस्तै नारी रूपमा उपस्थित भएका पात्रहरूलाई 'ना.रू.' सङ्केत दिइएको छ । परिवर्तन उल्लेख गरिएका ठाउँमा दिइएको अङ्कले क्रमसङ्ख्यामा उपस्थित भएका पात्रको परिवर्तित अवस्थालाई जनाउँछ-

[४७] प्रधान, पूर्ववत् पृ. ८ ।

[४८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७ ।

**परिच्छेद -एक**

## शोधपरिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सर्वजा उपन्यासको कृतिपरक अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ विषयपरिचय

वि.सं. २००१ वैशाख १ गतेका दिन इलाम जिल्लाअन्तर्गतको देवानछाप भन्ने ठाउँमा जन्मेका तेजराज खतिवडाको साहित्यिक नाम 'तेराख' हो । नेपाली साहित्यका कविता, आख्यान, नाटक, निबन्धजस्ता विविध विधामा प्रवृत्त रहेका खतिवडा चिन्तकका रूपमा समेत देखिएका छन् । **रातको बाह्र बजे** (लघु उपन्यासः २०५६) र **सर्वजा** (२०६०) उपन्यासमार्फत् उपन्यासकारका रूपमा परिचित हुन पुगेका खतिवडाका उपन्यासमा विविध विषयवस्तुको प्रयोग भएका छन् । सिर्जन क्षमता एवम् विविध चिन्तन र दर्शनको गहिराई समेतलाई ध्यान दिँदा उनको उपन्यासगत वैशिष्ट्य सर्वजा उपन्यासले स्थापना गरेको देखिन्छ । सर्वजा नेपाली उपन्यास परम्परामा समसामयिक मूल्यलाई आत्मसात् गरेर लेखिएको प्रयोगमूलक उपन्यास हो । सृष्टिरचनाको विविधीकरण रूपान्तरणलाई व्यक्त गर्दै सर्वजा चिन्तनदर्शनका रूपमा प्रस्तुत गरिएको छ । परम्परागत लेखनलाई मोडी नयाँ बाटो खन्नु कम चुनौतिपूर्ण काम होइन जुन उपन्यासकार तेजराज खतिवडाले सहजै प्रस्तुत गरेका छन् । यसरी हेर्दा प्रस्तुत उपन्यासका बारेमा पर्याप्त अध्ययन हुनु नेपाली साहित्यका

| क्र.सं. | पात्र | पुरुष | स्त्री | परिवेश | आवद्धता | आसन्नता | भूमिका | परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|
| १ | म | + | | नेपाली | + | | प्रमुख | |
| २ | सर्वजा | | + | नेपाली | + | | प्रमुख | |
| ३ | नरेश | + | | नेपाली | + | | गौण | |
| ४ | समानता | | + | नेपाली | + | | गौण | |
| ५ | छोरो | + | | नेपाली | + | | गौण | |
| ६ | ममता | | + | नेपाली | + | | गौण | |
| ७ | श्रीराम | + | | पौराणिक | | + | गौण | |
| ८ | सुपर्णखा | | + | पौराणिक | | + | गौण | |
| ९ | दामोदर | + | | नेपाली | + | | गौण | |
| १० | सीता | | + | पौराणिक | | + | गौण | |
| ११ | ठिटा | + | | नेपाली | + | | गौण | |
| १२ | ठिटी | | + | नेपाली | + | | गौण | |
| १३ | टीका भट्टराई | + | | नेपाली | + | | गौण | |
| १४ | सदाचार | | + | नेपाली | + | | गौण | |
| १५ | भरत | + | | नेपाली | + | | गौण | |
| १६ | सरस्वती | | + | नेपाली | | + | गौण | |
| १७ | गोविन्द आचार्य | + | | नेपाली | + | | गौण | |
| १८ | सम्पूर्णता | | + | नेपाली | + | | प्रमुख | २ |
| १९ | गणेश ढकाल | + | | नेपाली | + | | गौण | |

| पात्र | पु.रू. | ना.रू. | परिवेश | भूमिका | परिवर्तन |
|---|---|---|---|---|---|
| परेवा | + | | नेपाली | गौण | |
| परेवी | | + | नेपाली | गौण | |
| ढुकुर | | + | नेपाली | गौण | |
| भ्रमरा | + | | नेपाली | गौण | |
| जुरेली | | + | नेपाली | गौण | |
| फिस्टा | | + | नेपाली | गौण | |
| पुतली | | + | नेपाली | गौण | |
| भ्याउँकिरी | | + | नेपाली | गौण | |
| कोइली | | + | नेपाली | गौण | |
| पेन्टिया शेर्पा | | + | नेपाली | गौण | २ |
| जाम्ववती | | + | नेपाली | गौण | |
| कुखुरी | | + | नेपाली | गौण | |
| माकुरी | | + | नेपाली | गौण | |
| चमेरो | | + | नेपाली | गौण | |
| सिल | + | | आयरल्याण्ड | प्रमुख | |
| सिल | | + | आयरल्याण्ड | प्रमुख | |
| सिंहिनी | | + | अफ्रिकी | प्रमुख | |
| सिंह | + | | अफ्रिकी | प्रमुख | |
| गोही | + | | अफ्रिकी | गौण | |

| पात्र | पु.रू. | ना.रू. | परिवेश | भूमिका | परिवर्तन |
|---|---|---|---|---|---|
| सर्वजा | | + | नेपाली | प्रमुख | |
| चियाका बुट्टा | | + | नेपाली | गौण | |
| लटहर | + | | नेपाली | प्रमुख | १ |
| सुनाखरी | | + | नेपाली | गौण | २ |
| हिमालयन वर्च | + | | नेपाली | गौण | १ |
| पिवा रोमेण्डो | + | | नेपाली | गौण | १ |
| गुलाफ | | + | नेपाली | गौण | |
| समर ट्री | + | | अमेरिकी | प्रमुख | १ |
| साना बोटविरुवा | + | | अमेरिकी | गौण | |
| फलहरू | + | | अमेरिकी | गौण | १ |
| वरपीपल | + | | नेपाली | गौण | १ |
| तरकारीहरू | + | | नेपाली | गौण | १ |
| जाही | | + | नेपाली | गौण | |
| जुही | | + | नेपाली | गौण | |
| चमेली | | + | नेपाली | गौण | |
| बेली | | + | नेपाली | गौण | |
| रातकीरानी | | + | नेपाली | गौण | |
| लङ्गसानी | | + | नेपाली | गौण | |
| गोदावरी | | + | नेपाली | गौण | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | लक्ष्मी ढकाल | | + | नेपाली | + | | गौण | | | भैंसी | + | | अफ्रिकी | गौण | | | बाबरी | | + | नेपाली | गौण | |
| २१ | गीतारवादक | + | | नेपाली | + | | गौण | | | गङ्गटा | | + | अष्ट्रेलिया | प्रमुख | | | सयपत्री | | + | नेपाली | गौण | |
| २२ | युवती | | + | नेपाली | + | | गौण | | | गङ्गटा | + | | अष्ट्रेलिया | प्रमुख | | | सोम | | + | नेपाली | गौण | |
| २३ | युवा | + | | नेपाली | + | | गौण | | | भालु | + | | अफ्रिकी | प्रमुख | | | संजीवनी | | + | नेपाली | गौण | |
| २४ | छात्रा | | + | नेपाली | + | | गौण | | | भालु | | + | अफ्रिकी | प्रमुख | | | कृष्णकली | | + | नेपाली | गौण | |
| २५ | छात्र | + | | नेपाली | + | | गौण | | | चितुवा | + | | अफ्रिकी | गौण | | | पैयुँ | | + | नेपाली | गौण | |
| २६ | किसान | + | | नेपाली | + | | गौण | | | चितुवा | | + | अफ्रिकी | गौण | | | लालीगुराँस | | + | नेपाली | गौण | |
| २७ | महिला | | + | नेपाली | + | | गौण | | | बिच्छि | | + | अफ्रिकी | गौण | | | जाम्ववती | | + | नेपाली | गौण | |
| २८ | यात्री | + | | नेपाली | + | | गौण | | | भ्यागुतो | | + | अफ्रिकी | गौण | | | कार्नेशन | | + | अमेरिकी | प्रमुख | २,३७ |
| २९ | उदय भारती | | + | भारतीय | | + | गौण | | | बिटन हेरन | | + | अमेरिकी | गौण | | | लिली | | + | अमेरिकी | गौण | |
| ३० | लक्ष्मीनाथ भण्डारी | + | | नेपाली | + | | गौण | | | | | | | | | | कुमुद | + | | रूसी | गौण | |
| ३१ | पार्वती | | + | पौराणिक | | + | गौण | | | | | | | | | | कुमुदिनी | | + | रूसी | गौण | |
| ३२ | मण्डन मिश्र | + | | भारतीय | | + | गौण | | | | | | | | | | जलकुम्भी | | + | रूसी | गौण | |
| ३३ | लक्ष्मी | | + | पौराणिक | | + | गौण | | | | | | | | | | पीपल | | + | रूसी | गौण | |
| ३४ | शङ्कराचार्य | + | | भारतीय | | + | गौण | | | | | | | | | | तुलसी | | + | रूसी | गौण | |
| ३५ | नीलिमा गुरुङ | | + | नेपाली | + | | गौण | | | | | | | | | | मोपाने | | + | पाश्चात्य | गौण | |
| ३६ | शिव | + | | पौराणिक | | + | गौण | | | | | | | | | | ग्लेरिसा | | + | पाश्चात्य | गौण | |
| ३७ | डायना | | + | अमेरिकी | + | | प्रमुख | | | | | | | | | | जैतुन | | + | इजरायल | गौण | |
| ३८ | गोठालो | + | | अमेरिकी | | + | गौण | | | | | | | | | | | | | | | |
| ३९ | लुसिण्डा | | + | बेलायती | + | | गौण | | | | | | | | | | | | | | | |
| ४० | जर्ज बर्नाड शा | + | | बेलायती | + | | प्रमुख | | | | | | | | | | | | | | | |
| ४१ | लुसी | | + | बेलायती | | + | गौण | | | | | | | | | | | | | | | |
| ४२ | एलिसा | | + | बेलायती | | + | गौण | | | | | | | | | | | | | | | |
| ४३ | जेनी पेटर्सन | | + | बेलायती | | + | गौण | | | | | | | | | | | | | | | |
| ४४ | मौरिस | | + | बेलायती | | + | गौण | | | | | | | | | | | | | | | |
| ४५ | एलिनर | | + | बेलायती | | + | गौण | | | | | | | | | | | | | | | |
| ४६ | एनि बिसेट | | + | बेलायती | | + | गौण | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ | जेनेट एचर्स | | + | बेलायती | | + | गौण | | | | | | | | | | | | | | | |
| ४८ | शार्लोट | | + | बेलायती | + | | गौण | | | | | | | | | | | | | | | |
| ४९ | एरिक कोटेरिल | | + | बेलायती | | + | गौण | | | | | | | | | | | | | | | |
| ५० | बीट्रिक स्ट्रेला | | + | बेलायती | + | | गौण | | | | | | | | | | | | | | | |
| ५१ | जर्ज केयर | + | | रुसी | + | | गौण | | | | | | | | | | | | | | | |
| ५२ | इब्जीनिया | | + | रुसी | + | | गौण | | | | | | | | | | | | | | | |
| ५३ | अन्तोन चेखब | + | | रुसी | + | | प्रमुख | | | | | | | | | | | | | | | |
| ५४ | आर्मेनियन केटी | | + | रुसी | + | | गौण | २ | | | | | | | | | | | | | | |
| ५५ | अनिलोवा | | + | रुसी | + | | गौण | २ | | | | | | | | | | | | | | |
| ५६ | मिजानोवा | | + | रुसी | + | | गौण | २ | | | | | | | | | | | | | | |
| ५७ | सुन्दरी | | + | भारतीय | | + | गौण | | | | | | | | | | | | | | | |
| ५८ | ओल्गा | | + | रुसी | + | | गौण | | | | | | | | | | | | | | | |
| ५९ | मासा | | + | रुसी | + | | गौण | | | | | | | | | | | | | | | |
| ६० | इवान | + | | रुसी | + | | गौण | | | | | | | | | | | | | | | |
| ६१ | मीशा | + | | रुसी | + | | गौण | | | | | | | | | | | | | | | |
| ६२ | अलेक | + | | रुसी | + | | गौण | | | | | | | | | | | | | | | |
| ६३ | मिखाइल | + | | रुसी | + | | गौण | | | | | | | | | | | | | | | |
| ६४ | हायू | + | | नेपाली | + | | प्रमुख | १ | | | | | | | | | | | | | | |
| ६५ | मोफुम | | + | नेपाली | + | | गौण | | | | | | | | | | | | | | | |
| ६६ | नारी | | + | नेपाली | + | | गौण | २ | | | | | | | | | | | | | | |
| ६७ | सुरेल | + | | नेपाली | + | | प्रमुख | १ | | | | | | | | | | | | | | |
| ६८ | सुरेल्नी | | + | नेपाली | + | | गौण | | | | | | | | | | | | | | | |
| ६९ | शेर्पा | + | | नेपाली | + | | गौंण | १ | | | | | | | | | | | | | | |
| ७० | डोल्मा | | + | नेपाली | + | | प्रमुख | | | | | | | | | | | | | | | |
| ७१ | छोरो | + | | नेपाली | + | | गौण | | | | | | | | | | | | | | | |
| ७२ | थकाली | + | | नेपाली | + | | गौण | १ | | | | | | | | | | | | | | |
| ७३ | गुरुङ | + | | नेपाली | + | | गौण | १ | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७४ | ब्राह्मण | + | | नेपाली | + | | गौण | १ | | | | | | | | | | | | | | |
| ७५ | दनुवार | + | | नेपाली | + | | गौण | १ | | | | | | | | | | | | | | |
| ७६ | दनुवार्नी | | + | नेपाली | + | | गौण | | | | | | | | | | | | | | | |
| ७७ | विष्णु | + | | पौराणिक | + | | गौण | | | | | | | | | | | | | | | |
| ७८ | कृष्ण | + | | पौराणिक | | + | गौण | | | | | | | | | | | | | | | |
| ७९ | सुद्धोदन | + | | नेपाली | | + | गौण | | | | | | | | | | | | | | | |
| ८० | मायादेवी | | + | नेपाली | + | | गौण | २ | | | | | | | | | | | | | | |
| ८१ | सिद्धार्थ | + | | नेपाली | + | | प्रमुख | १ | | | | | | | | | | | | | | |
| ८२ | यशोधरा | | + | नेपाली | | + | गौण | २ | | | | | | | | | | | | | | |
| ८३ | राहुल | + | | नेपाली | | + | गौण | २ | | | | | | | | | | | | | | |
| ८४ | यूसुफ | + | | इजरायल | + | | गौण | १ | | | | | | | | | | | | | | |
| ८५ | मरियम | | + | इजरायल | + | | गौण | | | | | | | | | | | | | | | |
| ८६ | यिसु | + | | इजरायल | + | | प्रमुख | | | | | | | | | | | | | | | |
| ८७ | हेरोत | + | | इजरायल | + | | गौण | | | | | | | | | | | | | | | |
| ८८ | यहूदा | + | | इजरायल | + | | गौण | | | | | | | | | | | | | | | |
| ८९ | पुजारी | + | | इजरायल | + | | गौण | | | | | | | | | | | | | | | |
| ९० | सिपाही | + | | इजरायल | + | | गौण | | | | | | | | | | | | | | | |
| ९१ | फारसी | + | | इजरायल | + | | गौण | | | | | | | | | | | | | | | |
| ९२ | खादिजा | | + | अरबी | + | | प्रमुख | २ | | | | | | | | | | | | | | |
| ९३ | मोहम्मद | + | | अरबी | + | | प्रमुख | १ | | | | | | | | | | | | | | |
| ९४ | फतिमा | | + | अरबी | + | | गौण | | | | | | | | | | | | | | | |
| ९५ | जुपिटर | + | | रोमेली | | + | गौण | | | | | | | | | | | | | | | |
| ९६ | सेल्मा | | + | स्वीडेन | + | | प्रमुख | २ | | | | | | | | | | | | | | |
| ९७ | डायनादेवी | | + | रोमेली | + | | प्रमुख | २ | | | | | | | | | | | | | | |
| ९८ | डिनोक्र्याटस | + | | रोमेली | + | | गौण | | | | | | | | | | | | | | | |
| ९९ | सुकरात | + | | युनानी | + | | गौण | | | | | | | | | | | | | | | |
| १०० | बाबुछिरी शेर्पा | + | | नेपाली | + | | गौण | | | | | | | | | | | | | | | |
| १०१ | मार्टिन लुथर | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०२ | कपर्निकस | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| १०३ | ग्रेगरी | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| १०४ | आब्राहम लिंकन | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| १०५ | जे. एल्. वेयार्ड | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| १०६ | क्रिश्चियन | + | | पाश्चात्य | + | | प्रमुख | | | | | | | | | | | | | | | |
| १०७ | इभा ब्राउन | | + | जर्मनी | | | गौण | | | | | | | | | | | | | | | |
| १०८ | हिटलर | + | | जर्मनी | + | | गौण | | | | | | | | | | | | | | | |
| १०९ | मुसोलिनी | + | | इटाली | + | | गौण | | | | | | | | | | | | | | | |
| ११० | वोकासो | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| १११ | मार्कोस | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| ११२ | जनरल तोँजो | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| ११३ | फ्र्याङ्को | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| ११४ | कार्लोस | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| ११५ | इडिअमिन | + | | पाश्चात्य | + | | प्रमुख | | | | | | | | | | | | | | | |
| ११६ | एहरिच विस | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| ११७ | हेरोडोटस | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| ११८ | पिटर | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| ११९ | टाम | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| १२० | डनवेस्को | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| १२१ | चार्ल्स डिकेन्स | + | | पाश्चात्य | + | | गौण | | | | | | | | | | | | | | | |
| १२२ | पपोप | + | | रूसी | + | | गौण | | | | | | | | | | | | | | | |
| १२३ | राहुल सांकित्यायन | + | | भारतीय | + | | गौण | | | | | | | | | | | | | | | |

पात्र विवरण तालिकामा उल्लेख गरिएका मानव तथा मानवेतर प्राणी र वनस्पति प्रमुख चरित्रहरूको सङ्क्षिप्त चर्चा निम्नानुसार गर्न सकिन्छ-

### ३.५.१ मानवीय पुरुष चरित्रहरू

तल उल्लेखित मानवीय पुरुष चरित्रहरूमध्ये ३.५.१.१ देखि ३.५.१.८ सम्म आएको पात्रहरू वास्तविक पात्रहरू हुन् । उनीहरुको भूमिका 'म' पात्रको मित्र र सहयात्रीको रूपमा उल्लेख्य देखिएको छ ।

#### ३.५.१.१ म

'म' प्रस्तुत उपन्यासको प्रमुख आबद्ध पुरुष चरित्र हो । ऊ सम्पूर्ण पुरुष जातिको प्रतिनिधि पात्र पनि हो । आबद्ध चरित्र भए पनि कतिपय सन्दर्भमा रूपान्तरित भएर आसन्न भूमिका निर्वाह गरेको छ । आदर्शवादी शिक्षक पेसामा समर्पित उक्त पुरुषका संकुचित मानसिक चिन्तनका आधारमा प्रारम्भ भएको प्रस्तुत उपन्यास सर्वजा शक्तिका प्रभावमा रूपान्तरित जीवनभोग गर्दै अनुभव गरेका विविध घटनाहरूको संयोजनका रूपमा तयार भएको छ ।

#### ३.५.१.२ नरेश

प्रस्तुत उपन्यासमा 'म' पात्रको मित्रको रूपमा नरेशको उपस्थिति भएको छ । उसले गौण भूमिका निर्वाह गरेको छ । 'म' पात्रसामु सर्वजाको भेटघाट गराउन नरेशको भूमिका देखिएको छ । (सर्वजा, पृ.२१)

#### ३.५.१.३ दामोदर निरौला

झापा, शान्तिनगरका स्थानीय व्यक्ति दामोदर निरौलाको भूमिका 'म' पात्रको सहयात्रीको रूपमा देखिन्छ । (सर्वजा, पृ. ३०)

#### ३.५.१.४ टीका भट्टराई

इलाम कन्यामका स्थानीय व्यक्ति टीका भट्टराईको भूमिका मार्गदर्शकको रूपमा रहेको देखिन्छ । (सर्वजा, पृ.३०)

#### ३.५.१.५ गोविन्द आचार्य

आचार्य भाइ भनेर सम्बोधन गरिएका इलाम कन्यामका स्थानीय व्यक्ति गोविन्द आचार्यको भूमिका पनि मार्गदर्शककै रूपमा देखिन्छ । (सर्वजा, पृ.४१)

### ३.५.१.६ खगेन्द्र आचार्य

अन्तुडाँडाको यात्राका क्रममा इलाम, कन्यामका स्थानीय व्यक्ति खगेन्द्र आचार्यको भूमिका मार्गदर्शकको रूपमा देखिन्छ । (सर्वजा, पृ. ४२)

### ३.५.१.७ गणेश ढकाल

इलाम, अन्तुका स्थानीय व्यक्ति गणेश ढकाल ज्ञानी चरित्रका रूपमा देखिन्छन् । ( सर्वजा, पृ.४३)

### ३.५.१.८ लक्ष्मीनाथ भण्डारी

इलाम, फिक्कलका स्थानीय व्यक्ति लक्ष्मीनाथ भण्डारी 'म' पात्र पञ्चकन्या देवीको दर्शन गर्न जाँदा सहयात्रीको भूमिकामा आएका छन् । (सर्वजा, पृ. ६०)

### ३.५.१.९ जर्ज बर्नाड शा

जर्ज बर्नाड शामा रूपान्तरित पुरुष बिम्ब शक्तिशाली नाटककारका रूपमा स्थापित भएको छ । (सर्वजा, पृ. ११६) लुसिण्डा र केयर दम्पतीका सन्तानका रूपमा जन्मिएका जर्ज बर्नाड शा पारिवारिक विसङ्गतिमा हुर्किएर पनि एक उदाहरणीय चरित्र बनेर देखिएका छन् । नारी शक्तिका कारण उक्त पुरुष चरित्र गतिशील बनेको छ ।

### ३.५.१.१० अन्तोन चेखव

अन्तोन चेखवमा रूपान्तरित पुरुष बिम्ब पुन शक्तिशाली बनेर देखिएको छ । (सर्वजा, पृ. ११३) जारशासनमा हुर्किएका पिताको क्रुद्ध शासनमा हुर्किएर नारी शक्तिको प्रभावले साहित्यलेखनमा प्रगति गर्दै गएर विश्वविख्यात कथाकार बनेका चेखव एक उदाहरणीय चरित्र बनेर देखिएका छन् ।

### ३.५.१.११ हायू पुरुष

सिन्धुलीको हायू परिवारको सन्तानका रूपमा रूपान्तरित 'म' पात्र शक्तिशाली पुरुष चरित्र बनेर स्थापित भएको छ । हायू संस्कृति र परम्परा अनुसरण गर्न पुगेको उक्त चरित्र जातीय संस्कृतिको परिचायक बनेको छ । (सर्वजा, पृ. ८८)

### ३.५.१.१२ सुरेल पुरुष

दोलखा जिल्लाको सुरेल परिवारको सन्तानका रूपमा रूपान्तरित उक्त पुरुष शक्तिशाली चरित्र बनेर स्थापित भएको छ । सुरेल संस्कृति र परम्परा अनुसरण गर्न पुगेको उक्त पुरुष सुरेल संस्कृति र परम्पराको परिचायक बनेको छ । (सर्वजा, पृ.८९)

### ३.५.१.१३ सिद्धार्थ गौतम

रूपान्तरित जीवनभोगका सन्दर्भमा राजा सुद्धोदन र मायादेवीका सन्तान सिद्धार्थ गौतमका रूपमा अवतरण हुन पुगेको उक्त पुरुष शक्तिशाली देखिएको छ । अहिंसाको शिक्षा ज्योति फैलाउन बुद्धत्व प्राप्त गरेका बुद्धको चरित्र उल्लेख्य देखिएको छ । (सर्वजा, पृ. १७७)

### ३.५.१.१४ यिसुखिस्ट

यूसुफ र मरियमका पुत्र यिसुका रूपमा रूपान्तरित पुरुष बिम्ब धार्मिक तथा सांस्कृतिक चरित्रका रूपमा स्थापित हुन पुगेको छ । (सर्वजा, पृ. १८०) राजा हेरोतको षड्यन्त्रबाट कति पनि विचलित नभई क्रिश्चियन धर्मको सन्देश प्रवाह गरेर प्राण त्याग गरेका यिसु शक्तिशाली पुरुष चरित्रका रूपमा देखिएका छन् ।

### ३.५.१.१५ मोहम्मद

खादिजा नारीको प्रेमको प्रभावमा परेको साधारण युवक इस्लाम धर्मका प्रवर्तक मोहम्मदका रूपमा अवतरण भएको छ । (सर्वजा, पृ. १८७) अरब राष्ट्रलाई सङ्गठित गर्ने धार्मिक चेतना प्रस्तुत गर्ने मोहम्मद शक्तिशाली पुरुष चरित्रका रूपमा देखिएका छन् ।

### ३.५.१.१६ भगवान् शिव

प्रस्तुत उपन्यासमा पौराणिक पात्र शिव 'म' पात्रका चिन्तनका सन्दर्भमा नारी शक्तिका सामु सानो बालक चरित्रका रूपमा देखिएका छन् । (सर्वजा, पृ.९६)

### ३.५.१.१७ शङ्कराचार्य

उदय भारतीले शास्त्रार्थमा जितेको प्रसङ्गमा कमजोर पुरुष चरित्रका रूपमा शङ्कराचार्यको उपस्थिति भएको छ । (सर्वजा, पृ ६९)

### ३.५.१.१८ राहुल साङ्कृत्यायन

विश्वविख्यात साहित्यकार राहुल साङ्कृत्यायनको उपस्थिति शक्तिशाली पुरुषका रूपमा भएको छ । उनले भारतीय धर्म संस्कृतिको संरक्षकका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । (सर्वजा,पृ. २८१)

### ३.५.१.१९ सुकरात

युनानी महान् दार्शनिक चरित्रका रूपमा सुकरातको उपस्थिति भएको छ । अत्याचारी कानुनको मृत्युदण्डको सजाय पनि सहर्ष स्वीकार गर्ने बलिदानी चरित्रका रूपमा सुकरात देखिएका छन् । (सर्वजा, पृ. २५३)

### ३.५.१.२० एडोल्फ हिटलर

द्वितीय विश्वयुद्धको भयानक परिस्थिति सिर्जना गराउने जर्मनीका तानाशाहको रूपमा एडोल्फ हिटलरको उपस्थिति भएको छ । क्रुर शासकका रूपमा हिटलरको चरित्र प्रस्तुत भएको छ ।(सर्वजा, पृ.२५७)

### ३.५.१.२१ बेनिटो मुसोलिनी

इटालीका तानाशाह मुसोलिनी फाँसीवादका कट्टर समर्थकको रूपमा उपस्थित भएका छन् । द्वितीय विश्वयुद्धको भयानक परिस्थिति निम्त्याउन मुसोलिनीको चरित्र प्रमुख बनेर देखिएको छ । (सर्वजा, पृ. २५६)

### ३.५.१.२२ पपोप

रुसका सर्कसका महान् साधकका रूपमा पपोपको उपस्थिति भएको छ । बाघजस्तो हिंस्रक जनावरलाई प्रेमद्वारा जितेर अद्भूत कला प्रदर्शन गर्ने साहसी चरित्रको रूपमा पपोपको भूमिका देखिन्छ । (सर्वजा, पृ. २५३)

## ३.५.२ मानवीय स्त्री चरित्रहरू

तल उल्लेखित मानवीय स्त्री चरित्रहरूमध्ये लक्ष्मी ढकाल, ममता र सरस्वती वास्तविक पात्रहरू हुन् । त्यसैगरी सर्वजा र समानताको भूमिका पनि उपन्यासको प्रारम्भमा वास्तविक देखिए पनि विस्तारै अवास्तविक बन्दै गएको छ ।

### ३.५.२.१ सर्वजा

सर्वजा प्रस्तुत उपन्यासकी प्रमुख आबद्ध चरित्र हो । आबद्ध भूमिका निर्वाह गरे पनि कतिपय सन्दर्भमा रूपान्तरित भएर आसन्न भूमिका पनि निर्वाह गरेकी छ । उपन्यासमा वर्णन गरिएअनुसार मझौला कदकी, अन्दाजी ३०-३५ वर्षकी, कपाल फुस्रिएकी, श्यामश्वेत वर्णकी, शुद्ध नेपाली बोल्ने, गहन व्यक्तित्व आभास हुने उक्त स्त्री चरित्रलाई सम्पूर्ण ज्ञान, चिन्तन र विवेककी प्रतिमूर्तिका रूपमा प्रस्तुत गरिएको छ । (सर्वजा, पृ.४) सर्वजा फूलको बिम्बका रूपमा प्रस्तुत गरिएकी उक्त स्त्रीकै नामका आधारमा उपन्यासको शीर्षक चयन गरिएको छ । सृष्टिरचना र सञ्चालनको प्रेरक तत्त्व तथा सम्पूर्ण स्त्री जातिकी प्रतिनिधि पात्रका रूपमा सर्वजाको प्रमुख भूमिका देखिन्छ ।

### ३.५.२.२ समानता

समानता 'म' पात्रकी श्रीमती हो । आबद्ध गौण भूमिका निर्वाह गरेकी उक्त स्त्री पात्र कतिपय सन्दर्भमा रूपान्तरित भएर प्रमुख भूमिका निर्वाह गरेकी छ । समानता सम्पूर्ण स्त्री जातिकी प्रतिनिधि पात्र पनि हो ।

### ३.५.२.३ ममता

ममता 'म' पात्र र समानताकी छोरी हो । प्रस्तुत उपन्यासमा ममता गौण भूमिकामा देखिएकी छ । (सर्वजा, पृ. ३)

### ३.५.२.४ लक्ष्मी ढकाल

इलाम अन्तुकी स्थानीय व्यक्ति लक्ष्मी ढकाल सुन्दर र असल चरित्रका रूपमा प्रस्तुत भएकी छ । (सर्वजा, पृ. ४२)

### ३.५.२.५ सरस्वती

प्रस्तुत उपन्यासमा सरस्वती 'म' पात्रकी आदर्श शिक्षिका मित्रका भूमिकामा उपस्थित भएकी छ । (सर्वजा, पृ. २८)

### ३.५.२.६ सदाचार

नरेशकी श्रीमती सदाचारलाई प्रस्तुत उपन्यासमा किलकिले नभएकी अर्थात् मनमा कुनै कुरा राख्न नसक्ने स्त्री चरित्रका रूपमा प्रस्तुत गरिएको छ । (सर्वजा, पृ. १७)

### ३.५.२.७ सम्पूर्णता

सम्पूर्णता प्रस्तुत उपन्यासकी आबद्ध प्रमुख स्त्री पात्र हो । सम्पूर्ण स्त्री जातिकी प्रतिनिधित्व आदर्श स्थिर चरित्रका रूपमा देखिएकी उक्त स्त्री सर्वजा शक्तिकै रूपान्तरित बिम्बका रूपमा देखिएकी छ । सुन्दर शान्त आध्यात्मिक परिवेशमा जीवनयापन गर्ने उक्त स्त्री समाजकै उदाहरणीय पथप्रदर्शकका रूपमा देखिएकी छ । (सर्वजा, पृ. ५८)

### ३.५.२.८ उदय भारती

शङ्कराचार्यसँग शास्त्रार्थमा जितेको सन्दर्भमा प्रस्तुत गरिएकी उदय भारती शक्तिशाली स्त्री चरित्रका रूपमा देखिएकी छ । (सर्वजा, पृ.६९)

### ३.५.२.९ डायना

ग्रिसेली राजकुमारी डायना प्रमुख स्त्री चरित्रका रूपमा प्रस्तुत भएकी छ । उपन्यासमा उल्लेख गरिएअनुसार मिनिस्कट लगाएकी, सुनौलो केश, कुहिरा समुद्रझैँ आँखा भएकी उक्त स्त्रीले 'म' पात्रको पथप्रदर्शक भएर शक्तिशाली भूमिका निर्वाह गरेकी छ । (सर्वजा, पृ. १०३) डायना सम्पूर्ण पाश्चात्य जगत्की प्रतिनिधि स्त्री चरित्रका रूपमा देखिएकी छ ।

### ३.५.२.१० खादिजा

इस्लाम धर्मका प्रवर्तक मोहम्मदकी श्रीमतीको भूमिका निर्वाह गरेकी विधवा खादिजा शक्तिशाली स्त्री चरित्रका रूपमा प्रस्तुत भएकी छ । चालीस वर्षकी धनाढ्य, हृष्टपुष्ट स्त्रीका रूपमा सर्वजाकै रूपान्तरित बिम्ब खादिजा इस्लाम धर्मका प्रवर्तक मोहम्दको मार्गदर्शकका रूपमा देखिएकी छ । (सर्वजा, पृ.१८८)

### ३.५.२.११ डोल्मा शेर्पा

'म' पात्रलाई कान्छो पतिका रूपमा स्वीकार गरेकी डोल्मा शेर्पा पुरुषका सामु शक्तिशाली भूमिका निर्वाह गर्ने स्त्री चरित्र हो । मातृसत्तात्मक समाजको नमुना बनेर देखिएकी डोल्मा प्रस्तुत उपन्यासमा प्रमुख स्त्री चरित्रका रूपमा देखिएकी छ । (सर्वजा, पृ. ९१)

### ३.५.२.१२ सेल्मालागरलोफ

सेल्मालागरलोफ प्रस्तुत उपन्यासमा प्रमुख स्त्री चरित्रका रूपमा देखिएकी छ । नारी चेतना, अस्मिता र सम्मानकी प्रतिमूर्तिका रूपमा प्रस्तुत गरिएकी उक्त पात्र साहित्यमा नोबेल पुरस्कार प्राप्त गर्ने प्रथम श्रद्धेय नारी चरित्रका रूपमा देखिएकी छ । (सर्वजा, पृ.२०३) उक्त नारीले सर्वजाकै रूपान्तरित बिम्बका रूपमा गतिशील भूमिका निर्वाह गरेकी छ ।

### ३.५.२.१३ डायनादेवी

डायनादेवी रोमनहरूका स्वर्गका राजा जुपिटरकी छोरी हुन् । प्रस्तुत उपन्यासमा स्वर्गकी राजकुमारी मानिएकी डायनादेवीलाई अलौकिक र रहस्यमय स्त्री चरित्रका रूपमा प्रस्तुत गरिएको छ । (सर्वजा, पृ.१४५)

### ३.५.३ मानवेतर प्रमुख पात्रहरू

प्रस्तुत उपन्यासमा मानवेतर प्राणी वनस्पतिहरू पनि लैङ्गिक दृष्टिकोणले स्त्री र पुरुष चरित्रका रूपमा देखिएका छन् । यहाँ प्रमुख मानवेतर प्राणी र वनस्पति स्वभावको चित्रण निम्नानुसार गरिएको छ ।

### ३.५.३.१ प्राणी

### ३.५.३.१ (अ) सिल

प्रस्तुत उपन्यासमा सामुद्रिक भाले सिल र पोथी सिललाई मानव स्त्री र पुरुष चरित्रका रूपमा प्रस्तुत गरिएको छ । यिनीहरूले आफ्नो वंशपरम्परा कायम राख्न गरेको प्रयास महत्त्वपूर्ण देखिन्छ । (सर्वजा, पृ. २१४)

### ३.५.३.१ (आ) सिंह

जङ्गली प्राणी सिंह क्रोधी हिंस्रक चरित्रका रूपमा देखिएको छ भने सिंहिनी ममतामयी स्त्री चरित्रका रूपमा देखिएकी छ ।

### ३.५.३.१ (इ) गङ्गटा

सृष्टिसञ्चालन र वंशपरम्परा कायम राख्न हरेक प्राणीको चरित्रको आ-आफ्नै भूमिका रहेको सन्दर्भमा पोथी गङ्गटा पनि सन्तानका लागि ममतामयी आमाका रूपमा देखिएकी छ । (सर्वजा, पृ.२२९)

### ३.५.३.१ (ई) भालु

हिंस्रक जङ्गली जन्तु भए पनि पोथी भालुको स्वभावमा स्त्री कोमलताले भरिपूर्ण अवस्था भएको देखिएको छ । (सर्वजा, पृ. २२७)

### ३.५.४ वनस्पति

### ३.५.४.१ सर्वजा फूल

सबै फूलको प्रतिनिधित्व गर्ने सर्वजा फूललाई प्रतीकात्मक रूपमा स्त्री चरित्रका रूपमा प्रस्तुत गरिएको छ । सर्वजा फूल र सर्वजा स्त्रीमा अभेद्य सम्बन्ध देखाइएको छ ।

### ३.५.४.२ सुनाखरी

सुनाखरी फूलका विविध रङहरूलाई विविधतामय मानव समाजको प्रतिबिम्ब ठानिएको छ । सर्वजा र सुनाखरी फूलले प्राकृतिक सौन्दर्य कायम गर्न एउटै भूमिका निर्वाह गरेको देखाइएको छ ।

### ३.५.४.३ कार्नेशन

कार्नेशन फूललाई पाश्चात्य समाजकी स्त्री चरित्रको प्रतिबिम्बका रूपमा लिइएको छ । प्रेरणा र प्रगतिको भरपर्दो स्रोतका रूपमा कार्नेशन फूलको भूमिका रहेको देखिएको छ ।

### ३.५.४.४ लटहर

लटहरको अग्लो रुखलाई पुरुष चरित्रको उच्च अहम्का रूपमा प्रस्तुत गरिएको छ । अन्य वनस्पतिभन्दा उसको छुट्टै विशेषता देखिन्छ । (सर्वजा, पृ.१९६)

### ३.५.४.५ समर ट्री

समर ट्री स-साना वनस्पति सामु शक्तिशाली पुरुष बिम्बका रूपमा प्रस्तुत भएको छ । (सर्वजा, पृ.१९७)

यसरी प्रस्तुत उपन्यासमा प्रयुक्त मानव र मानवेतर, पुरुष तथा स्त्री पात्रहरूले आ-आफ्नै स्वभाव र विशेषता अनुसारका भूमिका निर्वाह गरेको देखिन्छ । पात्रको परिवर्तनशील स्वभावका कारण एउटै पात्र कतै प्रमुख र कतै गौण भूमिका निर्वाह गर्न पुग्दछन् । पात्रको उपस्थिति र भूमिकाका सन्दर्भमा नयाँ प्रयोग भएको देखिन्छ ।

## ३.६ परिवेश

कुनै पनि विषयवस्तु घटित भएको स्थान परिवेश हो । कार्यव्यापारलाई प्रेरित गर्ने महत्त्वपूर्ण तत्त्व परिवेश हो । अर्को शब्दमा परिवेशलाई देश, काल, वातावरण पनि भनिन्छ । बिनापरिवेश उपन्यासकारले उपन्यासको विषयवस्तुलाई विश्वसनीयता प्रदान गर्न सक्दैन । पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी निर्वाह गर्दछ ।[४९] उपन्यासमा उपन्यासकारले परिवेश निर्माण गरेर उपन्यासको यात्रा गतिमान् बनाउँछ भने गतिमान् बनाउने क्रममा पनि परिवेशको निर्माण गरिन्छ ।[५०]

प्रस्तुत उपन्यासमा प्रयुक्त परिवेश कुनै एउटा ठाउँ र कालखण्डमा सीमित छैन । समग्र विश्वब्रह्माण्डलाई उपन्यासको परिधिभित्र अटाइएको छ । जम्मा २६ अध्यायमा संरचित प्रस्तुत उपन्यासको प्रारम्भभूमि धुलाबारी झापा भएको छ । (तालिका ३.१) प्रमुख रूपमा 'म' पुरुष पात्र र सर्वजा स्त्री पात्रका मनोलोकका तर्कवितर्कको प्रस्तुतिका आधारमा सुरु भएको उपन्यास धुलाबारी झापाको परिवेशबाट विस्तारै उठेर क्रमशः पहाडी जिल्ला इलाम हुँदै नेपालको समग्र पहाडी भू-भागमा फैलिएको छ । यसै क्रममा नेपालका विभिन्न ठाउँ क्रमशः सिन्धुली, दोलखा, सोलु, मुस्ताङ, कालीगण्डकी, तनहुँ, नुवाकोट, काठमाडौँ, पोखरा, माछापुच्छ्रे हिमाल आदिको परिवेश चित्रण गरिएको छ । सर्वजा शक्तिका प्रभावले रूपान्तरित जीवनभोग गरेका सन्दर्भमा नेपालका विभिन्न जातजाति हायू, सुरेल, शेर्पा, गुरुङ, ब्राह्मण, दनुवार आदि परिवारको सामाजिक, सांस्कृतिक दिनचर्यालाई समेटेर प्रस्तुत गरिएको पर्यावरण उपन्यासको मञ्चीय परिवेश बनेको छ । (तालिका ३.६५)

---

[४९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १९ ।

[५०] ऋषिराज बराल, पूर्ववत्, पृ. ५४ ।

'म' पात्रको विचलनशील स्वभावसँगै नेपालको प्राकृतिक पर्यावरणबाट क्रमशः माथि उठेर ग्रिसेली राजकुमारी डायनाका निर्देशनमा अनुभव गरेका ग्रिस, एटलान्टिक सागर, मेक्सिको सहर, ब्राजिल, ग्वाटेमाला, जमाका, क्युवा, रकी पर्वतश्रृङ्खला आदि विविध स्थानका परिवेश उद्घाटन गरिएको छ । (तालिका ३.३७) सर्वजा शक्तिका प्रभावले क्रमशः जर्ज बर्नाड शा र अन्तोन चेखवमा रूपान्तरित भएर जीवन भोग गरेका सन्दर्भमा ग्रेटब्रिटेन र सोभियत रुसको सामाजिक, सांस्कृतिक तथा राजनैतिक परिवेश समेत समेटिएको छ । (तालिका नं. ३.४१, ५४) धार्मिक चिन्तकका रूपमा रूपान्तरित भएका सन्दर्भमा बुद्ध, यिसु, मोहम्मद आदि धर्म प्रवर्तकहरूको जीवनचर्या र पर्यावरण मञ्चीय परिवेश बनेको छ । (तालिका ३.८२, ८७,९४) सामुद्रिक यात्राका क्रममा न्यूजिल्याण्ड, क्यालिफोर्निया, आयरल्याण्ड, जम्बेजी नदी, अङ्गोला आदि स्थानको परिवेश चित्रण गरिएको छ । दक्षिण अफ्रिकाको घाँसे मैदान, क्रुकर वनजङ्गल क्रिसमस द्वीप ज्वालामुखी क्षेत्र आदिको परिवेश उद्घाटन गर्दै प्रकृतिको अद्भूत रहस्य र प्राणीको जीवनचर्याको पर्दाफास गरिएको छ । पात्रको गतिशील चारित्रिक स्वभावका कारणले गर्दा विश्वयुद्धका विभत्स दृश्यदेखि लिएर अन्तरिक्ष जगत्का विविध परिवेशहरू समेत सहज ढङ्गले अनुभव गर्न पुगेको छ ।

उपन्यासकारको चिन्तन र दर्शनका आधारमा सम्भव भएसम्म लौकिक अलौकिक, भौतिक, अभौतिक, पौराणिक, ऐतिहासिक घटना र व्यक्तिका स्वभावलाईसमेत सकेसम्म यथार्थ रूपमा चित्रण गरिएको छ । उपन्यासमा प्रयुक्त विभिन्न घटनाहरूलाई स्वभाविक परिवेशमा व्यवस्थित ढङ्गले प्रस्तुत गर्नु उपन्यासकारको सशक्त खुबी देखिन्छ । पौराणिकदेखि वर्तमान जीवनपद्धति समेतको अनुकूल परिवेश जुटाउनु उपन्यासको समग्र प्राप्ति बनेको छ ।

## ३.७ भाषाशैली

भाषा र शैली दुईवटा शब्दको संयुक्त रूप नै भाषाशैली हो । कुनै पनि साहित्यिक कृतिमा भाषाशैलीको महत्त्वपूर्ण स्थान हुन्छ । भाषा नभई विचारको प्रस्तुति गर्न सम्भव हुँदैन । मानिसको भावना र विचार सम्प्रेषण गर्ने माध्यम भाषा हो । उपन्यासमा कथावस्तुको विस्तार तथा विचारको प्रस्तुति भाषाकै माध्यमबाट गरिन्छ । उपन्यासमा भाषा अनिवार्य तत्त्व हो भन्ने कुरामा विवाद छैन परन्तु यसको प्रयोग कसरी गरिएको छ त्यो महत्त्वपूर्ण पक्ष हो ।[५१] प्रत्येक व्यक्तिको भाषा प्रयोगको आ-आफ्नै ढङ्ग हुन्छ । त्यही ढङ्ग वा विधि नै शैली हो । शैली निजत्वको विशिष्ट रूप हो । यसले अभिव्यक्तिको स्वतन्त्र र

[५१] ऋषिराज बराल, पूर्ववत्, पृ. ४९ ।

व्यक्तित्वपूर्ण मार्ग प्रशस्त गर्दछ ।[५२] अर्को शब्दमा भन्दा शैली उपन्यासको प्रस्तुतिको भङ्गिमा हो । यो बाह्य स्वरूप र ढाँचाको चिनारी हो ।[५३] उपन्यासकारले भाषालाई सकेसम्म नयाँ मौलिक र रोचक ढङ्गले प्रस्तुत गर्दछ । त्यही मौलिकतालाई प्रस्तुतिको शैली भनिन्छ र शैलीबाट नै उपन्यासकारको पहिचान समेत हुने गर्दछ । आधुनिक नेपाली उपन्यासको भाषामा वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक नाटकीय, दैनिकी र चेतनाप्रवाह आदि शैलीको प्रयोग भएको पाईन्छ ।

सर्वजा उपन्यास भाषाशैलीका दृष्टिले नौलो प्रयोगका रूपमा देखिएको छ । आत्मपरक ढङ्गमा 'म' पात्रको संस्मरणात्मक मनोवाद र एकालापमै उपन्यास सकिन्छ । उपन्यासकारको चिन्तन र दर्शनका आधारमा विश्वज्ञान समेटिएका लामालामा अनुच्छेदहरूले पाठकहरूको धैर्य परीक्षा गर्दछन् । प्रत्येक शीर्षक उपशीर्षकसँग सुरु भएको आख्यान धाराप्रवाह रूपमा अघि बढ्दै जान्छ । कथयिताको विचारको अनवरत बहाइबाट तयार भएको उपन्यासका कतिपय अध्याय उपअध्याय बिनाअनुच्छेद नै संरचित छन् उदाहरणका लागि सात पृष्ठमा संरचित अध्याय उन्नाइस र तीन पृष्ठमा संरचित अध्याय बाइस आदिलाई लिन सकिन्छ । प्रायः संवादहीन अनुच्छेदहरूमा उपन्यासकारको मनको सोझो अभिव्यक्ति निरन्तर आइरहन्छ । मनमा उठेको चिन्तन र जीवन दर्शन विषयक विचारहरू चेतनप्रवाह शैलीमा प्रस्तुति गरिएको छ । भूमिकामा गोविन्दराज भट्टराईले यस किसिमको शैलीमा लेखिएको पहिलो उपन्यास हो भनेर दाबी नै गरेका छन् ।[५४] यिनै विशेषताहरूका कारण उपन्यासकारको छुट्टै पहिचान स्थापित भएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त भाषिक सन्दर्भहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ-

### ३.७.१ कथ्यभाषा

प्रस्तुत उपन्यासको भाषिक प्रयोगलाई हेर्दा जनमानसमा प्रचलित सरल र प्राञ्जल भाषा प्रयोग भएको देखिए पनि नेपाली भाषामा रहेको मानक पक्षलाई कतिपय ठाउँमा बेवास्ता गर्ने काम भएको छ । शब्द प्रयोग र वर्णविन्यासमा भाषाको कथ्य प्रयोगलाई आधार मानेको देखिन्छ । उदाहरणका रूपमा निम्नलिखित शब्दावलीहरूलाई प्रस्तुत गर्न सकिन्छ-

---

[५२] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ९ ।

[५३] ऋषिराज बराल, पूर्ववत्, पृ. ५३ ।

[५४] गोविन्दराज भट्टराई, भूमिका, (तेराखः सर्वजा, २०६०) ।

छुइन (सर्वजा, पृ.३) उदारण (सर्वजा, पृ.४), कृतिम (सर्वजा, पृ.२६), उदेश्य (सर्वजा, पृ. ३७), असादारण (सर्वजा, पृ.९५), समुन्द्र, आल्हाद्धित (सर्वजा, पृ.१०७), समाल (सर्वजा, पृ.१४५) आदि ।

### ३.७.२ काव्यात्मक भाषा

सर्वजा उपन्यासको प्रस्तुतिको शैली सर्वेक्षण गर्दा गद्य शैली भएर पनि जति-जति उपन्यासको आयतन बढ्दै जान्छ, उति-उति काव्यात्मक मीठास प्राप्त हुँदै गएको देखिन्छ । विचलनशील भाषिक प्रयोगका कारण कतिपय सन्दर्भमा काव्यात्मक अवस्था सिर्जना भएको हो । उदाहरणका लागि निम्नलिखित उद्धरणहरू प्रस्तुत गर्न सकिन्छ -

"उपन्यासको खाका तयार गर्नुछ मैले । फेरि मस्तिष्क गुम्म भयो केही पनि कल्पना गर्न सकिन मैले ।" (सर्वजा, पृ.१)

"कल्पनाको यो प्रसव पीडा शून्यमा बदलिरहने । शून्यमा पनि झन् महाशून्यमा हराइरहेछ सायद ।"(सर्वजा, पृ. २)

"कहिल्यै मौरी पुतली र भ्रमराले नघेरिएको फूलबारी मेरो छेउको काडबोडमा च्यापिएको  सादा कागज मेरो कल्पनाभित्रको बाँझोपनले कलम नउठेर सादाको सादै रहेको त्यसको जिन्दगी । वरको अभावमा बुढिँदै गएको कन्याको जवानी, खाली सिउँदो जस्तो ।" (सर्वजा, पृ. ५)

"अनुहार चिल्ला हर्षले र उन्मादले ठूलो झरीपछि उग्रिएको सुन्दर पहाड, नीलो आकाश झैँ रमाइलो सपाटजस्तो जीवन ।" (सर्वजा, पृ. ४६)

### ३.७.३ संस्कृत स्रोतका शब्द

मिथ्या, पुञ्ज (सर्वजा, पृ. २), वक्र कन्या (सर्वजा, पृ. ५), सन्दिग्ध (सर्वजा, पृ. ६), शिक्षक (सर्वजा, पृ. १०), मुग्धा (सर्वजा, पृ. १९४), समाहित (सर्वजा, पृ. २२२), धावक (सर्वजा, पृ. २२५), जलीय (सर्वजा, पृ. ७८), प्रकाण्ड (सर्वजा, पृ. २४०), आदि ।

### ३.७.४ अङ्ग्रेजी स्रोतका शब्द

काडबोड (सर्वजा, पृ. ३), प्लट (सर्वजा, पृ. ५), फिल्टर, क्याण्डल (सर्वजा, पृ. ८), सलुसन, टेबल (सर्वजा, पृ. १६), साइनबोर्ड (सर्वजा, पृ.२०), पाइलट, कम्पनी (सर्वजा, पृ. ३०), टर्चलाइट (सर्वजा, पृ. ४४), ग्राफ (सर्वजा, पृ. १९३), सेन्टीमिटर (सर्वजा, पृ. २०७), क्रिमरोल (सर्वजा, पृ. २५८), रिमोट कन्ट्रोल (सर्वजा, पृ. २७६), ट्राफिक (सर्वजा, पृ. १३१), मिनिस्कट (सर्वजा, पृ. १०४), हाइब्रिड (सर्वजा,पृ.१०६) आदि ।

### ३.७.५ फारसी स्रोतका शब्द

खाका (सर्वजा, पृ.१), जिन्दगी (सर्वजा, पृ.५), नामर्द, (सर्वजा, पृ. १३), जवान (सर्वजा, पृ.८८), बजार (सर्वजा, पृ.९१), दोकान (सर्वजा, पृ. १३४), जमिन (सर्वजा, पृ. १३९) आदि ।

### ३.७.६ तत्सम शब्द

श्रद्धा (सर्वजा, पृ. १०), वनवास (सर्वजा, पृ. १२), पर्यावरण (सर्वजा, पृ. ३१), सुगन्ध (सर्वजा, पृ. ३२), सत्मार्ग (सर्वजा, पृ. ३६), तत्त्वदर्शी (सर्वजा, पृ. ५०), बालक (सर्वजा, पृ. ८५), वनस्पति (सर्वजा, पृ. ८४), सुन्दरी (सर्वजा, पृ. १३४), औषधि (सर्वजा, पृ.१८६), कर्तव्य (सर्वजा, पृ.१९५), देह (सर्वजा, पृ. १९९), द्रुत (सर्वजा, पृ. २१९), प्राणी (सर्वजा, पृ. २२५), कला (सर्वजा, पृ. २७८), प्रकाण्ड (सर्वजा, पृ. २४०), बाहुपाश (सर्वजा, पृ. २८०), पिण्ड (सर्वजा, पृ. २४९), दृष्टि (सर्वजा, पृ. २५३) आदि ।

### ३.७.७ अनुकरणात्मक शब्द

स्वाट्ट (सर्वजा, पृ. १), भ्वाप्प (सर्वजा, पृ. २), आक्कलझुक्कल (सर्वजा, पृ.४), अन्तरकुन्तर (सर्वजा, पृ. ५), झिलिक्क (सर्वजा, पृ. ६), वाक्वाक्ती (सर्वजा, पृ. ११), टलपल (सर्वजा, पृ. १३), लसपस (सर्वजा, पृ. १५), रङ्गीबिरङ्गी (सर्वजा, पृ. १५), उकुसमुकुस (सर्वजा, पृ. १६), झ्याट्ट (सर्वजा, पृ. २३९) आदि ।

### ३.७.८ उखानहरू

उपन्यासका विभिन्न सन्दर्भमा आफ्ना आशयहरूलाई स्पष्ट पार्न र अर्थ गाम्भीर्यता प्रदान गर्न उपन्यासकारले लोकजीवनमा प्रचलित उखानहरूको अत्यधिक प्रयोग गरेका छन् । प्रस्तुत उपन्यासमा प्रयुक्त उखानहरूलाई निम्नानुसार उल्लेख गरिएको छ-

१. टाउको दुखेको दवाई नाइटामा लाई (पृ. ५)

२. न बज्यो मुरली न रह्यो बाँस (पृ. ७)

३. हर्रा नपाउँदा जोगी जाइफलका भोगी (पृ.८)

४. ल्हासा जानु कुत्तिको बाटो (पृ. ८)

५. म ताक्छु मुडो बञ्चरो ताक्छ घुँडो । (पृ. ८)

६. माल पाएर चाल नपाउने (पृ.८)

७. कागलाई बेल पाक्यो हर्ष न विस्मात (पृ.९)

८.  बगेको खोला वाफ बनेर फर्कला तर बितेको समय फिर्दैन (पृ.९)

९.  झिँगाको सरापले डिगा मर्दैन । (पृ. १३)

१०. रातभरी रुँग्यो बूढी त ज्यूँदै (पृ.१६)

११. अनिकालमा बीउ जोगाउनु । (पृ. १६)

१२. आगो निभाउन पानी खन्याउँदा तेल भएर बल्न थाल्नु (पृ.१७)

१३. खाऊँ भने कान्छा बाबुको अनुहार नखाऊँ भने दिनभरीको सिकार (पृ. १८)

१४. चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी (पृ. १८)

१५. खाई न पाई छालाको टोपी लाई (पृ. १९)

१६. नजाने गाउँको बाटो नसोध्नु (पृ. १९)

१७. जोगीदेखि भैंसी डर भैंसीदेखि जोगी डर (पृ. २१)

१८. जाने श्रीखण्ड नजाने खुर्पाको बिँड (पृ. २२)

१९. वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ (पृ. २३)

२०. काग कराउँदै गर्छ पिना सुक्दै जान्छ । (पृ.२३)

२१. कानीको निशामा परेको निशादार जस्तो (पृ.२४)

२२. जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छन् कवि (पृ. २७)

२३. तेल पानी एकातिर पिनाजति अर्कोतिर (पृ.२७)

२४. एक झिल्को आगोले लङ्का जलाउन सक्छ (पृ.२७)

२५. हिङ नभए पनि हिङ बाँधेको टालो काम लाग्छ (पृ.२८)

२६. नाच्न नजान्ने आँगन टेढो (पृ.३०)

२७. अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ  पृ. ३०)

२८. बोकेको कुकुरले मृग मार्न सक्दैन  (१७४)

२९. नपत्याएको खेलाले बगाउँछ (पृ. २०३)

३०. डुबुल्की नमारी मोती पाइँदैन (पृ. २०९)

३१. साम्नेमा परे बाघले पनि खाँदैन (पृ. २३४)

३२. बाह्र वर्ष रामायण पढे पनि सीता कसकी जोइ (पृ. २५५)

३३. कुमको बिरालो (पृ.८)

३४.भालुलाई पुराण (पृ.१३)

३५. भालुको मन खनिउँमा (पृ.२१)

३६. एक्लो वृहस्पति भ्कुट्टो (पृ.२५)

३७.हिलाको कमल (पृ. २८)

३८.एकै ड्याङ्गका मूला (पृ. २८)

३९.नजिकैको तीर्थ हेला (पृ.२९)

४०. सुनमा सुगन्ध (पृ. ३५)

४१.मुतको न्यानो (पृ. ६०) आदि ।

## ३.७.९ प्रतीक

प्रतीक प्रस्तुतिको अर्को महत्त्वपूर्ण पक्ष हो । प्रतीकले अमूर्त कथ्यलाई मूर्त प्रस्तुति गर्ने कार्य गर्दछ । कलात्मक सौन्दर्य प्रदान गर्न पनि प्रतीक प्रयोग गरिन्छ । उपन्यास आफैँमा भाषिक प्रतीक हो । कतिपय उपन्यासमा शीर्षक नै प्रतीकका रूपमा आएका हुन्छन् भने कतिपय विभिन्न पात्र र घटनाहरू प्रतीकका रूपमा उभिन्छन् ।[५५]

**सर्वजा** उपन्यासको शीर्षक नै एउटा प्रतीक हो । यसले एकातिर सर्वजा नारीको चारित्रिक अवस्थालाई प्रस्तुत गरेको छ भने अर्कातिर सम्पूर्ण नारी जातिको प्रवृत्तिलाई सङ्केत गरेको छ । मानवेतर प्राणी वनस्पतिहरूमा पनि मानव रूपको आरोप गरिएको छ । लटहर र समर ट्रीजस्ता अग्ला रूखहरू पुरुषको उच्च अहम्को प्रतीकका रूपमा देखिएका छन् । सर्वजा, सुनाखरी, कार्नेशन आदि सुन्दर फूलहरू नारी प्रतीककै रूपमा आएका छन् । भाले सिल र पोथी सिल मानव पुरुष र स्त्री प्रतीकको रूपमा भूमिका निर्वाह गर्दछन् । सर्वजा, पृ. २१४) त्यसैगरी पोथी गङ्गटाहरू ममतामयी आमाको प्रतीकका रूपमा देखिएका छन् । (सर्वजा, पृ. २२९) पूर्वी इलामको पञ्चकन्या देवीको मन्दिर र पाश्चात्य डायनादेवीको मन्दिर धार्मिक आस्था र विश्वासको प्रतीकका रूपमा देखिएको छ ।

## ३.७.१० बिम्ब

बिम्ब प्रस्तुतिको अर्को महत्त्वपूर्ण पक्ष हो । धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा प्रभावकारी र कलात्मक सौन्दर्य प्रदान गर्न बिम्बको महत्त्वपूर्ण भूमिका हुन्छ ।

---

[५५] कृष्णहरि बराल र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (काठमाडौँ : साझा प्रकाशन, दो.सं. २०५८), पृ. ४४ ।

उपन्यास पढ्दा पाठकको मस्तिष्कमा पर्ने छाप वा कोरिएको चित्र नै बिम्ब हो । अमूर्त वस्तुलाई मूर्तता दिन बिम्बले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

प्रस्तुत उपन्यासमा पात्रहरूले रूपान्तरित भूमिका निर्वाह गर्ने क्रममा सर्वजा सम्पूर्ण अवस्थामा एउटै नारी बिम्बका रूपमा देखिएकी छ । त्यसैगरी 'म' सम्पूर्ण अवस्थामा एउटै पुरुष बिम्बका रूपमा उपस्थित भएको छ । विभिन्न जातजातिमा रूपान्तरण भएको प्रसङ्ग (सर्वजा, पृ. ८८), जर्ज बर्नाड शामा रूपान्तरण भएको अवस्था (सर्वजा, पृ. १६), अन्तोन चेखवमा रूपान्तरण भएको अवस्था (सर्वजा, पृ. १३३), धर्म प्रवर्तकहरूमा रूपान्तरण भएको अवस्था (सर्वजा, पृ. १७७) आदि सम्पूर्ण अवस्थामा उपस्थित पुरुष एउटै पुरुष बिम्बका रूपमा आएको छ । त्यसैगरी सम्पूर्णता, डायना, सेल्मालागरलोफ आदि नारी पात्रहरू सर्वजा नारी बिम्बकै रूपान्तरित भूमिकामा देखिएका छन् । सर्वजा लेखिएको कागज बन्द गरेको बाकसको चाबी मनोवैज्ञानिक तनाव र कुण्ठाको बिम्बका रूपमा देखिएको छ । ज्वालामुखी, चक्रवात, आँधी प्रकृतिको भयानक अवस्थाको बिम्बका रूपमा प्रस्तुत भएका छन् ।

प्रस्तुत उपन्यासको भाषाशैलीको अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्षमा पुग्न सकिन्छ-

(क) सरल सम्प्रेष्य कथ्य भाषाका साथै काव्यात्मक भाषाशैलीको समेत प्रयोग भएको छ ।

(ख) संस्कृत, अङ्ग्रेजी, फारसी एवम् तत्सम शब्दावलीको प्रयोगले स्वभाविकता प्रदान गरेको छ ।

(ग) जनमानसमा प्रचलित उखान, टुक्का र अनुकरणात्मक शब्दहरूको प्रयोगले भाषाशैली तीक्ष्ण र प्रभावकारी भएको छ ।

(घ) आवश्यकताअनुसार बिम्ब प्रतीकको प्रयोगले उपन्यासको भावनात्मक सबालतामा वृद्धि गरेको छ ।

यस्ता विविध भाषिक प्रयोगका कारण उपन्यासकारको वैचारिक चिन्तनले स्वभाविक र प्रभावकारी रूपमा सम्प्रेषण हुने अवसर प्राप्त गरेको छ ।

### ३.८ द्वन्द्व

कुनै पनि साहित्यिक कृतिमा द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सामान्यतया द्वन्द्व पात्रको चारित्रिक क्रियाकलापमा भर पर्ने कुरा हो । कथावस्तु र पात्रलाई क्रियाकलापसँग

आबद्ध गराएर अभिव्यक्ति दिने तत्त्व द्वन्द्व हो ।[५६] द्वन्द्वले उपन्यासको कथावस्तुलाई क्रमिक रूपमा अग्रगामी दिशातिर उन्मुख गराउँछ । उपन्यासमा कौतुहलता जगाउन पनि द्वन्द्वको आवश्यकता पर्छ ।

सामान्यतया द्वन्द्वलाई आन्तरिक वा मनोवैज्ञानिक र बाह्य वा भौतिक द्वन्द्व गरी दुई वर्गमा बाँड्न सकिन्छ । मनोवैज्ञानिक द्वन्द्व पात्रको मानसिक विचलन तथा उतारचढाबको अवस्थाबाट उत्पन्न हुन्छ । बाह्य वा भौतिक द्वन्द्व प्रायः नायक र खलनायकका चारित्रिक क्रियाकलापका बीच हुने गर्दछ तर **सर्वजा** उपन्यासमा भौतिक द्वन्द्व भन्दा मनोवैज्ञानिक द्वन्द्व नै प्रवल देखिएको छ । उपन्यासको प्रारम्भमा नै 'म' पात्रको मानसिक विचलनका आधारमा द्वन्द्वको बीजाङ्कुरण भएको छ । (सर्वजा, पृ. १) 'म' पात्र मनभित्रको कल्पनाको ज्वारभाटाले घोरिन बाध्य भएको छ । सर्वजा नामकी स्त्रीसँग उक्त पुरुषको अचानक भेट भएपछि लैङ्गिक तथा वैचारिक द्वन्द्व प्रवल बन्दै गएको छ । (सर्वजा, पृ. ३) उपन्यासको प्रारम्भमा 'म' पात्रको नारीप्रतिको सङ्कुचित दृष्टिकोणका अगाडि भिन्न नारी चिन्तन र दृष्टिकोण बोकेकी सर्वजाको उपस्थिति भएपछि नारी र पुरुषबीचको लैङ्गिक द्वन्द्वका साथै वैचारिक द्वन्द्वले गति प्राप्त गरेको छ । (सर्वजा, पृ. ६) 'म' पात्रको चिन्तनमा आएका शास्त्रीय श्लोकहरूको प्रसङ्ग (सर्वजा, पृ. ४७) र सर्वजाले पढ्ने गरेका शास्त्रीय श्लोकहरूको प्रसङ्ग (सर्वजा, पृ. ६५) का आधारमा भिन्नभिन्न वैचारिक द्वन्द्वको सिर्जना भएको छ । श्रीमती समानताले नदेख्ने गरी सर्वजा लेखिएको कागज बन्द गरेको बाकसको चाबीले मनोवैज्ञानिक तनावको अवस्था सिर्जना गरेको छ । (सर्वजा, पृ.२२) उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म सर्वजा शक्ति र 'म' पात्रका बीच वैचारिक द्वन्द्वको अवस्था देखिएको छ । नारीलाई सङ्कुचित मानसिकताले हेर्ने 'म' पात्र सर्वजा शक्तिको प्रभावले उपन्यासको अन्त्यसम्ममा नारीलाई सर्वश्रेष्ठ स्थान प्रदान गर्ने अवस्थामा पुगेको छ ।

वर्गीय दृष्टिले पुरुषप्रधान समाजको इतिहास आदिकालदेखि वर्तमानसम्म नै द्वन्द्वात्मक रहिआएको देखिएको छ । हजारौँ वर्ष पहिलेको चिनियाँ सम्राटको भोगविलास र वर्तमान अवस्थाको तुलनात्मक लेखाजोखा गर्दा विचार र चिन्तनमा परिवर्तन हुँदै आएको देखिन्छ । ( सर्वजा, पृ. २७२) पुरुषप्रधान समाजमा नारीको हरेक दोष देखाउने प्रवृत्ति भएकोले नारीहरूप्रति नराम्रा आरोपहरू लाग्दै आएको भए पनि हरेक दोषमा पुरुषको उत्तिकै हात रहेको देखिएको छ । (सर्वजा,पृ.७०), विभिन्न धार्मिक संस्कार र परम्परागत रुढिवादी आस्थाका कारण पीडित मानसिकता बोकेको मान्छेको अवस्थाको उद्घाटन भएको छ । (सर्वजा, पृ. ९३) स्वार्थी समाजका हरेक क्रियाकलापहरू स्वार्थभावले प्रेरित हुने भएकोले ईश्वरसँगको प्रार्थनामा पनि कुनै न कुनै स्वार्थ लुकेकै हुने मानसिकता देखिएको छ । (सर्वजा, पृ. ९६)

[५६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८ ।

जर्ज बर्नाड शामा रूपान्तरित 'म' पात्र धनी देशको सर्वहारा युवक भएर गल्लीगल्ली भोकभोकै भड्किँदै अनुभव बटुल्दै दिन बिताएको अवस्थाबाट शक्तिसम्पन्न राष्ट्रका धनी र गरिब जनताबीचको वर्गीय द्वन्द्व उजागर भएको छ । (सर्वजा, पृ. ११९) अन्तोन चेखवका बाबु पावेलमा क्रुर जार शासकको मानसिकता पूर्वसञ्चित रूपमा रहेको देखिन्छ । यस्तो मानसिकताबाट परिवारका अन्य सदस्यहरू पीडित हुनुपरेको अवस्थाबाट क्रुर निरङ्कुश शासन र युगजन्य उदारवादी धारणाबीच द्वन्द्वको अवस्था देखिएको छ । (सर्वजा, पृ. १३३) मानव विकासको प्राचीन समयमा समाजमा  कुनै वर्गीय द्वन्द्व नभएको तर समाज विकासका क्रममा मानिसका आवश्यकता र चाहनाहरू बढ्दै जाने क्रमसँगै वर्गीय द्वन्द्वको अवस्था सिर्जना हुँदै गएको धारणा सहजै अनुमान गर्न सकिन्छ । (सर्वजा, पृ. १७१) भौतिक सुखसयल र आध्यात्मिक चिन्तनबीच विभेद देखाउँदै भौतिक सुखसयलबाट नटाढिई कुनै चिन्तन र विचारको अविष्कार सम्भव नरहने कुरा स्विकारेको अवस्था छ । (सर्वजा, पृ. १७३) जातीय भेद, साम्प्रदायिकता र वर्गीय द्वन्द्व निराकरण गरेर समाजलाई रूपान्तरण गर्न सिद्धार्थ गौतमको जन्म भएको धारणा आएको छ । (सर्वजा, पृ. १७९)

मानवीय प्राणीबाहेक मानवेतर प्राणी चरित्रहरूमा पनि द्वन्द्वात्मक अवस्था देखिएको छ । क्रुकर वनजङ्गलका प्राणीहरूले अस्तित्व रक्षाका लागि गरेको सङ्घर्ष बाह्य द्वन्द्वका रूपमा प्रकट भएको छ । (सर्वजा, पृ. २२८) सृष्टिरचना र सञ्चालनका क्रममा आ-आफ्नै स्वभाव र विशेषता भएका विविध प्राणी र वनस्पतिहरूको एक आपसको द्वन्द्वात्मक अवस्थाबाट उनीहरूले प्रकृतिअनुकूल भएर बाँच्न सक्ने क्षमता प्राप्त गरेको अवस्था देखिएको छ । डायनादेवीको मन्दिरको निर्माण र ध्वस्ततासम्बन्धी प्रसङ्गबाट अलौकिक शक्ति र मानवीय शक्तिबीच द्वन्द्वात्मक स्थिति सिर्जना भएको छ । (सर्वजा, पृ. २४५) फाँसीवादका कट्टर समर्थक इटालीका बेनिटो मुसोलिनी र नाजीवादका कट्टर समर्थक जर्मनीका तानाशाह एडोल्फ हिटलरले प्रथम र द्वितीय विश्वयुद्धताका खेलेको भूमिका भौतिक द्वन्द्वको चरम अवस्थाका रूपमा देखिएको छ । (सर्वजा, पृ.२५७) समाजविज्ञानका विविध सन्दर्भहरूमा पनि द्वन्द्वात्मक अवस्था सिर्जना भएको छ । ब्राह्मण संस्कृति र परम्परामा हुर्किएको 'म' पात्र रूपान्तरित भएर हायू जातिको संस्कृति अनुसरण गर्न पुगेको अवस्थामा आर्य र अनार्य दुई भिन्न संस्कृति र परम्पराबीच द्वन्द्वात्मक अवस्था देखिएको छ । (सर्वजा, पृ. ८८) त्यसैगरी सुरेल, शेर्पा, गुरुङ, दनुवार आदि परिवेशमा समायोजन भएर बस्न सङ्घर्ष गरेको अवस्था छ । प्राकृतिक शक्तिका बीच पनि द्वन्द्वात्मक अवस्था देखिएको छ । ज्वालामुखी विष्फोट हुनु प्रकृतिको अन्तरनिहीत शक्तिको द्वन्द्वात्मक स्थिति नै हो । (सर्वजा, पृ. २३९) पर्यावरणमा देखिने आँधी, तूफान आदि द्वन्द्वात्मक अवस्थाका कारण पशुप्राणी तथा वनस्पतिमा पनि परिवर्तनीय अवस्था सिर्जना भएको छ । (सर्वजा, पृ.२४१) पृथ्वीका हरेक वस्तुको रूपान्तरणमा पर्यावरणले प्रभाव पारेको हुन्छ । यसरी उपन्यासको वस्तुसंयोजनमा रूपान्तरणको द्वन्द्ववादी सिद्धान्तको प्रयोग भएको छ ।

प्रस्तुत उपन्यासमा मनोवैज्ञानिक र भौतिक द्वन्द्वका विविध सन्दर्भ र द्वन्द्वका अनेक संभावनाहरू देखिएका छन् । वास्तवमा सृष्टिरचना नै द्वन्द्वात्मक अवस्थाको उपज भएको विचार व्यक्त गरिएको छ । भौतिक द्वन्द्वका अनेक संभावना देखिए पनि मनोवैज्ञानिक द्वन्द्व नै प्रवल भएर आएको छ ।

## ३.९ दृष्टिबिन्दु

उपन्यासमा कथावाचकको स्थानलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दु प्रत्यक्ष पात्रसँग सम्बन्धित कुरो हो । उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो ।[५७] दृष्टिबिन्दुबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन गर्दछ भन्ने कुराको निर्धारण हुन्छ । कथावाचकले कथाका बारेमा के कति जानेको छ भन्ने कुराको उत्तर नै दृष्टिबिन्दु हो ।[५८] विषयवस्तुको प्रस्तुतिकरण गर्ने सन्दर्भमा कथयिताले उपन्यासको परिधिभित्र बसेर प्रस्तुत गर्ने हो कि परिधिभन्दा बाहिर दर्शकका रूपमा बसेर प्रस्तुत गर्ने भन्ने कुरा उपन्यासकार स्वयम्को रोजाइमा भर पर्दछ ।

उपन्यासमा लेखक स्वयम् भोक्ता बनेर बोल्ने अनुमति पाएको हुन्छ भने त्यो आन्तरिक वा प्रथमपुरुष दृष्टिबिन्दु हुन्छ । पात्रका कार्यव्यापारका आधारमा आन्तरिक वा प्रथमपुरुष दृष्टिबिन्दुलाई केन्द्रीय र परिधीय गरी दुई वर्गमा बाँड्न सकिन्छ । प्रथमपुरुष दृष्टिबिन्दुमा कथयिता नै प्रमुख पात्रका रूपमा उपस्थित भएर कथा भनिरहेको हुन्छ भने प्रथमपुरुष परिधीय दृष्टिबिन्दुमा कथयिता प्रमुख घटना र चरित्रको परिधिमा उपस्थित भएको हुन्छ ।

बाह्य वा तृतीयपुरुष दृष्टिबिन्दुमा कथावाचक सम्पूर्ण कथाको ज्ञाता भएर घटनास्थलभन्दा बाहिर दर्शकका स्थानमा रहेर अरूका बारेमा टिप्पणी गर्दछ । उपन्यासमा कथयिताको अधिकारका आधारमा तृतीयपुरुष दृष्टिबिन्दुलाई पनि सर्वज्ञ र सीमित गरी दुई वर्गमा बाँड्न सकिन्छ ।[५९] सम्पूर्ण घटना कथयिताले नै वर्णन एवम् टिप्पणी गरेको भए सर्वज्ञ दृष्टिबिन्दु हुन्छ तर कथयिताले कुनै पात्रका अनुभव र विचारका माध्यमले सीमित पक्षबाट प्रस्तुति गरेको भए सीमित दृष्टिबिन्दु हुन्छ । दृष्टिबिन्दुको वर्गीकरणलाई निम्नलिखित वृक्षरेखबाट स्पष्ट गर्न सकिन्छ ।

---

[५७] बराल, एटम, पूर्ववत्, पृ. ३९ ।

[५८] ऋषिराज बराल, पूर्ववत्, पृ. ४३ ।

[५९] बराल, एटम, पूर्ववत् ।

सर्वजा उपन्यासमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासको घटनावृत्तान्त भन्ने व्यक्ति 'म' पात्र हो । 'म' पात्र उपन्यासका घटना र चरित्रसँग सम्बन्धित भई हिँडेकाले यसमा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासभरी 'म' पात्रकै जीवनी संस्मरणात्मक शैलीमा बोल्दै जान्छ । 'म' पात्रकै मनोवेग र एकालापबाट उपन्यासले मूर्तता प्राप्त गरेको छ । उक्त पुरुष पात्र उपन्यासको मूलप्रवाहमा समाहित भएर विश्वब्रह्माण्ड विचरण गर्दछ । 'म' पात्र उपन्यासमा यसरी प्रस्तुत भएको छ-

"मेरो मनमा कुरा खेलेझैँ भयो । मलाई केही बिर्सिएको कुरा सम्झिन लागेझैँ भयो । काडबोर्डमा च्यापिएको सादा कागज र कलम लिएँ । उपन्यासको खाका तयार गर्नुछ मैले ।" (सर्वजा, पृ. १)

उपन्यासको सामान्य चिन्तन र अनुभव पनि 'म' पात्रकै माध्यमबाट व्यक्त गरिएको छ । सर्वजा शक्तिको प्रभावमा गतिशील बनेको म पात्रले अनुभव गरेको विश्वजनीय समाज सभ्यता र संस्कृतिका अनेक घटनावृत्तान्त प्रस्तुत भएका छन् ।

उपन्यासमा प्रस्तुत भएका सबै कुराहरूलाई कथयिताले आफ्नै स्मृतिबाट झिकेर पाठकका आँखा अगाडि बिछ्याइदिएको छ तर पनि कतिपय सन्दर्भमा 'म' पात्र द्रष्टा भएर अन्य चरित्रको कथा भनिरहेको छ । यस अवस्थामा उसको भूमिका परिधीय देखिएको छ । 'म' पात्रको भूमिकालाई तलको उदाहरणले स्पष्ट पार्छ -

"उनी एउटा औँलाले म पट्टि लक्षित गरिरहेकी थिइन् । औँलाको टुप्पामा सूर्यको सानो रूप धपक्क भएर प्रकाश चारैपट्टि छरिरहेको देखिन्थ्यो ।" (सर्वजा, पृ. १६७)

त्यसैगरी ग्रिसेली राजकुमारी डायना र सेल्मालागरलोफको निर्देशनमा 'म' पात्रले विश्वजनीन घटनाहरू आत्मसात् गर्दै हिँडेको अवस्थामा उनीहरूको भूमिका 'म' पात्र द्रष्टा बनेर प्रस्तुत गरेको सन्दर्भमा आएको छ । उक्त भूमिकालाई तलको उदाहरणले पुष्टि गर्न सकिन्छ -

"ती युवती म पट्टि सर्दै भन्न लागिन् - म राजकुमारी डायना हुँ । म प्रेमकी भोकी छु । म तिमीसँग प्रेमको अँगालामा बाँधिन चाहन्छु । (सर्वजा, पृ. १०४)

"सेम्मा गम्भीरताका साथ आफ्ना विचार व्यक्त गरिरहेकी थिइन् । म उनको प्रेममा बसिभूत भएर उनलाई अँगालो मार्न पुगेँ ।" (सर्वजा, पृ.२३८)

समग्रमा प्रस्तुत उपन्यासमा प्रमुख रूपमा प्रथमपुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ तर पनि कतिपय सन्दर्भमा चरित्र तथा घटनाको परिवर्तनसँगै मिश्रित दृष्टिबिन्दुको समेत प्रयोग भएको छ ।

## ३.१० विचार

विचारलाई सन्देश, उद्देश्य र कथ्य समेत भन्न सकिन्छ । सन्देश विचारमा निहीत हुन्छ । जुनसुकै सिर्जना गर्दा स्रष्टाले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । त्यस उद्देश्यको परिपूर्तिका निमित्त रचनामा विचारको श्रृङ्खला प्रवाहित गरिएको हुन्छ । यस विचार यात्राका निष्कर्षमा प्राप्त हुने उद्देश्यलाई उपन्यासको प्राप्ति भनिन्छ ।[६०] युगीन परिवेशका व्यापक मूल्य मान्यताहरू उपन्यासकारको अनुभूतिसँग गाँसिएर प्रकट हुन्छन् । उपन्यासको समग्र प्राप्ति नै विचार हो ।

सर्वजा उपन्यासको मूल विचार वा सन्देश हिन्दू जीवनदर्शनमा आधारित प्रकृति वा नारी र पुरुषबीचको सहसम्बन्ध प्रष्ट्याउनु हो । यतिमात्र होइन बौद्ध, क्रिश्चियन, मुस्लिम लगायत संसारका विविध धर्मदर्शनसँग समन्वय गर्ने चिन्तन प्रस्तुत भएको छ । एसिया भूमिलाई विश्वको महत्त्वपूर्ण धर्मदर्शन तथा चिन्तनको उद्गमस्थलका रूपमा प्रमाणित गरिएको छ । (सर्वजा, पृ. १७०) विविधतामय सृष्टिरचनाको प्रेरक तत्त्व र जननीका रूपमा सर्वजा नारी शक्तिलाई उच्च स्थान प्रदान गरिएको छ । प्रकृतिका हरेक वस्तुहरू स्त्री र पुरुषबीचको प्रेमभावको उपज भएको ठहऱ्याइएको छ । रूपान्तरण नै रूपान्तरणको प्रक्रियाबाट आत्मा कहिल्यै मर्दैन शरीर मात्र फेर्छ भन्ने श्रीमद्‌भागवत गीताको दार्शनिक चिन्तनलाई युगानुकूल नौलो ढङ्गले प्रतिपादन गरिएको छ । पृथ्वीका सारा प्राणी वनस्पति एकै स्रोतका उपज भएकोले एक अर्काप्रति प्रेमभाव कायम रहन सके मात्र उन्नति संभव हुने ठानिएको छ । स्त्री शक्तिबाट आदर्शवादी ठान्ने पुरुष कहिल्यै उम्कन नसक्ने चिन्तन प्रस्तुत गर्दै सृष्टिरचना र सञ्चालनका लागि स्त्री र पुरुषबीचको सहअस्तित्वको महत्त्वबोध गरिएको छ । विश्वको समग्र इतिहासमा आजसम्म वास्तविक नारी प्रकृतिलाई बुझ्न नसकिएकोले नारी जातिप्रतिको दृष्टिकोणलाई बदल्दै नारी महानताको पुनर्मूल्याङ्कन गरिनुपर्दछ भन्ने विचार व्यक्त गरिएको छ । उपन्यासकारले संसारलाई नारीमय, प्रेममय र यौनमय रूपमा प्रस्तुत गर्दै महानतम् साहित्यक कृति पनि यौनभावकै उपज भएको विचार व्यक्त गरेका छन् । (सर्वजा, पृ. ५३)

वृक्षश्राद्धको  काल्पनिक प्रसङ्ग प्रस्तुत गर्दै सृष्टिरचनाको सुरुवात देखि आजसम्म प्राणीको सहयोगी वस्तुका रूपमा रहेको वनस्पति जगत्को संरक्षण गर्नुपर्ने विचार व्यक्त भएको छ । (सर्वजा, पृ.५५) अन्तोन चेखव, जर्ज बर्नाड शा आदि साहित्यिक प्रतिभाहरूको लेखनप्रेरणा र सफलताको स्रोत पनि नारी शक्ति नै भएको तथ्य प्रस्तुत गरिएको छ । आमाको आदरबाट राष्ट्रले सम्मान र गरिमा प्राप्त गर्दछ भन्ने विचार व्यक्त गर्दै जुन राष्ट्रमा आमाको अपमान हुन्छ त्यो समाज र सभ्यता नै असभ्य ठहरिन्छ भन्ने तर्क अगाडि सारिएको छ । (सर्वजा, पृ. २०३) प्राचीन ऋषिमुनि परम्परादेखि नै वनस्पति जगत्को पूजा

---

[६०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १९ ।

हुँदै आएको प्रसङ्ग उल्लेख गर्दै पर्यावरणको रक्षा गरे मात्र हाम्रो अस्तित्व सुरक्षित रहन्छ भन्ने विचार व्यक्त गरिएको छ । (सर्वजा, पृ. १५१) विविधतामय प्राकृतिक स्वरूपको समग्र चित्र उतार्दै सृष्टिरचना र सञ्चालनको अद्‌भूत् रहस्यको उद्‌घाटन गरिएको छ । सुनाखरी फूलका विविध प्रजातिजस्तै हाम्रो जीवन पनि विभिन्न रङ र साना ठूला वर्गमा विभाजित भएको चिन्तन प्रस्तुत गरिएको छ । (सर्वजा,पृ. १०२) रूपान्तरित जीवनभोगको सन्दर्भबाट संसारमा मानव, नारी र पुरुष दुई जात बाहेक अरू नभएको त्यस्तै सर्वजा, सुनाखरी, कार्नेशन आदि फूल पनि आखिर एउटै फूल हुन् भन्ने सर्वसमन्वयवादी विचार व्यक्त गरिएको छ । (सर्वजा, पृ. ११४) त्रिकोणात्मक वेदी चिन्तनको काल्पनिक रहस्य प्रस्तुत गर्दै सानाठूला जीवजन्तु, प्राणी, वनस्पति सबै यसैको उपज भएको तथ्य प्रस्तुत भएको छ । ( सर्वजा, पृ. १६१)

भौतिक सुखसयलबाट नटाढिई कुनै पनि ठूलो विचार र चिन्तनको आविष्कार हुन नसक्ने देखाइएको छ । जङ्गली जनावरको उदाहरणबाट सामूहिक सङ्गठनको आवश्यकता रहेको विचार व्यक्त गरिएको छ । भालुलाई हाम्रै सभ्यताको एक रूप मान्दै समाजको तीतो यथार्थ उद्‌घाटन गरिएको छ । (सर्वजा, पृ. २३४) युद्ध पनि समाज रूपान्तरणकै एक अङ्ग भएकोले युद्ध आवश्यक रहेको तर जनता र राष्ट्रको हित विपरीत बन्दुकको युद्धभन्दा विचारको जित हुने वास्तविकता औंल्याइएको छ । (सर्वजा, पृ. २६०) धुलाबारी झापाको सानो परिवेशबाट उठेको उपन्यास विस्तारै विश्वब्रह्माण्डका यावत् पक्षलाई समेट्न सफल छ । यो उपन्यास समन्वयवादी सन्देश हो । मेलमिलापको दर्शन हो । यसले पाठकलाई विचित्रको जगत्‌मा विचरण गराएर भूत, भविष्य र वर्तमानलाई खिचेर जगत्‌को सुन्दर पक्ष प्रस्तुत गरेको छ ।[६१] हरेक पात्र र प्रसङ्गमा कुनै न कुनै दार्शनिक विचार प्रस्तुत भएकै छ । दर्शन चिन्तनजस्तो गहन विषयलाई रोचक र लोकप्रिय विधा उपन्यासमा प्रस्तुत गर्नु उपन्यासकारको सशक्त खुबी हो । प्रेममय संसार र जीवनको आशावादी दृष्टिकोण उपन्यासको महत्त्वपूर्ण पक्ष हो ।

[६१] गोविन्दराज भट्टराई पूर्ववत् ।

## परिच्छेद - चार

### ४.१ उपसंहार

पूर्वी नेपालको इलाम जिल्लाको देवानछाप भन्ने स्थानमा वि.सं. २००१ वैशाख १ गतेका दिन जन्मिएका तेजराज खतिवडाको साहित्यिक नाम 'तेराख' हो । नेपाल र भारतका विभिन्न विद्यालय तथा विश्वविद्यालयहरूबाट स्नातक तह सम्मको औपचारिक अध्ययन गरेका खतिवडा स्वाध्ययनबाट प्रशस्त ज्ञान आर्जन गरेका व्यक्तित्व हुन् । लामो समयदेखि शिक्षण पेसामा आबद्ध रहँदै आएका खतिवडा हाल निवृत्तिभरणपश्चात धुलाबारी, झापास्थित निजी घरमा जीवन व्यतीत गरिरहेका छन् ।

साहित्यरचना र प्रकाशनका क्षेत्रमा कविता विधाबाट नेपाली साहित्यफाँटमा उदाएका खतिवडा कविता रचनाका अतिरिक्त उपन्यास, कथा, निबन्ध, नाटक आदिसँग सम्बन्धित कृतिहरू लेखनमा पनि उत्तिकै सक्रिय छन् । विभिन्न साहित्यिक पत्रपत्रिकाको सम्पादन तथा प्रकाशनमा पनि उत्तिकै क्रियाशील रहेका खतिवडा राजनैतिक कार्यकर्ताका रूपमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम भएका छन् । साहित्यलेखनका अतिरिक्त वैचारिक कृतिहरूसमेत लेखेर आफ्नो छुट्टै पहिचान राखेका छन् ।

उपन्यासलेखनका क्षेत्रमा **रातको बाह्र बजे** लघु उपन्यास (२०५५) लिएर देखारेका खतिवडा **सर्वजा** (२०६०) उपन्यासमार्फत् नेपाली उपन्यास परम्परामा नवचेतनात्मक मूल्यलाई आत्मसात् गर्न पुगेका हुन् । समकालीन साहित्यमा उत्कृष्ट उपन्यासका रूपमा रहेको सर्वजा आकृतिका दृष्टिले मध्यमकायको कृति हो । जम्मा २८७ पृष्ठमा संरचित यो उपन्यास उपन्यासकारको बौद्धिक क्षमता तथा चिन्तन र दर्शनको बलियो धरातलमा उभिएको छ । सामाजिक यथार्थको धरातलबाट विस्तारै माथि उठेर स्वैरकल्पनात्मक वस्तुग्रहण गर्न पुगेको सर्वजा उपन्यास उपन्यासकारको निरन्तरको अध्ययन, अध्यापन र साधनाको उपज देखिएको छ । यस उपन्यासमा प्राचीन, आध्यात्मिक, पौराणिक विषयवस्तुलाई पनि आवश्यकता अनुरूप उचित संयोजन गर्दै स्वैरकल्पनात्मक ढङ्गमा वर्तमान समयका व्यक्ति, समाज, राष्ट्र र विश्वकै अहम्हरूको उद्घाटन गरिएको छ । जीवन के हो ? कस्तो हुनुपर्छ ? सृष्टिरचना र सञ्चालनको प्रेरक तत्त्व के हो ? नारी र सृष्टि सञ्चालनबीच कस्तो सम्बन्ध छ ? नारी पुरुषबीच कस्तो सम्बन्ध छ ? कसरी वर्तमान समयमा सामाञ्जस्यपूर्ण जीवन बिताउन सकिन्छ ? संसार प्रेमले चलेको छ कि घृणाले ? भन्नेजस्ता वैचारिक प्रश्नहरू सर्वजा उपन्यासले उठाएका समस्याहरू हुन् ।

आफ्नो मौलिक विधा सिद्धान्तलाई अङ्गालेर साहित्यिक यात्रा प्रारम्भ गरेका खतिवडाको प्रस्तुत उपन्यास निबन्धात्मक शैलीमा तयार भएको छ । उपन्यासमा नारी र पुरुषबीचको लैङ्गिक विभेद र द्वन्द्वलाई टड्कारो रूपमा प्रस्तुत गरिएको छ । स्वभाविक र लौकिक वस्तुस्थितिबाट प्रारम्भ भएको उपन्यास अस्वभाविक र अलौकिक वस्तुस्थितितर्फ उन्मुख हुँदै

गएको छ । 'म' पात्रको मानसिक कुण्ठा र सङ्कुचित सोचाइका अगाडि सर्वजा नारीको उपस्थिति भएपछि पात्रहरू विचित्रको मनोलोकमा विचरण गरेको सन्दर्भमा अनुभव गरेका घटनाहरूको आधारमा जीवनजगत्प्रतिको सर्वस्वीकार्य मूल्य मान्यता र सृष्टिरचना तथा सञ्चालनका लागि प्रकृति वा नारी शक्तिको रहस्यको उद्घाटन गरिएको छ । यो उपन्यास हिन्दू दर्शनको विशालतामा आधारित छ । यति मात्र होइन बौद्ध, क्रिश्चियन, मुस्लिम आदि धर्म दर्शनका साथै विश्वजनीन समाज र संस्कृतिका यावत पक्षहरूलाई समायोजन गरिएको छ । एसिया भूमिलाई विश्वका महत्त्वपूर्ण धर्म, दर्शन र चिन्तनको उद्गमस्थलका रूपमा प्रमाणित गर्न उपन्यासकार लागिपरेका छन् । हरेक अवस्थामा सर्वजा नारी शक्तिकै प्रतिबिम्ब देखाएर पुरुष र नारी सहअस्तित्व नभए जीवनसञ्चालन असम्भव हुन्छ भन्ने चिन्तन प्रस्तुत गरिएको छ ।

जीवन बाँच्ने लाखौं पेसा, चिन्तन भएको र जीवनको परिभाषा पनि आ-आफ्नै अनुभवमा आधारित हुने तथ्य प्रस्तुत गर्दै जीवनजगत्लाई परिवर्तनीय वस्तुका रूपमा हेरिएको छ । सृष्टिरचनाका सारा प्राणी र वनस्पतिमा प्रेमको आह्वान गरिएको छ । सम्पूर्ण व्यक्ति, समाज, राष्ट्र र विश्व नै प्रेमभावको उपज ठानिएको छ । बिनाप्रेम कसैको विश्वास जित्न नसकिने विचार व्यक्त गरिएको छ । नारी जातिलाई सर्वोत्कृष्ट स्थान प्रदान गर्न उपन्यासकार कति पनि चुकेका छैनन् । आजसम्म नारीको महानता र त्यागलाई बुझ्न नसकिएको र अब आ-आफ्नो दृष्टिकोण बदल्नुपर्छ भन्ने उपन्यासकारको हार्दिक निवेदन छ । सम्पूर्ण पुरुषको प्रेरक तत्त्व नारी नै भएको पुष्टि गर्न अन्तोन चेखव र जर्ज बर्नाड शाजस्ता साहित्यिक प्रतिभाहरूको पथप्रदर्शक पनि नारी नै भएको देखाइएको छ ।

सृष्टिरचना र सञ्चालनमा प्राणीको सहयोगी भूमिका निर्वाह गर्दै आएको वनस्पति जगत्को रक्षार्थ सबैले सोच्नुपर्ने देखिएको छ । पर्यावरण जोगिए मात्र हाम्रो अस्तित्व सुरक्षित रहन्छ भन्ने ठानिएको छ । वैज्ञानिक चिन्तन र प्रयोगका सन्दर्भहरू प्रस्तुत गर्दै विषयवस्तुमा स्वभाविकता प्रदान गरिएको छ । प्रकृतिका राम्रा-नराम्रा, उपयोगी अनुपयोगी सम्पूर्ण पक्षको आ-आफ्नै भूमिका रहने भएकोले दुःख-सुख, मृत्यु-पुनर्जन्मजस्ता विपरीत वस्तुहरूलाई पनि स्वभाविक रूपमा ग्रहण गरिएको छ । रहस्यमय प्राकृतिक स्वभाव र विशेषताको यथार्थ चित्र उतार्ने प्रयत्न भएको छ । विभिन्न प्रजातिका फूलहरू, भौगोलिक बनावट, हिमाल, ताल, तलैया, झर्ना आदिको वर्णन गर्दै प्रकृतिको सुन्दर पक्षको समग्र चित्र उतारिएको छ ।

रूपान्तरण नै रूपान्तरणको प्रक्रियाबाट आत्मा कहिल्यै मर्दैन पुरानो शरीरबाट नयाँ शरीरमा प्रवेश मात्र गर्छ भन्ने श्रीमद्भागवत गीताको दार्शनिक चिन्तनलाई नौलो ढङ्गमा प्रतिपादन गरिएको छ । मातृशक्तिलाई उच्च स्थान प्रदान गर्दै हरेक पुरुष नारीकै न्यानो छहारीमा युगयुग बिताइरहेको विचार व्यक्त गरिएको छ । नारीलाई बलिरहेको आगोसँग तुलना गर्दै उपयोगी वस्तु पनि प्रतिकूल अवस्था सिर्जना भए संहारक बन्न सक्ने धारणा

स्थापित गरिएको छ । उपन्यासकारले संसारलाई नारीमय, प्रेममय र यौनमय रूपमा प्रस्तुत गर्दै संसारका महानतम् साहित्यिक कृतिहरू पनि यौनभावकै उपज भएको ठहऱ्याएका छन् ।

विविधतामय धार्मिक तथा सांस्कृतिक चिन्तन प्रस्तुत गर्दै विश्व समुदायबीचको सहअस्तित्व र मेलमिलापको खाँचो औँल्याइएको छ । सर्वजा र सुनाखरी फूलका अनेक रङ भए जस्तै संसारभरका मानव समुदाय अनेक रङ र वर्गमा विभाजित देखिएका हुन् तर आन्तरिक रूपमा हेर्दा एउटै पुरुष र स्त्री मात्र हुन भन्दै वर्गीय विभेद तथा असमानता त्यागेर एउटै घेरामा गोलबद्ध हुन सके विश्वकै उन्नति हुन सक्ने हार्दिक आह्वान् गरिएको छ । सृष्टिरचनाका सबै हावा, पानी, ढुङ्गो, माटो, वनस्पति, पशुप्राणी एउटै स्रोतको उपज भएकाले चाहे अमेरिका होस् चाहे अरू कुनै ठाउँ भौगोलिक सीमाले मान्छेलाई छेक्न सक्दैन यो त सजिलोका लागि मात्र कोरिएको हो भन्ने समन्वयवादी चिन्तन प्रस्तुत गरिएको छ । जीवन नदीको पानी जस्तै भएको र सानो रजकणबाट सुरु भएको जीवन विशालतामा समाहित हुन्छ भन्ने जीवनको दार्शनिक चिन्तन प्रस्तुत गरिएको छ । युद्ध पनि रूपान्तरणको कारक तत्त्व भएको तर व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्र र जनताको हितका लागि गरिएको युद्धको प्रतिफल जीवन्त रहन्छ भन्ने सन्देश दिइएको छ । बन्दुकको युद्धभन्दा विचारको युद्धको समर्थन गर्दै अहिंसात्मक चिन्तनको समर्थन जनाइएको छ ।

अहिलेको सङ्कटग्रस्त विश्व परिवेशमा प्रेमद्वारा सबैको हृदय जित्नसके मात्र विकृति विसङ्गति रोकिएर स्वस्थ समाज निर्माण हुन सक्छ भन्ने उपन्यासकारको आशय देखिन्छ । भूमिकामा उल्लेख गरेजस्तै यो उपन्यास समन्वयवादी सन्देश हो । मेलमिलापको दर्शन हो र तादात्म्यको सूत्र हो । यसले पाठकलाई विचित्रको जगत्मा विचरण गराएर भूत,भविष्य र वर्तमानलाई खिचेर जीवनको सुन्दर पक्ष प्रस्तुत गरेको छ । प्रेममय संसार र आशावादी दृष्टिकोण उपन्यासको महत्त्वपूर्ण पक्ष हो ।

जम्मा छब्बीस अध्यायमा संयोजित यो उपन्यास क्षीण कथावस्तुभित्रै मानसिक चिन्तन, यात्रा वृत्तान्त, जीवनी, मिथकीय सन्दर्भ, विभिन्न संस्कृति, धर्म, दर्शन चिन्तन र प्राकृतिक रहस्यका अनेक उपकथाहरू जोड्दै जाने क्रममा तयार भएको छ । विश्वज्ञान समेटिएका लामालामा अनुच्छेदहरू चेतनप्रवाह शैलीमा प्रस्तुत भएको छ । नारीलाई आध्यात्मिक उचाइ प्रदान गर्दै पूर्वीय आध्यात्मिक दर्शन र पाश्चात्य जीवनदर्शनको उचित संयोजन गरिएको छ । हरेक मानिस जीवनको रहस्यमा अल्झिएको हुन्छ, उसले जति जीवनको निकटतालाई प्राप्त गर्न खोज्छ उति जीवन रहस्यमय बन्दै जाने वास्तविकतालाई अवास्तविक तरिकाले रूपान्तरित भएर ‘म’ पात्रले अनुभव गरेको छ । हरेक समय ऊ सर्वजारूपी नारी शक्तिलाई प्रेम गर्दछ तर पनि उसले आफ्नो सम्पूर्णता प्राप्त गर्न सकेको छैन । ‘म’ ले हामीलाई सधैँ कर्मशील बन्नुपर्छ, हरेक सङ्घर्षलाई स्वीकार गर्दै प्रवृत्तिमार्गको अनुगमन गर्नुपर्छ र मात्र हाम्रो अस्तित्व, विशिष्टता एवम् सारतत्त्व रहन्छ भन्ने सन्देश दिएको छ । सर्वसमन्वयवादी जीवनदृष्टि अपनाएर हामीले विश्वकल्याणको मार्गमा प्रवाहित

हुनपर्छ । 'म' पात्र हरेक प्राणी वस्तुको प्रेममा समाहित हुन्छ । त्यसबेला उसको आवेगले नयाँ रूप धारण गर्छ । यसबाट जीवनको क्षणभङ्गुरता र अल्पकालीनतालाई जोड दिन्छ । उसले प्रकट गर्ने विविध रूपहरूमा कुनै न कुनै व्यक्तिको सम्पूर्ण जीवनको प्रतिबिम्ब देख्न सकिन्छ । सर्वजाको साङ्केतिक आदेश प्राप्त गर्नेवित्तिकै 'म' रूपान्तरण भएको अवस्था मानवले अकाल मृत्युको प्रतिकार गर्न सक्दैन भन्ने वास्तविकताको सङ्केत पनि हो । यो व्यक्तिको अस्तित्वमाथिको प्रश्न चिह्न हो । तसर्थ मान्छेको क्षणिक जीवनलाई उद्देश्यअनुकूल अहिंसात्मक बाटोमा हिँडाउनु पर्छ भन्ने सन्देश उपन्यासले प्रकट गरेको छ । उच्च कलात्मक भाषाशैली, कथ्यभाषाको प्रयोग, बिम्बात्मक चित्रण, बौद्धिकताको उत्कृष्ट प्रयोगजस्ता प्रवृत्तिहरू उपन्यासकार खतिवडाका प्रस्तुतिगत खुबीहरू हुन् । लामालामा संवादहीन अनुच्छेदहरूको आयोजनाबाट पाठकहरूको धैर्य टुट्ने अवस्था देखिए पनि कुतूहलतापूर्ण वातावरण सिर्जना गर्दै दर्शन जस्तो गहन विषयलाई उपन्यास जस्तो सरल, रोचक र लोकप्रिय विधामा समेटेर जनमानसमा प्रस्तुत गर्नसक्नु उपन्यासकारको मूलभूत वैशिष्ट्य ठहरिन्छ ।

नेपाली उपन्यास परम्परामा २०३० को दशकपछि देखापरेको नवचेतनात्मक मूल्यलाई आत्मसात् गर्दै लेखिएको प्रस्तुत उपन्यासले यस कालखण्डअन्तर्गतका औपन्यासिक कृतिहरूको माझमा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सकेको देखिन्छ । सृष्टिरचनाको आदि सत्ताका रूपमा नारी सत्ताको स्थापना गर्ने दिशामा केन्द्रित प्रस्तुत उपन्यास निकै उत्कृष्ट सावित भएको छ ।

## ४.२ सर्वजा उपन्यासमा अध्ययन गर्न सकिने सम्भाव्य शीर्षकहरू

**सर्वजा** (२०६०) उपन्यास तेजराज खतिवडाद्वारा लिखित उत्कृष्ट उपन्यास हो । यस उपन्यासका बारेमा कृतिपरक अध्ययन गरिसकिएको छ तर यो अध्ययन विश्लेषण मात्र पर्याप्त नहुन सक्छ । विविध विषयवस्तुको संयोजन भएको प्रस्तुत उपन्यासका बारेमा अध्ययन गर्ने अन्य उपयुक्त आधारहरू समेत हुन सक्छन् जसलाई उत्तरवर्ती अध्येताहरूले अध्ययन विश्लेषण गर्न सक्छन् । प्रस्तुत उपन्यासमा अध्ययन गर्न सकिने सम्भाव्य शीर्षकहरू निम्नलिखित छन्-

- नारीवादी दृष्टिकोणबाट **सर्वजा** उपन्यासको अध्ययन ।
- **सर्वजा** उपन्यासको शैलीवैज्ञानिक अध्ययन ।
- दार्शनिक चिन्तनका दृष्टिकोणबाट **सर्वजा** उपन्यासको अध्ययन ।
- विधाभग्नताका दृष्टिकोणले **सर्वजा** उपन्यासको अध्ययन आदि ।

## सन्दर्भसामग्री सूची


### (अ) नेपाली पुस्तक सूची

गौतम, लोकमणि, **नेपाली कथाको विकासमा झापाली कथाकारको योगदान**, अ.प्र.शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०६२ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, ने.रा.प्र.प्र. : काठमाडौँ, २०५२ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** साझा प्रकाशन : ललितपुर, २०५२ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** साझा प्रकाशन : ललितपुर, २०५८ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र,** साझा प्रकाशन, ललितपुर, २०५६

बराल, कृष्णहरि, **वस्तुपरक समालोचना**, स्टुडेन्ट्स् बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स : कीर्तिपुर, २०६१ ।

भट्टराई, गोविन्दराज, **पश्चिमी बलैँसीका बाछिटा**, ने.रा.प्र.प्र. : काठमाडौँ, २०६१ ।

भट्टराई, हरिराज, **मिथक र साहित्य**, असीम सौरभ : २०४५ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** भूमिका प्रकाशन : वाराणसी, २०५३ ।

### (आ) अङ्ग्रेजी पुस्तक सूची

**Collier's Encyclopedia**, volume-15, P. fo. Colliers & son corporation, New York, 1957.

Scholes, Robert and other, **Elements of Literature**, Oxford University Press, 1991.

### (इ) पत्रपत्रिका सूची

कोइराला, सरोज, ***समकालीन साहित्य,*** (वर्ष ८, पू. ३२, २०५५, कार्तिक-पुस) ।

क्षेत्री, हर्कबहादुर, ***प्रक्रिया,*** (वर्ष ९,अङ्क १५, २०५२), गान्तोक, सिक्किम ।

धरावासी कृष्ण, ***गरिमा,*** (वर्षः २३, पूर्णाङ्क २७३, २०६२, भदौ) ।

नेपाल, शैलेन्दुप्रकाश, ***उन्नयन,*** (अङ्क ६१, कार्तिक-पुस २०६३) ।

भट्टराई, गोविन्दराज, ***कान्तिपुर,*** (५ गते, २०६०, पुस) ।

बराल, ऋषिराज, ***समकालीन साहित्य,*** (वर्ष ७, पूर्णाङ्क २८, २०५, कार्तिक-पुस) ।

सुवेदी, राजेन्द्र, ***कुञ्जिनी,*** (वर्ष १३, अङ्क १०, २०६२/०६३) ।

**(ई)** शोधकर्ताले लेखकसँग लिएका लिखित जानकारी र अन्तर्वार्ता ।